Scan for PDF

नेपाल उद्योग परिसंघ

# "कानुनमा सुधार, समृद्ध अर्थतन्त्रको आधार"

२०८० पौष

20th ANNIVERSARY

CNI

स्वदेशी
हाम्रो सामान, हाम्रो स्वाभिमान

# "कानुनमा सुधार, समृद्ध अर्थतन्त्रको आधार"

२०८० पौष

लेखक तथा प्रकाशक

**नेपाल उद्योग परिसंघ**

**प्रकाशक**

**नेपाल उद्योग परिसंघ**
ट्रेड टावर, थापाथली, काठमाडौं
फोन नं.: ०१-५१११२४
ईमेलः cni@cnind.org
www.cni.org.np
ISBN: 978-9937-1-5087-3

# कानुन सुधारको आवश्यकता...



नेपाल उद्योग परिसंघले विगत लामो समयदेखि औद्योगिक विकास, लगानीमैत्री वातावरण र रोजगारी सिर्जना गर्न विभिन्न गतिविधि तथा सरकारलाई नीतिगत सुझावहरु दिँदै समग्र आर्थिक विकासका लागि उल्लेख्य भूमिका निर्वाह गर्दै आइरहेको छ । मुलुकको औद्योगिक, आर्थिक तथा सामाजिक विकासका लागि परिसंघले नीति, नियम तथा कानुनी क्षेत्रमा गर्नुपर्ने सुधारका विषयहरूमा समेत अध्ययन अनुसन्धान गरी सरकारलाई रचनात्मक सुझाव दिँदै आइरहेको छ ।

मुलुकको औद्योगिक विकास र उन्नयन, उत्पादनमुलक क्षेत्रको विकास तथा लगानीमैत्री वातावरण विकासमा कानुनी व्यवस्थाको भूमिका अहम् हुन्छ । मुलुकको समग्र आर्थिक विकासका लागि अनूकुल कानुनी व्यवस्था प्रथम शर्त नै भएकाले अर्थतन्त्रसँग सम्बन्धित विद्यमान पुराना एवं असान्दर्भिक कानुनहरूमा सुधार आवश्यक छ । नीतिगत स्थायित्वको अभावलाई रोक्न स्पष्ट कानुनी व्यवस्था गरी आर्थिक संमृद्धिको तीब्र आकांक्षा हासिल गर्न सहजीकरण गर्ने व्यवस्था अनुसरण गर्नुपर्ने आवश्यकताको बोध सबै क्षेत्रले गरेको परिसंघको बुझाई रहेको छ ।

कानुन सुधारको आवश्यकता महसुस गर्ने तर सुधारका लागि पहलकदमी लिन ढिलाई भइरहेको महसुस परिसंघले गरेकाले सरकारलाई तत्तत् कानुन सुधारका लागि सहयोग गर्ने अभिप्रायले हामी यो सुझाव प्रस्तुत गरेका हौं । परिसंघको कानुन सुधार सम्बन्धी पहिलो संस्करण **"आर्थिक समृद्धिका लागि मार्गचित्र"** मार्फत केही उपलब्धि हासिल गर्न सफलता मिलेकोमा नेपाल सरकारलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौं । त्यसैको निरन्तरता तथा मुलुकमा लगानीको वातावरणलाई थप मजबुत वनाउन कानुनी सुधारको यो दोस्रो संस्करण प्रस्तुत गरेका छौ ।

कानुनका विज्ञ, उद्योगी व्यवसायी तथा सरोकारवाला निकाय एवं व्यक्तिहरूसँगको गहन छलफल, विषयविज्ञको राय सुझाव, छिमेकी मुलुक र नेपालको आर्थिक भौगोलिक अवस्थासँग मेल खाने मुलुकहरूको कानुनहरूको अध्ययन तथा अनुसन्धानात्मक अध्ययनको निष्कर्षबाट मुलुकको विद्यमान कानुनी व्यवस्थामा सुधार, खारेज गर्नुपर्ने कानुन र केही नयाँ वनाउनुपर्ने कानुनको आवश्यकता औंल्याएका छौं । यो कार्यका लागि परिसंघले **पाँच सय घण्टाभन्दा बढी श्रम समय लगाएको छ ।**

यस सुझावमार्फत मुलुकको विद्यमान कानुनी व्यवस्थाको सुधारबाट समग्र आर्थिक विकासमा टेवा मिल्ने विश्वास परिसंघले लिएको छ । समग्र आर्थिक विकासलाई टेवा प्रदान गर्न यो सुझावलाई नेपाल सरकारले गम्भीर रूपमा लिइ विद्यमान कानुनमा सुधार एवं नयाँ कानुन ल्याउन विशेष प्राथमिकता दिने विश्वास परिसंघले लिएको छ ।

**राजेशकुमार अग्रवाल**
अध्यक्ष
नेपाल उद्योग परिसंघ

# विषयसूची


**क. खारेज गर्नुपर्ने ऐनहरू** १

१. विदेशमा लगानी गर्न प्रतिवन्ध लगाउने ऐन, २०२१ १
२. क्षतिपूर्ति ऐन, २०१९ १
३. कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ १
४. नेपाल एजेन्सी ऐन, २०१४ १
५. पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ १

**ख. संशोधन गर्नुपर्ने कानुन** २

१. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ २
२. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ ५
३. सार्वजनिक- निजी साझेदारी तथा लगानी ऐन, २०७५ ८
४. सार्वजनिक- निजी साझेदारी तथा लगानी नियमावली, २०७७ ८
५. नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ (दोस्रो संशोधन सहित) ९
६. औद्योगिक व्यवसाय ऐन, २०७६ १०
७. औद्योगिक व्यवसाय नियमावली, २०७८ १२
८. विशेष आर्थिक क्षेत्र ऐन, २०७५ १८
९. राजस्व न्यायाधिकरण ऐन, २०३१ २०
१०. राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण ऐन, २०५२ २१
११. मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा मुल्य अभिवृद्धि कर नियमावली, २०५३ २३
१२. आयकर ऐन, २०५८ २७
१३. कम्पनी ऐन, २०६३ २९
१४. भूमि सम्बन्धी ऐन, २०२१ ३१
१५. जग्गा प्राप्ती ऐन, २०३४ ३२
१६. जग्गा हदवन्दी छुट दिने सम्बन्धी आदेश, २०७८ ३२
१७. श्रम ऐन, २०७४ ३३
१८. श्रम नियमावली, २०७५ ३६
१९. बोनस नियमावली, २०३९ ३६
२०. सार्वजनिक खरिद ऐन, २०६३ ३७
२१. वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ ३८
२२. वन ऐन, २०७६ ४१
२३. वन नियमावली, २०७९ ४२
२४. विद्युत ऐन, २०४९ ४९
२५. संरक्षित क्षेत्रमा पूर्वाधार निर्माण सम्बन्धी कार्यविधि, २०८० ५१
२६. खानी तथा खनिज पदार्थ ऐन, २०४२ ५६
२७. खानी तथा खनिज पदार्थ नियमावली, २०५६ ५८
२८. संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४ ५९

**ग. नयाँ ल्याउनुपर्ने कानुन** ६०

१. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १०क. बमोजिम नेपाल राष्ट्र बैंकको सार्वजनिक सूचना ६०

२. पेटेण्ट डिजाइन र ट्रेडमार्क ऐन ६०

३. भुक्तानी सुरक्षण ऐन

**अनुसूचीहरू** ६९

**अनुसूची १ः** अग्रिम जमानत (Anticipatory Bail) को सम्बन्धमा अन्तराष्ट्रिय अभ्यासको तुलनात्मक अध्ययन र नेपालमा सो सम्बन्धी कानुनी व्यवस्था गर्न परिसंघको पहल ७०

## क. खारेज गर्नुपर्ने ऐनहरू

### १. विदेशमा लगानी गर्न प्रतिवन्ध लगाउने ऐन, २०२१

| क्र.सं. | खारेज गर्नुपर्नेदफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | सम्पूर्ण ऐन | सम्पूर्ण ऐन | विदेशमा लगानी गर्न प्रतिवन्ध लगाउने ऐन, २०२१ खारेज गरिएको । | यस ऐनमा भएको व्यवस्था विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (८औं, संशोधन, २०७२ ) समेतले समेटेकोले दुवै ऐनमा भएको दोहोरो व्यवस्था विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ मा मात्र कायम राख्दा उपयुक्त हुने । |

नेपाली व्यक्ति तथा नेपालमा संस्थापना भएका संगठित संस्थालाई नेपाल बाहिर अन्य देशमा लगानी गर्न प्रोत्साहन गर्नका लागि नेपाल राष्ट्र बैंकले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १०क. अन्तर्गत सूचना जारी गर्ने भनी **भाग-ग (नयाँ ल्याउनुपर्ने कानुन)** मा सिफारिस गरिएको छ ।

### २. क्षतिपूर्ति ऐन, २०१९

| क्र.सं. | खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | सम्पूर्ण ऐन | सम्पूर्ण ऐन | क्षतिपूर्ति ऐन, २०१९ खारेज गरिएको । | यस ऐनमा भएको व्यवस्था जग्गा प्राप्ती ऐन, २०३४ समेतले समेटेकोले दुवै ऐनमा भएको दोहोरो व्यवस्था जग्गा प्राप्ती ऐन, २०३४ मा मात्र कायम राख्दा उपयुक्त हुने । |

### ३. कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२

| क्र.सं. | खारेज गर्नुपर्नेदफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | सम्पूर्ण ऐन | सम्पूर्ण ऐन | कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२ खारेज गरिएको । | यस ऐनमा भएको व्यवस्था उपभोक्ता संरक्षण ऐन, २०७५ समेतले समेटेकोले दुवै ऐनमा भएको दोहोरो व्यवस्था उपभोक्ता संरक्षण ऐन, २०७५ मा मात्र कायम राख्दा उपयुक्त हुने । |

### ४. नेपाल एजेन्सी ऐन, २०१४

| क्र.सं. | खारेज गर्नुपर्नेदफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | सम्पूर्ण ऐन | सम्पूर्ण ऐन | नेपाल एजेन्सी ऐन, २०१४ खारेज गरिएको । | यस ऐनले नियमन गर्ने एजेन्सी सम्बन्धी व्यवस्था मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद १० (दफा ५९१- दफा ६०१) ले विस्तृत रुपमा विश्लेषण गरेको अवस्था भएकोले नेपाल एजेन्सी ऐन, २०१४ को आवश्यकता नभएको देखिएको । |

### ५. पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२

| क्र.सं. | खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | सम्पूर्ण ऐन | सम्पूर्ण ऐन | पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ खारेज गरिएको । | प्रचलित ऐन धेरै पुरानो भएको र सो ऐनमा परिमार्जित र विस्तृत प्रावधानहरूको अभाव भएको र व्यावहारिक रूपमा औद्योगिक सम्पत्तिको संरक्षणमा धेरै कमजोरीहरू देखिएकोले यस ऐनलाई खारेज गरी नयाँ ऐन प्रस्तावित गर्न आवश्यक देखिएको। |

पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ लाई प्रतिस्थापन गर्ने हेतुले बौद्धिक सम्पत्ति सम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न वनेको विधेयक, २०७६ ("बौद्धिक सम्पत्ति विधेयक") शीर्षकको विधेयक समेत प्रस्ताव गरिएको छ। सो विधेयकमा केही कमीहरू अझै पनि छन् । प्रचलित पेटेण्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ खारेज गरी नयाँ बौद्धिक सम्पत्ति विधेयक २०७६ मा गर्नुपर्ने संशोधनहरु **भाग-ग (नयाँ ल्याउनुपर्ने कानुन)** मा सिफारिस गरिएको छ ।

# ख. संशोधन गर्नुपर्ने कानुन

## १. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | **दफा २ (ग)** | **२. परिभाषाः**<br>(ग) "गैर आवासीय नेपाली" भन्नाले गैर आवासीय नेपाली सम्बधीत प्रचलित कानुन बमोजिम गैर आवासीय नेपाली परिचयपत्र प्राप्त व्यक्ति सम्झनुपर्छ। | **२. परिभाषाः**<br>(ग) "गैर आवासीय नेपाली" भन्नाले गैर आवासिय नेपाली सम्बन्धी ऐन २०६४ को दफा २(क) ले परिभाषित गरे बमोजिम नेपाली मूलको विदेशी नागरिक र सो शब्दले विदेशमा बस्ने नेपाली नागरिक सम्झनुपर्छ । विदेशी कानुन बमोजिम त्यहाँ बसोबास गरेको कागजात भएका गैर आवासीय नेपाली समेतलाई जनाउँदछ । | हाल गैर आवासीय नेपालीहरुले नेपालमा लगानी गर्दा एन.आर.एन कार्ड नेपाल सरकारले जारी गर्ने गैर आवासीय नेपाली परिचयपत्र प्राप्त गर्ने व्यवस्था सबै मूलुक मार्फत प्राप्त गर्न सहजता नभएकाले तथा प्रशासनिक झन्झट समेत निम्त्याउने भएकाले । |
| २. | **दफा २ (च)** | **२. परिभाषाः**<br>(च) "प्रविधिहस्तान्तरण" भन्नाले उद्योग र विदेशी लगानी कर्तावीच देहायको कुराको सम्वन्धमा सम्झौता गरी गरिने प्रविधिको हस्तान्तरण सम्झनुपर्छः<br>(१) पेटेण्ट, डिजाइन, ट्रेडमार्क, व्यापारिक ख्याति (गुडवील), प्राविधिक विशिष्टता, सुत्र (फर्मुला), प्रक्रिया,<br>(२) उपयोगको इजाजत (युजर्स लाइसेन्स), प्राविधिक जानकारी प्रदान (नो हाउ शेयरिङ्ग) वा प्राविधिक ज्ञानको प्रयोग (फ्रेन्चाइज),<br>(३) वैदेशिक प्राविधिक सल्लाहकार, व्यवस्थापन तथा बजार सेवा उपलब्ध गराउने वा अन्य प्राविधिक सीप वा ज्ञान। | **२. परिभाषाः**<br>(च) "प्रविधिहस्तान्तरण" भन्नाले उद्योग र विदेशी लगानी कर्तावीच देहायको कुराको सम्वन्धमा सम्झौता गरी गरिने प्रविधिको हस्तान्तरण सम्झनुपर्छः<br>(१) पेटेण्ट, डिजाइन, ट्रेडमार्क, व्यापारिक ख्याति (गुडवील), प्राविधिक विशिष्टता, सुत्र (फर्मुला), प्रक्रिया,<br>(२) उपयोगको इजाजत (युजर्स लाइसेन्स), प्राविधिक जानकारी प्रदान (नो हाउ शेयरिङ्ग) वा प्राविधिक ज्ञानको प्रयोग (फ्रेन्चाइज)।<br>(३) हटाइएको। | प्रचलित कानुनमा प्रविधि हस्तान्तरण तथा सेवा सम्झौता बीचमा भिन्नता नगरिएको साथै पक्षहरु विचमा हुने सेवा सम्झौता प्रविधि हस्तान्तरण भित्र नपर्ने भएकोले। |
| ३. | **दफा १२** | **१२. विदेशी वित्तीय संस्थाबाट ऋण लिन सक्नेः**<br>विदेशी लगानी भएको कुनै उद्योगले प्रचलित नेपाल कानुन बमोजिम मन्त्रालयको सिफारिश र नेपाल राष्ट्र बैंकको स्वीकृतिमा विदेशी वित्तीय संस्थाबाट परियोजना ऋण (प्रोजेक्ट लोन) वा परियोजना लगानी (प्रोजेक्ट फाइनान्सिङ्ग) सम्झौता गरी ऋण लिन सक्नेछ । | **१२.विदेशी वित्तीय संस्थाबाट ऋण लिन सक्नेः**<br>विदेशी लगानी भएको कुनै उद्योगले **नेपाल राष्ट्र बैंकको स्वीकृतिमा** विदेशी वित्तीय संस्थाबाट परियोजना ऋण (प्रोजेक्ट लोन) वा परियोजना लगानी (प्रोजेक्ट फाइनान्सिङ्ग) सम्झौता गरी ऋण लिन सक्नेछ । | नेपाल राष्ट्र बैंकको स्वीकृतिको आधारमा विदेशी वित्तीय संस्थाबाट परियोजना ऋण प्रोजेक्ट लोन वा प्रोजेक्ट फाइनान्सिङ्ग सम्झौता गरी ऋण लिन मिल्ने व्यवस्था वनाउन उपयुक्त भएकोले । |

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ४. | **दफा २० (२)(घ)** | **२०. लगानी तथा आर्जित रकम फिर्ता लैजान पाउने:**<br>(२) विदेशी लगानीकर्ताले जुन विदेशी मुद्रामा लगानी गरेको हो सोही विदेशी मुद्रामा वा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई अन्य परिवर्तनीय विदेशी मुद्रामा प्रचलित कानुन बमोजिमको कर सम्बन्धी दायित्व पूरा गरी देहाय बमोजिमको रकम फिर्ता लैजान पाउनेछ:-<br>(घ) प्रविधि हस्तान्तरण सम्झौता अन्तर्गत प्राप्त लाभ (रोयल्टी) बापतको रकम,<br>तर शतप्रतिशत मदिरा निकासी गर्ने मदिराजन्य उद्योग बाहेक अन्य मदिराजन्य उद्योगमा हुने प्रविधि हस्तान्तरण अन्तर्गतको ट्रेडमार्क उपयोग हुने बापतको रोयल्टी वा शुल्कको हकमा त्यस्तो लाभ बापतको रकम प्रचलित कर बाहेकको कुल बिक्री मूल्यको तोकिए बमोजिमको पाँच प्रतिशतभन्दा बढी हुने छैन । | **२०. लगानी तथा आर्जित रकम फिर्ता लैजान पाउने:**<br>(२) विदेशी लगानीकर्ताले जुन विदेशी मुद्रामा लगानी गरेको हो सोही विदेशी मुद्रामा वा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई अन्य परिवर्तनीय विदेशी मुद्रामा प्रचलित कानुन बमोजिमको कर सम्बन्धी दायित्व पूरा गरी देहाय बमोजिमको रकम फिर्ता लैजान पाउनेछ:-<br>(घ) प्रविधि हस्तान्तरण सम्झौता अन्तर्गत प्राप्त लाभ (रोयल्टी) बापतको रकम, स्विकृति दिने निकायले स्वीकृत गरेको प्रविधि हस्तान्तरण सम्झौतामा तोकिए बमोजिम हुनुपर्नेछ ।<br>**प्रतिवनधात्कम वाक्यांश हटाइएको ।** | रोयल्टी वा शुल्क बापतको रकम उपर भएको सीमा हटाउन वाञ्छनिय भएकोले । |
| ५. | **दफा २४(२)** | **२४. उद्योगले प्राप्त गर्ने सुविधा:**<br>(१) विदेशी लगानी भएका उद्योगलाई यस ऐन बमोजिमका छुट, सुविधा, सहुलियत वा संरक्षणको अतिरिक्त प्रचलित औद्योगिक व्यवसाय ऐन र अन्य प्रचलित कानुन बमोजिम उपलब्ध हुने छुट, सुविधा वा सहुलियत समेत प्रदान गरिनेछ ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी लगानी भएका उद्योगलाई प्रचलित कानुन बमोजिम रुग्ण उद्योगले पाउने सुविधा उपलब्ध हुनेछैन । | **२४. उद्योगले प्राप्त गर्ने सुविधा:**<br>**दफा २४ (२) को व्यवस्था हटाइएको ।** | विदेशी लगानी भएका उद्योगलाई प्रचलित कानुन बमोजिम रुग्ण उद्योगले पाउने सुविधा उपलब्ध गर्नुपर्ने भएकाले । |
| ६. | **दफा २६(१)** | **२६. विदेशी मुद्राको सुविधा:**<br>(१) विदेशी लगानी भएका उद्योगले विदेशी लगानी स्वीकृत गर्ने निकायको **सिफारिसमा** नेपाल राष्ट्र बैंकको स्वीकृति लिई देहायको प्रयोजनका लागि आवश्यक पर्ने रकमको लागि विदेशी मुद्राको सुविधा प्राप्त गर्न सक्नेछ:-<br>(क) दफा २७ बमोजिम उद्योगमा काम लगाइएका विदेशी विशेषज्ञ, प्राविधिक वा व्यवस्थापकीय कर्मचारीले पाउने पारिश्रमिक भुक्तानी गर्न,<br>(ख) दफा ११ को उपदफा (१) **बमोजिम** जारी भएको ऋणपत्र वा डिवेञ्चरको सावाँ वा ब्याज भुक्तानी गर्न,<br>(ग) दफा २० बमोजिम विदेशी लगानी वा आर्जित रकम फिर्ता लैजान । | **२६. विदेशी मुद्राको सुविधा:**<br>(१) विदेशी लगानी भएका उद्योगले विदेशी लगानी स्वीकृत गर्ने निकायको **सिफारिसमा नेपाल राष्ट्र बैंकबाट देहायको प्रयोजनका लागि आवश्यक पर्ने रकमको लागि विदेशी मुद्राको सुविधा प्राप्त गर्न सक्नेछ:-**<br>(क) दफा २७ बमोजिम उद्योगमा काम **लगाइएका** विदेशी विशेषज्ञ, प्राविधिक वा व्यवस्थापकीय कर्मचारीले पाउने पारिश्रमिक भुक्तानी गर्न,<br>(ख) दफा ११ को उपदफा (१) बमोजिम जारी भएको ऋणपत्र वा डिवेञ्चरको सावाँ वा ब्याज भुक्तानी गर्न,<br>(ग) दफा २० बमोजिम विदेशी लगानी वा **आर्जित** रकम फिर्ता लैजान । | विदेशी लगानी वा त्यसबाट आर्जित रकम फिर्ता लैजानको लागि विदेशी लगानी स्वीकृत गर्ने निकाय तथा नेपाल राष्ट्र बैंकबाट दोहोरो स्वीकृती लिन पर्ने व्यवस्थालाई हटाउन वाञ्छनिय भएकोले । |

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ७. | **दफा ४५** | **४५. करार गरी उत्पादन गर्न सकिने:**<br>(१) विदेशी लगानी भएका उद्योगले त्यस्तो उद्योगको उत्पादनको मुख्य उत्पादन **बाहेक** आफ्नो उत्पादनको कुनै भाग वा उद्योगलाई आवश्यक पर्ने सहायक वस्तु वा सेवा अन्य उद्योगसँग करार गरी उत्पादन गर्न सक्नेछ ।<br>(२) करार गरी उत्पादन गर्न सकिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | **४५. करार गरी उत्पादन गर्न सकिने:**<br>(१) विदेशी लगानी भएका उद्योगले त्यस्तो उद्योगको उत्पादनको मुख्य उत्पादन तथा आफ्नो उत्पादनको कुनै भाग वा उद्योगलाई आवश्यक पर्ने सहायक वस्तु वा सेवा अन्य उद्योगसँग करार गरी उत्पादन गर्न सक्नेछ ।<br>(२) करार गरी उत्पादन गर्न सकिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | विदेशी लगानी भएका उद्योगलाई उत्पादन गर्न चाहिने आवश्यक भाग, सहायक वस्तु वा सेवा अन्य उद्योग मार्फत प्राप्त गर्दा सहज हुने भएकोले । |
| ८. | **दफा ४८(२)** | **४८. प्रदेशमा दर्ता भएको उद्योगमा विदेशी लगानी:**<br>(२) उपदफा (१) बमोजिम स्वीकृति लिंदा अन्य कुराको अतिरिक्त प्रदेशमा उद्योग दर्ता भएको प्रमाणपत्र र उद्योग सम्बन्धी विषय हेर्ने सम्बन्धी **प्रदेश मन्त्रालयको सिफारिस पेश** गर्नुपर्नेछ । | **४८. प्रदेशमा दर्ता भएको उद्योगमा विदेशी लगानी:**<br>(२) उपदफा (१) बमोजिम स्वीकृति लिंदा अन्य कुराको अतिरिक्त प्रदेशमा उद्योग दर्ता भएको प्रमाणपत्र **पेश गर्नुपर्नेछ ।** | सम्बन्धित प्रदेश मन्त्रालयको सिफारिस प्राप्त गरी पेश गर्न अत्यधिक समय लाग्ने र यस प्रक्रियाले विदेशी लगानी स्वीकृति प्राप्त गर्न ऐनले तोकेको समयावधि भित्र प्राप्त गर्न नसक्ने भएकाले । |
| ९. | **अनुसूची** | **अनुसूची**<br>**(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)**<br>**विदेशी लगानी खुला नगरिएका उद्योग वा व्यवसाय**<br>**१. आफुले उत्पादन गरी कम्तिमा पचहत्तर प्रतिशत निकासी गर्ने** पशुपन्छी पालन, माछापालन, मौरीपालन, फलफूल, तरकारी, तेलहन, दलहन, दुग्ध व्यवसाय र कृषिका प्राथमिक उत्पादनसंग सम्बन्धित **ठूला उद्योग बाहेकका** सो क्षेत्रका अन्य उद्योग वा व्यवसाय, | **अनुसूची**<br>**(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)**<br>**विदेशी लगानी खुला नगरिएका उद्योग वा व्यवसाय**<br>१. **आफुले उत्पादन गरी कम्तिमा पचहत्तर प्रतिशत निकासी गर्ने** पशुपन्छी पालन, माछापालन, मौरीपालन, फलफूल, तरकारी, तेलहन, दलहन, दुग्ध व्यवसाय र कृषिका प्राथमिक उत्पादनसंग सम्बन्धित **क्षेत्रका अन्य उद्योग वा व्यवसाय,** | कृषिको उत्पादनमा आयात प्रतिस्थापन गर्दै आत्मनिर्भर हुनको लागि । |

## २. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | **नियम ५** | **५. रोयल्टी रकम वा अन्य शुल्कको सीमा:**<br>(१) प्रविधि हस्तान्तरण सम्बन्धी सम्झौतामा विदेशी लगानीकर्ताले फिर्ता लैजान पाउने रोयल्टी बापतको रकम र अन्य शुल्क अनुसूची–१ मा उल्लेख भएको सीमाभन्दा बढी हुने गरी व्यवस्था गर्न सकिने छैन ।<br>(२) कुनै उद्योगले प्रविधि हस्तान्तरण अन्तर्गत विदेशी लगानीकर्तासँग एक वा सो भन्दा बढी प्रविधि हस्तान्तरण सम्झौता गरेको भए तापनि एक आर्थिक वर्षमा फिर्ता लैजान पाउने कुल रोयल्टी रकम वा अन्य शुल्क अनुसूची–१ को क्रम संख्या (१) मा उल्लेख भए भन्दा बढी हुने छैन ।<br>(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उद्योग सञ्चालनको तयारीको लागि भएको प्रविधि हस्तान्तरण सम्झौताको रोयल्टी रकम वा अन्य शुल्कको हकमा दुई पक्ष बीच भएको सम्झौता बमोजिम हुनेछ । | **५. रोयल्टी रकम वा अन्य शुल्कको सीमा:**<br><br>**नियम ५ हटाइएको ।** | **विदेशी**<br>विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा २० (घ) ले शतप्रतिशत मदिरा निकासी गर्ने मदिराजन्य उद्योग बाहेक अन्य मदिराजन्य उद्योगमा हुने प्रविधि हस्तान्तरण अन्तर्गतको ट्रेडमार्क उपयोग हुने बापतको रोयल्टी वा शुल्कको हकमा त्यस्तो लाभ बापतको रकम प्रचलित कर बाहेकको कुल बिक्री मूल्यको तोकिए बमोजिमको पाँच प्रतिशतभन्दा बढी हुने छैन भनी मात्रै प्रावधान गरेकोमा, यस प्रावधानसँग बाझिने गरी विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमको नियम ५ तथा सो अन्तर्गतको अनुसूची १ ले सबै किसिमको वस्तु तथा सेवामा हुने प्रविधि हस्तान्तरण बापतको रोयल्टी तथा शुल्कको सीमा तोकेकोले । |
| २. | **नियम १०(१)** | **१०. शेयर बिक्री वा हक हस्तान्तरणको जानकारी गराउनु पर्ने:**<br>(१) ऐनको दफा १९ को उपदफा (१) बमोजिम कुनै कम्पनीले विदेशी लगानीबाट नेपालमा सिर्जित सम्पत्ति, जायजेथा वा शेयर वा अन्य कुनै प्रकारको वित्तीय उपकरणको बिक्री, हक हस्तान्तरण वा अन्य कुनै प्रकारले स्वामित्व वा निहित स्वामित्वको संरचनामा परिवर्तन भएमा सम्बन्धित कम्पनीले कारोबार भएको तीस दिन भित्र विदेशी लगानी स्वीकृत गर्ने निकायमा विवरणको अभिलेखन गराउन देहाय बमोजिमका विवरण तथा कागजात सहित निवेदन दिनु पर्नेछ:-<br>(क) कम्पनीको सम्पत्ति वा जायजेथा वा शेयर खरिद बिक्री सम्बन्धी सम्झौताको प्रतिलिपि र सो बमोजिम कारोबार गरेको देखिने प्रमाणित कागजात,<br>(ख) लेखापरीक्षकबाट प्रमाणित कम्पनीको प्रति शेयर मूल्य खुलेको कागजात र लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,<br>(ग) कम्पनीको शेयर खरिद बिक्री वा हक हस्तान्तरणबाट प्राप्त लगानी फिर्ता लैजाने भए सोको कार्यतालिका,<br>(घ) कम्पनीले प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई तिर्नु पर्ने कर दायित्व चुक्ता गरेको प्रमाण,<br>(ङ) नेपालस्थित त्यस्तो कम्पनीको अद्यावधिक शेयर लगत ।<br>(२) उपनियम (१) बमोजिमको निवेदन साथ संलग्न विवरण तथा कागजात प्राप्त भएपछि विदेशी लगानी स्वीकृत गर्ने निकायले निर्धारित ढाँचामा सोको अभिलेख राख्नु पर्नेछ । | **१०. शेयर बिक्री वा हक हस्तान्तरणको जानकारी गराउनु पर्ने:**<br><br>**दफा हटाइएको** | दफा १९ को प्रस्तावित संशोधन बमोजिम सो व्यवस्था सरल बनाउन यस नियमावलीमा अन्य व्यवस्था थप गर्न आवश्यक नरहेकोले यस दफा हटाइएको । |

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ३. | **नियम ११** | **११. लगानी तथा आर्जित रकम फिर्ता लैजान पाउने:**<br>ऐनको दफा २० बमोजिम कुनै विदेशी लगानीकर्ताले आफूले गरेको विदेशी लगानी वा त्यसबाट आर्जित रकम फिर्ता लैजान चाहेमा देहायका विवरण तथा कागजात सहित अनुसूची–४ बमोजिमको ढाँचामा विदेशी लगानी स्वीकृत गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछः-<br>(क) विदेशी लगानीकर्ताले गरेको लगानी वा सो लगानीबाट आर्जित रकम फिर्ता लैजाने सम्बन्धमा सम्बन्धित कम्पनीको **साधारणसभा** र सञ्चालक समितिको निर्णय,<br>(ख) कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रमाणित अद्यावधिक शेयर लगत र सञ्चालक लगत,<br>(ग) कम्पनीको अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन र कर चुक्ताको प्रमाणपत्र,<br>(घ) सम्बन्धित लगानीकर्ताले प्रचलित कानुन बमोजिम लगानी भित्र्याएको प्रमाण,<br>(ङ) विदेशी लगानीको शेयर बिक्री बापतको रकम भए शेयर बिक्री भएको स्वीकृति पत्र र स्वीकृत शेयर खरिद बिक्री सम्झौताको प्रतिलिपि,<br>(च) विदेशी लगानीबाट प्राप्त मुनाफा वा लाभांश बापतको रकम, सोको वितरण सम्बन्धमा कम्पनीको साधारण सभाको निर्णय, प्रचलित कानुन बमोजिम बोनस वितरण गरेको प्रमाण र सोही आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,<br>(छ) लिज लगानी अन्तर्गत लिज सम्झौता बापत भुक्तानी गर्नुपर्ने भएमा सो सम्बन्धी कागजात,<br>(ज) नेपालमा चलेको मुद्दा, मध्यस्थता वा अन्य कुनै कानुनी प्रक्रिया बमोजिम अन्तिम निर्णय भई भुक्तानी गर्नुपर्ने हर्जाना वा क्षतिपूर्ति बापतको रकम भए सो सम्बन्धी कागजात,<br>(झ) रोयल्टी बापतको रकम भए सोसँग सम्बन्धित कागजात,<br>(ञ) नियम १० बमोजिम नेपालमा आर्जित सम्पत्तिको बिक्री वा हक हस्तान्तरण गरेको विवरणको अभिलेख भएको प्रमाण,<br>(ट) विदेशी लगानी स्वीकृत गर्ने निकायले माग गरेका अन्य आवश्यक कागजात । | **११. लगानी तथा आर्जित रकम फिर्ता लैजान पाउने:**<br>(१) ऐनको दफा २० बमोजिम कुनै विदेशी लगानीकर्ताले आफूले गरेको विदेशी लगानी वा त्यसबाट आर्जित रकम फिर्ता लैजान चाहेमा **सम्बन्धित लगानीकर्ताले प्रचलित कानुन बमोजिम लगानी भित्र्याएको प्रमाण सहित** अनुसूची–४ बमोजिमको ढाँचामा विदेशी लगानी स्वीकृत गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछ ।<br>(२) विदेशी लगानी वा त्यसबाट आर्जित रकम फिर्ता लैजान चाहने सम्बन्धित लगानीकर्ताले उपनियम (१) मा उल्लेख गरिएका कागजातहरुको अतिरिक्त निम्न बमोजिमका कागजातहरु समेत विदेशी लगानी स्वीकृत गर्ने निकाय समक्ष पेश गर्नुपर्नेछः-<br>(क) विदेशी लगानीकर्ताले गरेको लगानी वा सो लगानीबाट प्राप्त मुनाफा, आर्जित रकम वा लाभांश फिर्ता लैजाने हकमा सम्बन्धित कम्पनीको **साधारण सभाको** निर्णय ।<br>**(ख) विदेशी लगानीको शेयर बिक्री बापतको रकम भए शेयर बिक्री स्वीकृति पत्र ।**<br>**तर सूचिकृत कम्पनीको शेयर विक्रि वापतको रकम फिर्ता लैजाने भए विदेशी लगानी स्वीकृत गर्ने निकायको पुर्व स्वीकृति पत्रको आधारमा धितोपत्र बजारबाट शेयर बिक्री र हस्तान्तरण गरी प्रचलित धितोपत्र सम्बन्धित कानुन बमोजिम प्रचलित बजार मुल्य अनुसार सो रकम फिर्ता लैजान सक्नेछ ।**<br>**(ग) रोयल्टी बापतको रकम भए प्रविधि हस्तान्तरणको स्वीकृत सम्झौता तथा स्वीकृति पत्र,**<br>(घ) लिज लगानी बापतको रकम भए लिज सम्झौताको स्वीकृति पत्र,<br>(ङ) नेपालमा चलेको मुद्दा, मध्यस्थता वा अन्य कुनै कानुनी प्रक्रिया बमोजिम अन्तिम निर्णय भई भुक्तानी गर्नुपर्ने हर्जाना वा क्षतिपूर्ति बापतको रकम भए सो सम्बन्धी कागजात । | विदेशी लगानी वा त्यसबाट आर्जित रकम फिर्ता लैजाने प्रक्रिया सहज वनाउन वाञ्छनिय भएकोले । |

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ४. | नियम २४(१) | **२४. प्रदेशमा दर्ता भएका उद्योगमा विदेशी लगानीः**<br>(१) प्रचलित सङ्घीय वा प्रदेश कानुन बमोजिम प्रदेशमा दर्ता भएको उद्योगले विदेशी लगानीको लागि स्वीकृति लिन चाहेमा त्यस्तो उद्योगको दर्ता प्रमाणपत्र, विदेशी लगानी स्वीकृतिको लागि प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको सिफारिसपत्र र नियम ८ मा उल्लिखित विवरण तथा कागजात सहित विभाग समक्ष निवेदन दिनु पर्नेछ। | **२४. प्रदेशमा दर्ता भएका उद्योगमा विदेशी लगानीः**<br>(१) प्रचलित सङ्घीय वा प्रदेश कानुन बमोजिम प्रदेशमा दर्ता भएको उद्योगले विदेशी लगानीको लागि स्वीकृति लिन चाहेमा त्यस्तो उद्योगको दर्ता प्रमाणपत्र र नियम ८ मा उल्लिखित विवरण तथा कागजात सहित विभाग समक्ष निवेदन दिनु पर्नेछ। | सम्बन्धित प्रदेश मन्त्रालयको सिफारिस प्राप्त गरी पेश गर्न अत्यधिक समय लाग्ने र यस प्रक्रियाले विदेशी लगानी स्वीकृति प्राप्त गर्न ऐनले तोकेको समयावधि भित्र प्राप्त गर्न नसक्ने भएकाले । |
| ५. | **अनुसूची–१** | **अनुसूची–१**<br>**(नियम ५ को उपनियम (१) र (२) सँग सम्बन्धित) फिर्ता लैजान पाउने रोयल्टी रकम वा अन्य शुल्कको सीमा**<br>**१. उद्योगको लागि सबै किसिमका प्रविधि हस्तान्तरण वापतको रोयल्टी रकम वा अन्य शुल्कको सीमा**<br>(तालिका तल) | **अनुसूची–१ हटाइएको ।** | विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ को दफा २० (घ) सँग बाझिएकोले र रोयल्टी वा शुल्क बापतको रकम उपर भएको सीमा हटाउन वाञ्छनिय भएकोले । |

| रोयल्टी | नेपालभित्र बिक्री भएको परिमाणको हकमा | विदेश निकासी भएको परिमाणको हकमा |
|---|---|---|
| १. एकमुष्ट रकममा भएमा वा कुल बिक्री मूल्यमा भएमा | कर बाहेकको कुल बिक्री मूल्यको पाँच प्रतिशतसम्म | कर बाहेकको कुल बिक्री मूल्यको दश प्रतिशतसम्म |
| २. रोयल्टी खुद मुनाफामा भएमा | खुद मुनाफाको पन्ध्र प्रतिशतसम्म | खुद मुनाफाको बीस प्रतिशतसम्म |

**२. ट्रेडमार्क मात्र उपयोग गरे बापतको रोयल्टी रकम वा अन्य शुल्कको सीमा**

| रोयल्टी | नेपालभित्र बिक्री भएको परिमाणको हकमा |
|---|---|
| १. नेपालभित्र बिक्री भएको परिमाणको हकमा | विदेश निकासी भएको परिमाणको हकमा |
| २. मदिराजन्य र सूर्तीजन्य उद्योगको हकमा कर बाहेकको कुल बिक्री मूल्यको दुई प्रतिशतसम्म | मदिराजन्य र सूर्तीजन्य उद्योगको हकमा कर बाहेकको कुल बिक्री मूल्यको पाँच प्रतिशतसम्म |
| ३. अन्य उद्योगको हकमा कर बाहेकको कुल बिक्री मूल्यको तीन प्रतिशतसम्म | अन्य उद्योगको हकमा कर बाहेकको कुल बिक्री मूल्यको छ प्रतिशतसम्म |

## ३. सार्वजनिक- निजी साझेदारी तथा लगानी ऐन, २०७५

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | दफा ३ | **३. लगानी स्वीकृति:** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि छ अर्ब रुपैयाँ वा सोभन्दा बढी लागत अनुमान भएका परियोजनाको लगानी स्वीकृति बोर्डबाट हुनेछ । | **३. लगानी स्वीकृति:** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि **जलविद्युत बाहेक** छ अर्ब रुपैयाँ वा सोभन्दा बढी लागत अनुमान भएका **सबै** परियोजनाको लगानी स्वीकृति बोर्डबाट हुनेछ । | उद्योग विभाग र लगानी बोर्डबीच विदेशी लगानी स्वीकृत गर्ने अधिकार सम्बन्धी रहेको अस्पष्टता हटाउनको लागि । |

## ४. सार्वजनिक- निजी साझेदारी तथा लगानी नियमावली, २०७७

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | नियम ३१(१) | **३१. लगानी स्वीकृति सम्बन्धी व्यवस्था:** (१) ऐनको दफा ३ बमोजिम कुनै परियोजनामा लगानी गर्न इच्छुक लगानीकर्ताले लगानी स्वीकृतिका लागि बोर्ड समक्ष अनुसूची ७ बमोजिमको ढाँचामा नेपाली वा अंग्रेजी भाषामा निवेदन दिनुपर्नेछ । | **३१. लगानी स्वीकृति सम्बन्धी व्यवस्था:** (१) ऐनको दफा ३ बमोजिम कुनै परियोजनामा लगानी गर्न इच्छुक लगानीकर्ताले लगानी स्वीकृतिका लागि बोर्ड समक्ष अनुसूची ७ बमोजिमको नेपाली वा अंग्रेजी भाषामा निवेदन दिनुपर्नेछ । **तर दुई सय मेगावाट क्षमताभन्दा कमको जलविद्युत उर्जा परियोजनाको हकमा लगानी स्वीकृतिका लागि यो व्यवस्था लागु हुने छैन ।** | वास्तवमा २०० मेगावाट क्षमताभन्दा मुनिका जलविद्युत लगायतका उर्जा परियोजनाका आयोजना लागत छ अर्ब रुपैयाँ भन्दा बढी हुने गरेको छ र लगानी बोर्डले त्यस्ता परियोजना समेतलाई सार्वजनिक निजी साझेदारी तथा लगानी नियमावली, २०७७ अन्तर्गतको नियम ३१ बमोजिम लगानी अनुमति प्राप्त गर्न बाध्य वनाएको अवस्था छ । २०० मेगावाट क्षमताभन्दा मुनिका उर्जा परियोजनालाई विद्युत विभाग तथा उद्योग विभागले मात्र नियमन गरेमा लगानीकर्तालाई सहज हुनेछ र लगानी बोर्डको अस्पष्ट क्षेत्राधिकारबाट छुट्कारा हुनेछ । |
| २. | नियम ४०(२) | **४०. अनुमतिपत्रको अवधि निर्धारणका आधार:** (२) उपनियम (१) बमोजिम दिइने अनुमतिपत्रको अवधि **तीस वर्ष** भन्दा बढी नहुने गरी सम्झौतामा लेखिए बमोजिम हुनेछ । | **४०. अनुमतिपत्रको अवधि निर्धारणका आधार:** (२) उपनियम (१) बमोजिम दिइने अनुमतिपत्रको अवधि तीस वर्ष भन्दा बढी नहुने गरी सम्झौतामा लेखिए बमोजिम हुनेछ । **तर जलविद्युत उर्जा परियोजनाको हकमा अनुमतिपत्रको अवधि कम्तीमा पैंतीस वर्ष हुने गरी सम्झौतामा लेखिए बमोजिम हुनेछ ।** | व्यवहारमा विद्युत विभागले जलविद्युत उर्जा परियोजनाहरुलाई पैंतीस वर्ष अवधी रहेको उत्पादन अनुमतिपत्र दिने गरेको छ । लगानी बोर्डले तीस वर्षको अनुमतिपत्र दिएमा सो कार्य औद्योगिक प्रयाक्टिस सँग वेसंगत हुनेछ । |

## ५. नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ (दोस्रो संशोधन सहित)

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | **विनियम ६(१)** | **६. विदेशी लगानी तथा आर्जित रकम फिर्ता लैजान विदेशी मुद्राको सटही स्वीकृतिः**<br>(१) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा २० तथा दफा २६ का व्यवस्थाहरू बमोजिम देहायका विदेशी लगानी तथा आर्जित रकम फिर्ता लैजान विदेशी मुद्राको सटही सुविधाका लागि राष्ट्र बैंकबाट स्वीकृति प्रदान गरिने छः-<br>(क) विदेशी लगानीको शेयर बिक्रीबाट प्राप्त रकम,<br>(ख) विदेशी लगानीबाट प्राप्त मुनाफा वा लाभांश बापतको रकम,<br>(ग) उद्योग वा कम्पनी खारेजी वा लिक्विडेसनमा गएकोमा खारेजी वा लिक्विडेसन पश्चात सम्पूर्ण दायित्व चुक्ता गरी बाँकी रहन आउने रकम,<br>(घ) प्रविधि हस्तान्तरण सम्झौता अन्तर्गत प्राप्त लाभ (रोयल्टी बापतको रकम), तर, शतप्रतिशत मदिरा निकासी गर्ने मदिराजन्य उद्योग बाहेक अन्य मदिराजन्य उद्योगमा हुने प्रविधि हस्तान्तरण अन्तर्गतको ट्रेडमार्क उपभोग हुने बापतको रोयल्टी वा शुल्कको हकमा त्यस्तो लाभ बापतको रकम विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ बमोजिम हुनेछ ।<br>(ङ) लिज लगानी अन्तर्गत लिज भाडा (लिज रेन्ट) रकम,<br>(च) नेपालमा चलेको मुद्दा, मध्यस्थता वा अन्य कुनै कानुनी प्रक्रियाको अन्तिम व्यवस्थापनबाट प्राप्त गरेको कुनै हर्जाना वा क्षतिपूर्ति वापतको रकम,<br>(छ) प्रचलित कानुनबमोजिम फिर्ता लैजान पाउने रकम । | **६. विदेशी लगानी तथा आर्जित रकम फिर्ता लैजान विदेशी मुद्राको सटही स्वीकृतिः**<br>(१) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा २० तथा दफा २६ का व्यवस्थाहरू बमोजिम देहायका विदेशी लगानी तथा आर्जित रकम फिर्ता लैजान विदेशी मुद्राको सटही सुविधाका लागि राष्ट्र बैंकबाट स्वीकृति प्रदान गरिने छः-<br>(क) विदेशी लगानीको शेयर बिक्रीबाट प्राप्त रकम,<br>(ख) विदेशी लगानीबाट प्राप्त मुनाफा वा लाभांश बापतको रकम,<br>(ग) उद्योग वा कम्पनी खारेजी वा लिक्विडेसनमा गएकोमा खारेजी वा लिक्विडेसन पश्चात सम्पूर्ण दायित्व चुक्ता गरी बाँकी रहन आउने रकम,<br>(घ) प्रविधि हस्तान्तरण सम्झौता अन्तर्गत प्राप्त लाभ (रोयल्टी बापतको रकम),<br>**प्रतिवनधात्मक वाक्यांश हटाइएको ।**<br>(ङ) लिज लगानी अन्तर्गत लिज भाडा (लिज रेन्ट) रकम,<br>(च) नेपालमा चलेको मुद्दा, मध्यस्थता वा अन्य कुनै कानुनी प्रक्रियाको अन्तिम व्यवस्थापनबाट प्राप्त गरेको कुनै हर्जाना वा क्षतिपूर्ति वापतको रकम,<br>(छ) प्रचलित कानुनबमोजिम फिर्ता लैजान पाउने रकम । | रोयल्टी वा शुल्क बापतको रकम उपर भएको सीमा हटाउन वाञ्छनिय भएकोले । |
| २. | **विनियम ६(३)** | **६. विदेशी लगानी तथा आर्जित रकम फिर्ता लैजान विदेशी मुद्राको सटही स्वीकृतिः**<br>(३) विदेशी लगानी तथा आर्जित रकम फिर्ता लैजाने सटही सुविधा प्रदान गर्दा विदेशी लगानी स्वीकृत गर्ने निकाय वा सम्बन्धित निकायको स्वीकृति र सिफारिसको आधारमा गरिनेछ ।<br>तर, विदेशी लगानी स्वीकृत गर्ने निकाय वा सम्बन्धित निकायको स्वीकृति / सिफारिस उपलब्ध नहुने प्रकृतिको कारोबार वा शाखा कार्यालयहरूमार्फत हुने कारोबारसँग सम्बन्धित सटही सुविधा आवश्यक प्रमाण र औचित्यको आधारमा राष्ट्र बैंकबाट अनुसूची-९क बमोजिम विदेशी लगानी तथा आर्जित रकम फिर्ता लैजान सटही सुविधा प्रदान गर्न सकिनेछ । | **६. विदेशी लगानी तथा आर्जित रकम फिर्ता लैजान विदेशी मुद्राको सटही स्वीकृतिः**<br>**विनियम ६(३) हटाइएको ।** | विदेशी लगानी वा त्यसबाट आर्जित रकम फिर्ता लैजानको लागि विदेशी लगानी स्वीकृत गर्ने निकाय तथा नेपाल राष्ट्र बैंकबाट दोहोरो स्वीकृती लिन पर्ने व्यवस्थालाई हटाउन वाञ्छनिय भएकोले । |

## ६. औद्योगिक व्यवसाय ऐन, २०७६

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | दफा १७ | **१७. उद्योगको वर्गीकरण:**<br>(२) (घ) खनिज उद्योग: खनिज उत्खनन् वा प्रशोधन गरी कुनै धातु वा धातु बाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरु, | **१७. उद्योगको वर्गीकरण:**<br>(२) (घ) खनिज उद्योग: **खनिज प्रशोधन** गरी कुनै धातु वा धातु बाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरु, | खानीहरुको प्रशासनिक तथा नियमन कार्य खानी तथा भूगर्भ विभागले गर्दछ । तर औद्योगिक व्यवसाय ऐन, २०७६ मा पनि खनिज उत्खनन्को बुदाँहरु समेटिदा खानिहरुको नियमन कार्यको क्षेत्राधिकार दोहोरो पर्न गई समस्या उत्पन्न भएको छ । हाल खनिजमा आधारित उद्योगले पनि खनिज उत्खनन् कार्य गर्ने भनि उद्योग विभागको प्रमाणपत्रमा उल्लेख गरेको र खनिजमा आधारित उद्योग नभएका तर त्यस्ता उद्योगको सञ्चालनमा खनिज पदार्थ आपुर्ति गरी उद्योग सञ्चालनमा योगदान गरिरहेका खानीहरु पनि समस्यामा परेका छन् । अत: दोहोरो कार्यक्षेत्राधिकार हुने कानुनि प्रावधानहरु हटाउन आवश्यक भएकोले । |
| २. | दफा २९ | २९ (ड) नभएको | **२९ (ड) विदेशी वित्तीय संस्थाबाट ऋण लिन सक्ने:**<br>कुनै पनि उत्पादनमूलक उद्योगले नेपाल राष्ट्र बैंकको स्वीकृतिमा विदेशी वित्तीय संस्थाबाट परियोजना ऋण (प्रोजेक्ट लोन) सम्झौता गरी ऋण लिन सक्नेछ। | उत्पादनमूलक उद्योगहरुको विस्तार तथा विकासका लागि आवश्यक पुँजीको सुनिश्चितता गर्न। |
| ३. | दफा २९ | २९ (ढ) नभएको | **२९ (ढ) उत्पादनमूलक उद्योगहरुका सम्बन्धमा विशेष व्यवस्था थप गरिएको:**<br>उत्पादनमूलक उद्योगका रुपमा संचालनमा आएका उद्योगमा प्रचलित कानून बमोजिम स्थानीय स्तरमा लाग्ने एकीकृत सम्पत्ति कर लगायतका स्थानीय करहरु लाग्ने छैन। | उत्पादनमूलक उद्योगहरुको विकास तथा विस्तार गर्न थप प्रोत्साहनमूलक प्रावधान आवश्यक भएकोले। |
| ४. | दफा ३२ | **३२. जग्गाको अधिकतम हदवन्दीमा छुट:**<br>(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर उद्योगको आवश्यकता र उद्योगको स्वीकृत स्कीम वा परियोजना प्रस्तावमा उल्लेख भएबमोजिम तोकिएको मापदण्डको अधीनमा रही नेपाल सरकारले हदवन्दीभन्दा बढी जग्गा राख्न पाउने गरी छुट दिन सक्नेछ । त्यसरी हदवन्दीभन्दा बढी छुट दिएको जग्गा जुन प्रयोजनको लागि छुट दिइएको हो सो बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न पाइने छैन ।<br>(६) प्रचलित कानुन बमोजिम हदवन्दी भन्दा बढी जग्गा राख्न अनुमतिप्राप्त उद्योगले त्यसरी हदवन्दीभन्दा बढी राखेको जग्गाा बिक्री वितरण गर्न वा कुनै प्रकारले हक हस्तान्तरण गर्न वा बैङ्क तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन पाउने छैन । | **३२. जग्गाको अधिकतम हदवन्दीमा छुट:**<br>**(३) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि उद्योगको स्वीकृत स्कीम वा परियोजना प्रस्तावमा र खनिज उद्योगको हकमा माईनिङ्ग स्किममा उल्लेख भएबमोजिमको जग्गामा हदवन्दी लाग्ने छैन।**<br>(६) प्रचलित कानुन बमोजिम हदवन्दी भन्दा बढी जग्गा राख्न अनुमतिप्राप्त उद्योगले त्यसरी हदवन्दीभन्दा बढी राखेको जग्गाा बिक्री वितरण गर्न वा कुनै प्रकारले हक हस्तान्तरण गर्न पाउने छैन, **तर बैङ्क तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन बाधा पर्ने छैन।** | औद्योगिक विकास तथा विस्तारका लागि निर्धक्क भएर लगानी गर्ने वातावरण तयार गर्न आवश्यक रहेकोले । |

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ५. | दफा ५० | **५०. करार गरी उत्पादन गर्न सक्ने:** (१) प्रचलित कानुन बमोजिम दर्ता भई सञ्चालनमा रहेको कुनै उद्योगले त्यस्तो उद्योगको उत्पादनको मुख्य उत्पादन बाहेक आफ्नो उत्पादनको कुनै भाग वा उद्योगलाई आवश्यक पर्ने सहायक वस्तु वा सेवा अन्य उद्योगसँग करार (कन्ट्रयाक्ट) वा उपकरार (सव-कन्ट्रयाक्ट) गरी उत्पादन गर्न सक्नेछ । | **५०. करार गरी उत्पादन गर्न सक्ने:** (१) प्रचलित कानुन बमोजिम दर्ता **भएको कुनै उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानले आपसमा करार (कन्ट्रयाक्ट) वा उपकरार (सव-कन्ट्रयाक्ट) गरी मुख्य उत्पादन र सह उत्पादन लगायतका सम्पूर्ण वस्तु वा सेवाको उत्पादन गर्न सक्नेछन् ।** | कुनै उद्योगले आफ्नो मुख्य उत्पादनलाई करार वा उपकरार गरी उत्पादन गर्न रोक नलगाउँदा थप उद्योगहरु स्थापना गर्न आकर्षण बढ्ने जसले गर्दा स्वदेशमा नै रोजगारीको वातावरण सिर्जना हुने र बैदेशिक रोजगारीमा जाने श्रमिकहरुको संख्या घट्ने हुन्छ । यसका साथसाथै नेपाल सरकारले उठाउने कर तथा राजस्वमा समेत वृद्धि भई मुलुकलाई आर्थिक सम्वृद्धि मिल्नेछ । तसर्थ उक्त प्रावधानलाई संशोधन गर्न उपयुक्त देखिन्छ । |
| ६. | दफा ५४ | **५४. व्यावसायिक सामाजिक जिम्मेवारी सम्बन्धी व्यवस्था:** (२) उपदफा (१) बमोजिम छुट्याइएको रकम वार्षिक योजना तथा कार्यक्रम वनाई **तोकिए बमोजिमका क्षेत्रमा** खर्च गर्नु पर्नेछ । | **५४. व्यावसायिक सामाजिक जिम्मेवारी सम्बन्धी व्यवस्था:** (२) उपदफा (१) बमोजिम छुट्याइएको रकम वार्षिक योजना तथा कार्यक्रम **वनाई खर्च गर्नु पर्नेछ** । | उद्योगलाई स्वइच्छाले उपयुक्त लागेको क्रियाकलाप, कार्यक्रम तथा प्रभावित क्षेत्रमा व्यावसायिक सामाजिक जिम्मेवारी सम्बन्धी खर्च गर्न दिन उपयुक्त भएकोले । |
| ७. | अनुसूची १ | **अनुसूची १**<br>(दफा ८ सँग सम्बन्धित)<br>**अनुमति लिनु पर्ने उद्योगहरु**<br>१. हातहतियार, गोलीगट्ठा, बारूद वा विस्फोटक पदार्थ उत्पादन गर्ने उद्योग,<br>२. सुरक्षात्मक छपाई (सेक्युरिटी प्रिन्टिङ), मुद्रा तथा सिक्का उत्पादन गर्ने उद्योग,<br>३. चुरोट, बिंडी, खैनी, सिगार तथा सुर्तीजन्य पदार्थ मुख्य कच्चा पदार्थ हुने वस्तु एवं विद्युतीय चुरोट उत्पादन गर्ने उद्योग,<br>४. माइक्रोब्रुअरी, बियर, मदिरा वा मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग,<br>५. ढुङ्गा गिट्टी, बालुवा **उत्खनन्,** प्रशोधन गर्ने उद्योग,<br>६. रेडियो सञ्चार सम्बन्धी उपकरण उत्पादन गर्ने उद्योग,<br>७. बहुमूल्य खनिज तथा पेट्रोलियम पदार्थ उत्खनन् जस्ता उद्योग,<br>८. लिक्वीफाइड पेट्रोलियम ग्यास (एल.पी.जी.) रिफिलिङ गर्ने उद्योग,<br>९. ड्रोन उत्पादन वा ड्रोनको माध्यमबाट सेवा प्रवाह गर्ने सबै प्रकारका उद्योग,<br>१०. प्रचलित कानुन बमोजिम अनुमति लिनु पर्ने अन्य उद्योग । | **अनुसूची १**<br>(दफा ८ सँग सम्बन्धित)<br>**अनुमति लिनु पर्ने उद्योगहरु**<br>१. हातहतियार, गोलीगट्ठा, बारूद वा विस्फोटक पदार्थ उत्पादन गर्ने उद्योग,<br>२. सुरक्षात्मक छपाई (सेक्युरिटी प्रिन्टिङ), मुद्रा तथा सिक्का उत्पादन गर्ने उद्योग,<br>३. चुरोट, बिंडी, खैनी, सिगार तथा सुर्तीजन्य पदार्थ मुख्य कच्चा पदार्थ हुने वस्तु एवं विद्युतीय चुरोट उत्पादन गर्ने उद्योग,<br>४. माइक्रोब्रुअरी, बियर, मदिरा वा मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग,<br>५. ढुङ्गा गिट्टी, बालुवा **प्रशोधन** गर्ने उद्योग,<br>६. रेडियो सञ्चार सम्बन्धी उपकरण उत्पादन गर्ने उद्योग,<br>७. बहुमूल्य खनिज तथा पेट्रोलियम पदार्थ **प्रशोधन** जस्ता उद्योग,<br>८. लिक्वीफाइड पेट्रोलियम ग्यास (एल.पी.जी.) रिफिलिङ गर्ने उद्योग,<br>९. ड्रोन उत्पादन वा ड्रोनको माध्यमबाट सेवा प्रवाह गर्ने सबै प्रकारका उद्योग,<br>१०. प्रचलित कानुन बमोजिम अनुमति लिनु पर्ने अन्य उद्योग । | खानीहरुको प्रशासनिक तथा नियमन कार्य खानी तथा भूगर्भ विभागले गर्दछ । तर औद्योगिक व्यवसाय ऐन, २०७६ मा पनि खनिज उत्खनन्को बुँदाहरु समेटिदा खानिहरुको नियमन कार्यको क्षेत्राधिकार दोहोरो पर्न गई समस्या उत्पन्न भएको छ । हाल खनिजमा आधारित उद्योगले पनि खनिज उत्खनन् कार्य गर्ने भनि उद्योग विभागको प्रमाणपत्रमा उल्लेख गरेको हुनुपर्ने अडानले गर्दा धेरै खानीहरुको सञ्चालनमा ढिलाई भैरहेको छ । साथै खनिजमा आधारित उद्योग नभएका तर त्यस्ता उद्योगको सञ्चालनमा खनिज पदार्थ आपुर्ति गरी उद्योग सञ्चालनमा योगदान गरिरहेका खानीहरु पनि समस्यामा परेका छन् । यसले खनिज उत्पादनमा नकारात्मक असर परिरहेको छ । अतः दोहोरो कार्यक्षेत्राधिकार हुने कानुनी प्रावधानहरु हटाउन आवश्यक भएकोले । |

## ७. औद्योगिक व्यवसाय नियमावली, २०७८

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | **नियम ४** | **४. उद्योग दर्ता प्रमाणपत्र दिनु पर्ने:**<br>(२) उपनियम (१) बमोजिम दिइने उद्योग दर्ताको प्रमाणपत्रमा ऐनको दफा ५ को उपदफा (२) मा उल्लिखित विवरणका अतिरिक्त अनुसूची-४ बमोजिम उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्ने अवधि समेत उल्लेख गर्नु पर्नेछ । | **४. उद्योग दर्ता प्रमाणपत्र दिनु पर्ने:**<br><br>**उपनियम (२) हटाइएको ।** | उद्योगलाई आफ्नो अनुकुलतानुसारले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न दिन उपयुक्त भएकोले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्ने अवधि हटाइएको । |
| २. | **नियम ७** | **७. अवधि थपको लागि निवेदन दिन सक्ने:**<br>(१) ऐनको दफा ९ को उपदफा (२) बमोजिम उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थपको लागि उद्योग दर्ता गर्ने निकायमा निवेदन दिंदा अनुसूची-९ बमोजिमको ढाँचामा दिनु पर्नेछ ।<br>(२) ऐनको दफा ९ को उपदफा (३) बमोजिम अवधि बढाउनको लागि दिइने निवेदनसाथ देहायबमोजिमको विलम्व शुल्क बुझाएको निस्सासमेत संलग्न गर्नु पर्नेछ :-<br>(क) घरेलु तथा साना उद्योगको हकमा पन्ध्र हजार रुपैयाँ,<br>(ख) मझौला उद्योगको हकमा पचास हजार रुपैयाँ,<br>(ग) ठूला उद्योगको हकमा एक लाख पचास हजार रुपैयाँ ।<br>(३) उपनियम (१) वा (२) बमोजिम प्राप्त निवेदनको सम्बन्धमा कुनै थप विवरण, कागजात वा जानकारी आवश्यक पर्ने देखेमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित निवेदकलाई सात दिनभित्र त्यस्तो विवरण, कागजात वा जानकारी पेश गर्न लगाउन सक्नेछ ।<br>(४) उपनियम (३) बमोजिम माग गरिएको विवरण, कागजात वा जानकारी प्राप्त भएको पन्ध्र दिनभित्र उद्योग दर्ता गर्ने निकायले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिमा एकपटकमा बढीमा एक वर्षको लागि सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थप गर्न सक्नेछ । | **७. अवधि थपको लागि निवेदन दिन सक्ने:**<br><br>**नियम ७ हटाइएको ।** | उद्योगलाई आफ्नो अनुकुलतानुसारले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न दिन उपयुक्त भएकोले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्ने अवधि हटाइएको । |

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ३. | **नियम ९** | **९. पूँजी वृद्धि, क्षमता वृद्धि वा उद्देश्य थप वा परिवर्तन गर्दा स्वीकृति लिनुपर्ने:**<br>(१) कुनै उद्योगले आफ्नो विद्यमान **पूँजी वृद्धि, क्षमता वृद्धि वा** उद्देश्य थप वा परिवर्तन गर्नको लागि ऐनको दफा १२ को उपदफा (१) बमोजिम स्वीकृति लिन चाहेमा देहायका कागजात र विवरणसहित अनुसूची-१२ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछ:-<br>(क) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,<br>(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,<br>(ग) अनुसूची-१३ बमोजिमको उद्योगको अद्यावधिक विवरण,<br>(घ) उद्योगको पूँजी वृद्धि, क्षमता वृद्धि वा उद्देश्य थप वा परिर्वतन गर्ने सम्बन्धमा सम्बन्धित कम्पनीको प्रवनधपत्र तथा नियमावलीमा संशोधन गरेको भएमा सोको प्रतिलिपि,<br>(ङ) साझेदारी फर्म भए साझेदार बीचको सम्झौताको प्रतिलिपि,<br>(च) प्रचलित कानुन बमोजिम कुनै निकायको सिफारिस आवश्यक पर्ने भए सम्बन्धित निकायको सिफारिस पत्र,<br>(छ) वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने उद्योगको हकमा प्रचलित कानुन बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन ।<br>(२) उपनियम (१) बमोजिम प्राप्त निवेदनसाथ पेश भएको कागजात र विवरणउपर जाँचबुझ गर्दा निवेदनलाई पुष्ट्याईं गर्ने कुनै थप विवरण वा कागजात आवश्यक भएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो कागजात र विवरण निवेदकसँग माग गर्न सक्नेछ ।<br>(३) उपनियम (२) बमोजिम माग भएको कागजात र विवरण निवेदकले सात दिनभित्र उद्योग दर्ता गर्ने निकायमा बुझाउनु पर्नेछ । | **९. उद्देश्य थप वा परिवर्तन गर्दा स्वीकृति लिनुपर्ने:**<br>(१) कुनै उद्योगले आफ्नो **विद्यमान उद्देश्य** थप वा परिवर्तन गर्नको लागि **ऐनको दफा १२ को उपदफा (२)** बमोजिम स्वीकृति लिन चाहेमा देहायका कागजात र विवरणसहित अनुसूची-१२ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछ:-<br>(क) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,<br>(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,<br>(ग) अनुसूची-१३ बमोजिमको उद्योगको अद्यावधिक विवरण,<br>(घ) उद्योगको उद्देश्य थप वा परिर्वतन गर्ने सम्बन्धमा सम्बन्धित कम्पनीको प्रवनधपत्र तथा नियमावलीमा संशोधन गरेको भएमा सोको प्रतिलिपि,<br>(ङ) साझेदारी फर्म भए साझेदार बीचको सम्झौताको प्रतिलिपि,<br>(च) प्रचलित कानुन बमोजिम कुनै निकायको सिफारिस आवश्यक पर्ने भए सम्बन्धित निकायको सिफारिस पत्र,<br>(छ) वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने उद्योगको हकमा प्रचलित कानुन बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन ।<br>(२) उपनियम (१) बमोजिम प्राप्त निवेदनसाथ पेश भएको कागजात र विवरणउपर जाँचबुझ गर्दा निवेदनलाई पुष्ट्याईं गर्ने कुनै थप विवरण वा कागजात आवश्यक भएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो कागजात र विवरण निवेदकसँग माग गर्न सक्नेछ ।<br>(३) उपनियम (२) बमोजिम माग भएको कागजात र विवरण निवेदकले सात दिनभित्र उद्योग दर्ता गर्ने निकायमा बुझाउनु पर्नेछ । | उद्योगको पूँजी वृद्धि, क्षमता वृद्धि र उद्देश्य थप वा परिवर्तनको स्वीकृति प्रक्रियाले सो कार्यहरुको बिलम्ब गराउनसक्ने भएकोले पूँजी वृद्धि र क्षमता वृद्धिका हकमा जानकारी र उद्देश्य थप वा परिवर्तनको हकमा स्वीकृति लिन उपयुक्त भएकोले । |

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ४. | **नियम १६क. थप गरिएको** | व्यवस्था नभएको | **नियम १६क. थप गरिएको**<br>**१६क. महसुल फिर्ता (ड्यूटी ड्रब्याक) हुने:**<br>(१) ऐनको दफा २५ को खण्ड (क) बमोजिम कुनै उद्योगले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको दर निर्धारण भएको आधारमा महसुल फिर्ता (ड्यूटी ड्रब्याक) को माग गरेमा उद्योग दर्ता गर्ने निकायले उद्योगले पेश गरेका विवरण र निकासी गरेको प्रमाणको आधारमा एकल विन्दु सेवा केन्द्र मार्फत त्यस्तो महसुल फिर्ता दिइनेछ ।<br>(२) उपनियम (१) बमोजिम उद्योगले महसुल फिर्ता (ड्यूटी ड्रब्याक) सुविधा माग अनुसूची-१७क. बमोजिमको ढाँचामा देहायको विवरण वा कागजात सहित आर्थिक वर्ष गर्दा समाप्त भएको मितिले नब्बे दिनभित्र निवेदन दिनु पर्नेछ :<br>(क) कच्चा पदार्थ आयात गरेको प्रज्ञापन पत्र,<br>(ख) उद्योगको कुल उत्पादनको विवरण,<br>(ग) निकासी प्रज्ञापन पत्रको सक्कल,<br>(घ) गत वर्षको वार्षिक प्रगति विवरण (एक आ.व. मा एक पटक मात्र),<br>(ङ) क्रेताको खरिद आदेश र सम्झौता,<br>(च) अघिल्लो आर्थिक वर्षसम्मको कर चुक्ता प्रमाणपत्र,<br>(छ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,<br>(ज) विदेशी मुद्रा आर्जन गरेको बैङ्कले स्रोत खुलाई प्रमाणित गरेको सक्कल प्रति,<br>(झ) अन्तर्राष्ट्रिय बोलपत्र बिक्री बापतको महसुल फिर्ताको हकमा सोको विवरण<br>(३) उपनियम (२) बमोजिम प्राप्त निवेदनको सम्बन्धमा करचुक्ता लगायतका विषयहरु रूजु गर्न सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा लेखी पठाउनु पर्नेछ ।<br>(४) उपनियम (३) बमोजिम आन्तरिक राजस्व कार्यालयमा पठाइएका कागजातहरूको सम्बन्धमा सो कार्यालयबाट विवरण रूजु भई आएपछि प्राप्त निवेदन उपर एकल विन्दु सेवा केन्द्रले छ महिनाभित्र त्यस्तो महसुल फिर्ता सम्बन्धी कारबाही गरिसक्नु पर्नेछ । | यस नियमावलीमा महसुल फिर्ता (ड्यूटी ड्रब्याक) प्राप्त गर्ने प्रक्रिया नभएको तर सो प्रक्रिया यहाँ राख्न आवश्यक भएकोले । |

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ५. | **नियम २४** | **२४. प्रोत्साहन, छुट, सुविधा वा सहुलियत प्रदान गर्ने प्रक्रियाः**<br>(१) उद्योगले ऐनको दफा ३३ बमोजिम प्रोत्साहन, छुट, सुविधा वा सहुलियत प्राप्त गर्नको लागि देहायको कागजात र विवरण संलग्न गरी उद्योग दर्ता गर्ने निकायमा निवेदन दिनु पर्नेछः-<br>(क) उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>(ख) प्रोत्साहन, छुट, सुविधा वा सहुलियत माग सम्बन्धी विवरण,<br>(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता र लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,<br>(घ) कच्चा पदार्थ आयातमा सहुलियत सिफारिसका लागि उद्योगको स्वीकृत व्यावसायिक योजना (स्कीम) को प्रतिलिपि,<br>(ङ) घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएको उद्योगको हकमा सम्बन्धित कार्यालयको सिफारिस पत्र,<br>(च) निर्यात प्रोत्साहनका लागि व्यापारिक बिल बिजक र प्रज्ञापन पत्रको भन्सार प्रतिलिपि,<br>(छ) निर्यातमा प्रोत्साहनका लागि स्वघोषणाको विवरण,<br>(ज) निर्यातजन्य उद्योगको हकमा एक्जिम कोडको प्रतिलिपि,<br>(झ) प्रोत्साहन, छुट, सुविधा वा सहुलियतको प्रकृति अनुसार निर्णय गरी उद्योग दर्ता गर्ने निकायले माग गरेका अन्य कागजात । | **२४. प्रोत्साहन, छुट, सुविधा वा सहुलियत प्रदान गर्ने प्रक्रियाः**<br>(१) उद्योगले ऐनको दफा ३३ बमोजिम प्रोत्साहन, छुट, सुविधा वा सहुलियत प्राप्त गर्नको लागि देहायको कागजात र विवरण संलग्न गरी उद्योग दर्ता गर्ने निकायमा निवेदन दिनु पर्नेछः-<br>(क) उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>(ख) प्रोत्साहन, छुट, सुविधा वा सहुलियत माग सम्बन्धी विवरण,<br>(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता र लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,<br>(घ) कच्चा पदार्थ आयातमा सहुलियत सिफारिसका लागि उद्योगको स्वीकृत व्यावसायिक योजना (स्कीम) को प्रतिलिपि,<br>**(ङ) हटाइएको**<br>(च) निर्यात प्रोत्साहनका लागि व्यापारिक बिल बिजक र प्रज्ञापन पत्रको भन्सार प्रतिलिपि,<br>(छ) निर्यातमा प्रोत्साहनका लागि स्वघोषणाको विवरण,<br>(ज) निर्यातजन्य उद्योगको हकमा एक्जिम कोडको प्रतिलिपि,<br>**(झ) हटाइएको** | उद्योगले प्रोत्साहन, छुट, सुविधा वा सहुलियत प्राप्त गर्नको लागि उद्योग दर्ता गर्ने निकायमा उचित र प्रासंगिक कागजात र विवरण दिनु पर्ने व्यवस्था गरेमा छुट, सुविधा लिने प्रक्रिया छिटो हुनेछ । |
| ६. | **नियम ४०(१)** | **४०. करार गरी उत्पादन गर्न सक्नेः**<br>(१) कुनै उद्योगले अर्को कुनै निर्यातमूलक उद्योगको लागि ऐनको दफा ५० को उपदफा (१) बमोजिम वस्तु वा सेवाको उत्पादन गर्दा देहायको मापदण्ड पूरा गरेको हुनु पर्नेछः-<br>(क) करारमा वस्तु उत्पादन (कन्ट्रयाक्ट म्यानुफ्याक्चरिङ) गर्ने उद्योग प्रचलित कानुन बमोजिम दर्ता भएको हुनुपर्ने,<br>(ख) करारमा कुनै वस्तु वा सेवा उत्पादन गर्ने उद्योगले सो वस्तु वा सेवा उत्पादन गर्न उद्योग दर्ता गर्ने निकायबाट प्रचलित कानुन बमोजिम स्वीकृति प्राप्त गरेको हुनुपर्ने,<br>(ग) करारमा वस्तु वा सेवा उत्पादन गराउने उद्योगको उत्पादन हुने वस्तु वा सेवाको ट्रेडमार्क दर्ता भएको वा हक कायम भएको हुनुपर्ने, र<br>(घ) उत्पादनकर्ता उद्योगले आफ्नो स्वीकृत क्षमताको सीमा भित्र रहेर मात्र वस्तु वा सेवा उत्पादन गरेको हुनुपर्ने । | **४०. करार गरी उत्पादन गर्न सक्नेः**<br>(१) कुनै उद्योग वा **कम्पनी वा फर्म वा प्रतिष्ठानले** अर्को कुनै निर्यातमूलक उद्योग वा **कम्पनी वा फर्म वा प्रतिष्ठानको** लागि ऐनको दफा ५० को उपदफा (१) बमोजिम वस्तु वा सेवाको उत्पादन गर्दा देहायको मापदण्ड पूरा गरेको हुनु पर्नेछः-<br>(क) करारमा वस्तु उत्पादन (कन्ट्रयाक्ट म्यानुफ्याक्चरिङ) गर्ने उद्योग प्रचलित कानुन बमोजिम दर्ता भएको हुनुपर्ने,<br>**(ख) हटाइएको**<br>(ग) करारमा वस्तु वा सेवा उत्पादन गराउने उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानको उत्पादन हुने वस्तु वा सेवाको ट्रेडमार्क दर्ता भएको वा हक कायम भएको हुनुपर्ने ।<br>**(घ) हटाइएको** | कुनै सरकारी निकायको स्वीकृति विना करार वा उपकरार गरी उत्पादन गरेमा सो कार्य समयमै थालनी गर्न सकिन्छ । साथै उत्पादक उपर उत्पादन गर्ने क्षमता सम्बन्धी प्रतिवनध हटाउदा उपयुक्त हुनेछ । |

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ७. | **नियम ४३** | **४३. व्यावसायिक सामाजिक जिम्मेवारी:**<br>(१) ठूला उद्योग, मझौला वा वार्षिक पन्ध्र करोड रुपैयाँभन्दा बढी कारोबार हुने घरेलु वा साना उद्योगले ऐनको दफा ५४ को उपदफा (१) बमोजिम व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनको लागि छुट्याएको रकम देहायको कुनै क्षेत्रमा खर्च गर्नु पर्नेछः-<br>(क) विपद्को रोकथाम, नियन्त्रण तथा उद्धार,<br>(ख) सामुदायिक स्वास्थ्य संस्थालाई औषधि तथा स्वास्थ्य सम्बन्धी उपकरण वितरण, स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि, स्वास्थ्य शिविर सञ्चालन स्वास्थ्य सम्बन्धी कार्यक्रम, साहित्य, संस्कृति, लगायतका<br>(ग) नेपाली कला, पुरातात्विक धरोहरको संरक्षण तथा संबर्द्धन, | **४३. व्यावसायिक सामाजिक जिम्मेवारी:**<br>**(१) हटाइएको**<br>**(२) ठूला उद्योग, मझौला वा वार्षिक पन्ध्र करोड रुपैयाँभन्दा बढी कारोबार हुने घरेलु वा साना उद्योगले ऐनको दफा ५४ को उपदफा (१) बमोजिम व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनको लागि छुट्याएको रकम खर्च गर्नको लागि छुट्याएको वार्षिक रकमको वार्षिक योजना तथा कार्यक्रम वनाई सम्बन्धित उद्योगले उद्योग दर्ता गर्ने निकायमा पेश गर्नु पर्नेछ ।** | उद्योगलाई आफ्नो अनुकुलतानुसारले उपयुक्त लागेको क्रियाकलाप, कार्यक्रम तथा प्रभावित क्षेत्रमा व्यावसायिक सामाजिक जिम्मेवारी सम्बन्धी खर्च गर्न दिन उपयुक्त भएकोले । |
| | | (घ) न्यून आय भएका, पिछडिएका, ग्रामीण महिला, अपाङ्गता भएका व्यक्ति तथा अल्पसङ्ख्यक, सीमान्तकृत समुदायका लागि सीपमूलक र आयमूलक कार्यक्रम,<br>(ङ) सामुदायिक विद्यालय तथा विश्वविद्यालयका लागि छात्रवृत्ति, शैक्षिक उपकरण तथा सामग्री वितरण लगायत शैक्षिक विकास सम्बन्धी कार्यक्रम,<br>(च) प्रदुषण नियन्त्रण, फोहर मैला व्यवस्थापन, वैकल्पिक ऊर्जाको प्रवर्द्धन लगायत प्राकृतिक र वातावरण संरक्षण सम्बन्धी कार्यक्रम,<br>(छ) सामाजिक विकृति, विसङ्गति, कुरीति र सामाजिक पछयौटेपन विरूद्धको अभियान,<br>(ज) खानेपानी आयोजना, सडक, ढल, पाटी पौवा, वृद्धाश्रम, खेल मैदान, धार्मिक स्थल, सामुदायिक स्वास्थ्य भवन, सामुदायिक भवन, अनाथ आश्रम, पार्क, बसपार्क तथा बस बिसौनी जस्ता भौतिक पूर्वाधारको निर्माण तथा मर्मत सम्भार ।<br>(२) उपनियम (१) बमोजिमका क्षेत्रमा खर्च गर्नको लागि छुट्याएको वार्षिक रकमको वार्षिक योजना तथा कार्यक्रम वनाई सम्बन्धित उद्योगले उद्योग दर्ता गर्ने निकायमा पेश गर्नु पर्नेछ ।<br>(३) उपनियम (१) बमोजिमको क्षेत्रमा खर्च गर्न छुट्याइएको वार्षिक रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित उद्योगबाट प्रभावित क्षेत्रमा खर्च गरी सोको जानकारी उद्योग दर्ता गर्ने निकायलाई गराउनु पर्नेछ ।<br>(४) उद्योगले व्यावसायिक सामाजिक जिम्मेवारी अन्तर्गत कुनै कार्य गर्दा सम्बन्धित स्थानीय तहको समन्वयमा गरी सोको कार्य सम्पन्न विवरण उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ ।<br>(५) उद्योगले व्यावसायिक सामाजिक जिम्मेवारीका लागि छुट्याएको रकमबाट आफ्नो उद्योगलाई प्रत्यक्ष मुनाफा हुने गरी **खर्च गर्न वा कार्यक्रम सञ्चालन गर्न वा आफ्नो लगानी भएका वा आफ्नो उद्योगमा संलग्नता भएका व्यक्ति वा सामाजिक वा व्यवसायिक सङ्घ संस्थामा खर्च गर्न पाउने छैन ।** | (३) उपनियम (१) बमोजिमको खर्च गर्न छुट्याइएको वार्षिक रकमको कम्तीमा पच्चीस प्रतिशत रकम सम्बन्धित उद्योगबाट प्रभावित क्षेत्रमा खर्च गरी सोको जानकारी उद्योग दर्ता गर्ने निकायलाई गराउनु पर्नेछ ।<br><br>**स्पष्टिकरण: उपनियम (२) को प्रयोजनको लागि प्रभावित क्षेत्र भन्नाले वातावरणीय प्रभाव मूल्याङकन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन हुने उद्योगको हकमा त्यस्तो प्रतिवेदनमा तोकिएको क्षेत्रलाई जनाउने छ । तर त्यस्तो प्रतिवेदन नहुने उद्योगको हकमा उद्योग स्थापना भएको प्रदेशलाई जनाउने छ ।**<br><br>**(४) हटाइएको**<br>(५) उद्योगले व्यावसायिक सामाजिक जिम्मेवारीका लागि छुट्याएको रकमबाट आफ्नो उद्योगलाई प्रत्यक्ष मुनाफा हुने गरी खर्च गर्न पाउने छैन । | |
| ८. | **अनुसूची-९** | अनुसूची-९<br>(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)<br>**उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थपको लागि दिने निवेदनको ढाँचा** | **अनुसूची-९ हटाइएको ।** | उद्योगलाई आफ्नो अनुकुलतानुसारले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न दिन उपयुक्त भएकोले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अवधि हटाइएको । |

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ९. | **अनुसूची-१७क. थप गरिएको** | व्यवस्था नभएको | **अनुसूची-१७क. थप गरिएको**<br>**अनुसूची-१७क.**<br>(नियम १६क. को उपनियम (२) सँग सम्बन्धित)<br>**निकासी बापतको महसुल फिर्ता (ड्यूटी ड्ब्याक) का लागि दिने निवेदनको ढाँचा**<br>मिति:...............<br>श्री............विभाग/कार्यालय,<br>..................................... ।<br><br>**विषय: निकासी बापतको महसूल फिर्ता (ड्यूटी ड्ब्याक) पाउने बारे ।**<br><br>........... प्रदेश ......... जिल्ला ..........गाउँपालिका / नगरपालिका वडा नं. ......मा स्थापना भई सञ्चालनमा रहेको यस उद्योगले आफ्नो उत्पादित वस्तु संलग्न कागजातमा उल्लेख भए अनुसार विदेशमा बिक्री निकासी गरेकोले उक्त वस्तुमा अन्त:शुल्क र मूल्य अभिवृद्धि कर बापत लागेको रकम रु......... . (अक्षेरपी रु............) नियमानुसार फिर्ता (ड्यूटी ड्ब्याक) पाउन तल उल्लिखित कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु/ छौं।<br>**संलग्न कागजातहरु:**<br>१. निकासी प्रज्ञापन पत्रको सक्कल प्रति थान<br>२. गत वर्षको आर्थिक प्रगति विवरण,<br>३. क्रेताको खरिद आदेश थान<br>४. अन्त: शुल्क र मूल्य अभिवृद्धि कर बापत तिरेको रसीद ।<br><br>**अन्तर्राष्ट्रिय बोलपत्र बापतको महसुल फिर्ताको हकमा देहायका कागजातहरु:**<br>१. अन्तर्राष्ट्रिय बोलकबोलको सार्वजनिक सूचनाको प्रतिलिपि थान<br>२. सम्बन्धित पक्षसँग भएको सम्झौताको प्रतिलिपि थान ......<br>३. भुक्तानी बिल थान ......<br>४. उद्योगको स्वीकृत तथा उपयोग भएको क्षमताको आधार थान<br>५. गत वर्षको आर्थिक प्रगति विवरणको प्रतिलिपि थान .... ।<br><br>निवेदकको-<br>हस्ताक्षर:<br><br>नाम,थर:<br>पद:<br>उद्योगको छाप | यस नियमावलीमा महसुल फिर्ता (ड्यूटी ड्ब्याक) प्राप्त गर्ने प्रक्रिया नभएको तर सो प्रक्रिया यहाँ राख्न आवश्यक भएकोले । |

## ८. विशेष आर्थिक क्षेत्र ऐन, २०७५

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | **दफा ७** | **७. विशेष आर्थिक क्षेत्रमा उद्योग स्थानान्तरण गरी सञ्चालन गर्न नसकिने:**<br>(१) यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानुन बमोजिम अनुमतिपत्र लिई वा दर्ता भई सञ्चालनमा रहेको उद्योगको लगानीकर्ताले त्यस्तो अनुमतिपत्र वा दर्ताको आधारमा सो उद्योग विशेष आर्थिक क्षेत्रमा स्थानान्तरण गरी सञ्चालन गर्न सक्ने छैन र त्यस्तो लगानीकर्ताले प्रयोगमा ल्याइसकेका मेसिन, औजार वा उपकरण विशेष आर्थिक क्षेत्रमा प्रयोग वा हस्तान्तरण गर्न सकिने छैन ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको कुनै खास प्रकारको उद्योगलाई विशेष आर्थिक क्षेत्रमा स्थानान्तरण गर्न बाधा पर्ने छैन । | **७. विशेष आर्थिक क्षेत्रमा उद्योग स्थानान्तरण गरी सञ्चालन गर्न नसकिने:**<br><br>**दफा ७ हटाइएको ।** | यस प्रावधानले विशेष आर्थिक क्षेत्र भन्दा बाहिर रहेका उद्योगको स्थापना तथा संचालन गरिरहेको इच्छुक उद्योगहरुले उक्त क्षेत्रमा उद्योग स्थानान्तरण गर्न चाहे पनि उक्त व्यवस्थाको बन्देजले गर्दा स्थानान्तरणको अवसर पाएका छैनन् । |
| २. | **दफा ९(४)** | **९. अनुमतिपत्रको अवधि र नविकरण:**<br>(४) उपदफा (२) वा (३) बमोजिम निवेदन परेमा प्राधिकरणले **कुल क्षमताको तीस प्रतिशत भन्दा बढी क्षमतामा उद्योग सञ्चालन भएको पाइएमा** उपदफा (२) बमोजिमको निवेदनको हकमा तोकिए बमोजिमको नवीकरण दस्तुर र उपदफा (३) बमोजिमको निवेदनको हकमा तोकिए बमोजिमको नवीकरण दस्तुर विलम्ब दस्तुर लिई एक पटकमा दश वर्षको लागि अनुमतिपत्र नवीकरण गर्नेछ । | **९. अनुमतिपत्रको अवधि र नविकरण:**<br>(४) उपदफा (२) वा (३) बमोजिम निवेदन परेमा प्राधिकरणले उपदफा (२) बमोजिमको निवेदनको हकमा तोकिए बमोजिमको नवीकरण दस्तुर र उपदफा (३) बमोजिमको निवेदनको हकमा तोकिए बमोजिमको नवीकरण दस्तुर विलम्ब दस्तुर लिई हरेक पटकमा दश वर्षको लागि अनुमतिपत्र नवीकरण गर्नेछ । | सो संशोधनले उद्योगको अनुमतिपत्रको नवीकरण हरेक पटक गर्न पाउने अधिकार सुनिश्चित गर्नेछ । |
| ३. | **दफा १०(२)क** | **१०(२) अनुमितपत्रवालाले देहायको कुनै काम गरे वा गराएमा प्राधिकरणले निजले पाएको अनुमितपत्र रद्द गर्न सक्नेछ ।**<br>(क) सम्भौतामा उल्लिखित अवधिभित्र उद्योग स्थापना तथा सञ्चालन नगरेमा | **१०(२) अनुमितपत्रवालाले देहायको कुनै काम गरे वा गराएमा प्राधिकरणले निजले पाएको अनुमितपत्र रद्द गर्न सक्नेछ ।**<br>(क) सम्भौतामा उल्लिखित अवधिभित्र उद्योग स्थापना तथा सञ्चालन हुन नसेको कारण सञ्चालन म्याद थपको लागि निवेदन पेश नगरेमा । | विविध कारणावश सम्भौता पत्र उल्लेखित अवधि भित्र उद्योग स्थापना वा संचालन गर्न नसकेमा अनुमति पत्र रद्द गर्ने प्रावधानलाई पुन विचार गर्न आवश्यक भएकोले । |
| ४. | **दफा १० (२) (ग)** | **१०. अनुमतिपत्र रद्द गर्न सक्ने:**<br>(२) अनुमतिपत्रवालाले देहायको कुनै काम गरे वा गराएमा प्राधिकरणले निजले पाएको अनुमतिपत्र रद्द हुनेछ ।<br>(ग) दफा १३ मा उल्लेख भएको भन्दा बढी परिमाणमा आफ्नो उत्पादन आन्तरिक बजारमा विक्रि गरेमा । | **दफा १०(२) (ग) हटाइएको** | उद्योगले उत्पादित वस्तु तथा सेवा आन्तरिक बजारमा अत्याधिक रुपमा बिक्री गरेको आधारमा अनुमतिपत्र रद्द गरिने व्यवस्थाले व्यवसायहरूलाई विशेष आर्थिक क्षेत्रमा उद्योग स्थापना तथा संचालन गर्नबाट निरुत्साहन गर्दछ । |

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ५. | दफा १३(१) | **१३. निर्यात गर्नु पर्ने:**<br>(१) अनुमतिपत्रवालाले विशेष आर्थिक क्षेत्रमा स्थापना भएका उद्योगबाट उत्पादन गरेको कम्तीमा **साठी प्रतिशत** वस्तु वा सेवा निर्यात गर्नुपर्नेछ । | **१३. निर्यात गर्नु पर्ने:**<br>(१) अनुमतिपत्रवालाले विशेष आर्थिक क्षेत्रमा स्थापना भएका उद्योगबाट उत्पादन गरेको **नेपाल सरकारले राजपत्रमा प्रकाशित गरे बमोजिम** वस्तु वा सेवा निर्यात गर्नुपर्नेछ । | निर्यात गर्नुपर्ने न्यूनतम परिमाण ऐनमा नै व्यवस्था हुँदा काबु बाहिरको परिस्थितिमा विशेष आर्थिक क्षेत्र वा विशेष आर्थिक क्षेत्र रहेको उद्योग संचालन गर्न कठिनाई भएकोले |
| ६. | दफा २७(२) | २७(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ७ को उपदफा (२) बमोजिम विशेष आर्थिक क्षेत्रमा स्थानान्तरण भएको उद्योगले यस दफा बमोजिमको आयकर छुट पाउने छैन। | **दफा २७(२) हटाईएको।** | स्थानान्तरण भई आएका उद्योगलाई आयकर सुविधा बाट बन्चित गरेको व्यवस्था संशोधन गर्नुपर्ने भएकोले । |
| ७. | दफा ३७(१) | **३७. छुट तथा सहुलियत नपाउने:**<br>दफा ३७(१) यस पररच्छेदमा अन्यत्र जुनसकु कुरा लेखिएको भए तापनि विशेष आर्थिक क्षेत्रमा स्थापना भएको उद्योगले कुनै आर्थिक वर्षमा आफ्नो उत्पादन दफा १३ बमोजिम निर्यात गर्न नसकेमा सो आर्थिक वर्षको लागि यस ऐन बमोजिम प्राप्त हुने कर छुट तथा सहुलियत पाउने छैन । | **३७. छुट तथा सहुलियत नपाउने:**<br>**अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक क्षेत्रमा स्थापना भएको उद्योगले कुनै आर्थिक वर्षमा आफ्नो उत्पादन दफा १३ बमोजिम निर्यात गर्न नसकेमा सो आर्थिक वर्षको लागि यस ऐन बमोजिम प्राप्त हुने कर छुट तथा सहुलियत आनुपातिक रुपमा मात्र पाउने छ ।** | दफा ३७ को उपदफा (१ ) मा कुनै आर्थिक वर्षमा तोकिए बमोजिम निर्यात गर्न नसकेमा सो आर्थिक वर्षको लागि यस ऐन बमोजिम प्राप्त हुने कर छुट तथा सहुलियत पाउने छैन भन्ने व्यवस्थालाई निर्यात भएसम्मको हदमा छुट प्राप्त हुने गरी संशोधन गर्नु पर्ने आवश्यक भएकोले । |
| ८. | दफा ४२ | **४२. उद्योगलाई हानि नोक्सानी हुने काम गर्न नपाउने:**<br>प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगमा कार्यरत कामदार वा कर्मचारीले उद्योग र त्यसको उत्पादनमा प्रतिकूल असर पर्ने गरी कुनै वनद, हड्ताल वा आन्दोलन गरी उद्योगलाई हानि नोक्सानी हुने कुनै काम कारवाही गर्न पाउने छैन । | **४२. उद्योगलाई हानि नोक्सानी हुने काम गर्न नपाउने:**<br>प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगमा कार्यरत कामदार वा कर्मचारिले उद्योग र त्यसको उत्पादनमा प्रतिकूल असर पर्ने गरी कुनै वनद, हड्ताल वा आन्दोलन गरी उद्योगलाई हानि नोक्सानी हुने कुनै काम कारवाही गर्न पाउने छैन । **यस किसिमका काम कारवाही गरेमा सो समयावधिको तलब, ज्याला दिन उद्योग बाध्य हुने छैन । साथै नोक्सानी बापतको रकम नोक्सानी गर्नेबाट भराउन सक्ने छ ।** | वनद, हड्ताल वा आन्दोलन भई उद्योगको काम रोकिएमा, काम नभएको समयको ज्याला , तलब उपलब्ध गराउन व्यवसायीहरुलाई असहज हुने भएकोले । |
| ९. | दफा ४३(१) | **४३. दण्ड जरिवाना:**<br>(१) कुनै अनुमतिपत्रवालाले आफुले उत्पादन गरेको वस्तु वा सेवा दफा १३ को उपदफा (२) मा उल्लिखित परिणामभन्दा बढी नेपालको **आन्तरिक बजारमा बिक्री गरेको पाइएमा प्राधिकरणले त्यस्तो अनुमतिपत्रवालालाई बिगो बमोजिमको रकम जरिवाना गर्नेछ।** | **दफा ४३(१) हटाइएको** | उद्योगले उत्पादित वस्तु तथा सेवा आन्तरिक बजारमा अत्याधिक रुपमा बिक्री गरेको आधारमा जरिवाना गरिने व्यवस्थाले व्यवसायहरूलाई विशेष आर्थिक क्षेत्रमा उद्योग स्थापना तथा संचालन गर्नबाट निरुत्साहन गर्दछ। |

## ९. राजस्व न्यायाधिकरण ऐन, २०३१

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | ऐनको मौजुदा व्यवस्था | ऐनमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | **दफा ४ मा संशोधन** | **४ न्यायाधिकरणको सदस्य नियुक्त हुनको लागि देहायको योग्यता आवश्यक हुनेछ:-**<br>(क) कानुन सदस्यको लागि उच्च अदालतको न्यायाधीश भई रहेको वा हुन योग्यता पुगेको ।<br>(ख) राजस्व सदस्यको लागि स्नातक भएको र राजस्व प्रशासनमा सात वर्ष अनुभव प्राप्त गरेको ।<br>(ग) लेखा सदस्यको लागि स्नातक भएको र लेखाको क्षेत्रमा सात वर्ष अनुभव प्राप्त गरेको । | **४. न्यायाधिकरणको सदस्य नियुक्त हुनको लागि देहायको योग्यता आवश्यक हुनेछ:-**<br>(क) कानुन सदस्यको लागि उच्च अदालतको न्यायाधीश भई रहेको वा हुन योग्यता पुगेको ।<br>(ख) राजस्व सदस्यको लागि स्नातक भएको र राजस्व प्रशासनमा १५ वर्ष भन्दा बढि अनुभव प्राप्त गरेको वा राजपत्रांकित प्रथम श्रेणी सरहको ।<br>(ग) लेखा सदस्यको लागि स्नातक भएको र लेखाको क्षेत्रमा १५ वर्ष भन्दा बढि अनुभव प्राप्त गरेको वा राजपत्रांकित प्रथम श्रेणी सरहको । | कर अधिकृतहरूले गरेको निर्णय उपर आन्तरिक राजस्व विभागमा परेको प्रशासकीय पुनरावलोकनको निवेदनका सम्बन्धमा राजपत्रांकित प्रथम श्रेणीको महानिर्देशकले निर्णय गर्ने गरेको हुँदा सो उपर पनि न्यायधिकरणमा परेको पुनरावेदन हेर्ने अधिकारीको योग्यता राजपत्रांकित प्रथम श्रेणी भन्दा कम हुनु हुँदैन । त्यसैगरी व्यवहारिक रुपमा आन्तरिक राजस्व विभागको महानिर्देशकको योग्याता कम्तिमा १५ वर्ष हुने भएको हुँदा राजस्व सदस्य तथा लेखा सदस्यको योग्यता १५ वर्ष भन्दा बढि हुनुपर्ने । |
| २. | **दफा ९(१) मा संशोधन** | प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत न्यायाधिकरण वा उच्च अदालतमा पुनरावेदन गर्दा देहायबमोजिम **धरौट** नराखी पुनरावेदन लाग्ने छैन:-<br>(क) कर निर्धारण भएकोमा निर्धारित करको पचास प्रतिशत रकम र जरिवाना भएकोमा जरिवानाको रकम र दुवै भएकोमा निर्धारित करको पचास प्रतिशत रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा,<br>(ख) भन्सार महसूल वा अन्त:शुल्क निर्धारण भएकोमा निर्धारित भन्सार महसूल वा अन्त:शुल्कको रकम र जरिवाना भएकोमा जरिवानाको रकम र दुवै भएकोमा दुवै रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा । | प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत न्यायाधिकरण वा उच्च अदालतमा पुनरावेदन गर्दा देहायबमोजिम **बैंक जमानत** नराखी पुनरावेदन लाग्ने छैन:-<br>(क) कर निर्धारण भएकोमा निर्धारित करको पचास प्रतिशत रकम र जरिवाना भएकोमा जरिवानाको रकम र दुवै भएकोमा निर्धारित करको पचास प्रतिशत रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा,<br>(ख) भन्सार महसूल वा अन्त:शुल्क निर्धारण भएकोमा निर्धारित भन्सार महसूल वा अन्त:शुल्कको रकम र जरिवाना भएकोमा जरिवानाको रकम र दुवै भएकोमा दुवै रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा । | हालको व्यवस्था बमोजिम न्यायधिकरणमा पुनरावेदनका लागि निवेदन गर्न नगद बुझाउनु पर्ने व्यवस्थाबाट नगद जटाउन समस्या रहेको करदाताले पुनरावलोकन गर्न निवेदन दिन नसकि अन्याय सहन बाध्य हुनुपर्ने भएकोले । |

## १०. राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण ऐन, २०५२

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | ऐनको मौजुदा व्यवस्था | ऐनमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | **प्रस्तावना** | सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न र देशको आर्थिक विकास द्रुततर गतिले गर्नको निमित्त अधिक से अधिक राजस्व परिचालन गर्न भन्सार, अन्तःशुल्क तथा कर प्रशासन क्षेत्रमा हुने राजस्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण तथा रोकथाम गरी राजस्व संकलनमा वृद्धि गर्न वाञ्छनीय भएकोले | सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न र देशको आर्थिक विकास द्रुततर गतिले गर्नको निमित्त अधिक से अधिक राजस्व परिचालन गर्न भन्सार, अन्तःशुल्क तथा कर प्रशासन क्षेत्रमा **जानीजानी वा बदनियत पूर्वक राजश्व छल्ने नियतले झुट्टा विवरण पेश गरी** हुने राजस्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण तथा रोकथाम गरी राजस्व संकलनमा वृद्धि गर्न वाञ्छनीय भएकोले | जानीजानी वा बदनियत पूर्वक राजश्व छलने नियतले झुट्टा विवरण पेश गरी हुने राजस्व चुहावटलाई नियन्त्रण तथा रोकथाम गर्नुपर्ने तथा अन्जानमा भएको राजस्व चुहावटलाई सम्बन्धित ऐन अनुरुप कारबाही हुने भएकोले । |
| २. | **दफा ८(३) मा संशोधन** | हाल नभएको । | दफा ८ को उपदफा ३ पछि देहायको उपदफा ३क थप गर्नुपर्ने **(३क) उपदफा (३) बमोजिम अनुसन्धान अधिकृतले अनुसन्धान तथा तहकिकात गर्दा कसुर गर्दा बखत प्रयोग भएको मालसामान र कसुरसँग सम्बन्धित प्रमाण वा वस्तु बाहेक सम्बन्धित व्यक्तिको व्यावसायिक कारोबार वा सम्पत्तिलाई असर नपर्ने गरी कार्य सम्पन्न गर्नुपर्ने हुन्छ ।** | कसुर गर्ने व्यक्तिको व्यापार व्यवसायमा नकारात्मक असर पर्ने भएको कारणले गर्दा निज कसुर गर्ने व्यक्तिको व्यवसाय धरासायी हुन नदिन आवश्यक भएकोले । |
| ३. | **दफा १२(४)मा संशोधन** | उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसुर गर्ने व्यक्ति तत्काल पक्राउ नगरिएमा त्यस्तो व्यक्ति भाग्ने उम्कने वा निजले प्रमाण दसी वा सबूद नष्ट गर्ने मनासिब कारण भएमा वा कसुरसँग सम्बन्धित फरार रहेको व्यक्ति फेला परेमा वा कसुर गरिरहेको अवस्थामा फेला परेमा अनुसन्धान अधिकारीले त्यस्तो व्यक्तिलाई तत्कालै जरुरी पक्राउ पूर्जी जारी गरी त्यस्तो व्यक्तिलाई जुनसुकै ठाँउमा पक्राउ गरी मुद्दा हेर्ने अधिकारी समक्ष स्वीकृतिको लागि पक्राउ परेको व्यक्ति सहित उपस्थित गराउनु पर्नेछ । | उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसुर गर्ने व्यक्ति तत्काल पक्राउ नगरिएमा त्यस्तो व्यक्ति भाग्ने उम्कने वा निजले प्रमाण दसी वा सबूद नष्ट गर्ने मनासिब कारण भएमा वा कसुरसँग सम्बन्धित फरार रहेको व्यक्ति फेला परेमा वा कसुर गरिरहेको अवस्थामा फेला परेमा अनुसन्धान अधिकारीले त्यस्तो व्यक्तिलाई तत्कालै जरुरी पक्राउ पूर्जी जारी गरी त्यस्तो व्यक्तिलाई जुनसुकै ठाँउमा पक्राउ गरी **बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र** मुद्दा हेर्ने अधिकारी समक्ष स्वीकृतिको लागि पक्राउ परेको व्यक्ति सहित उपस्थित गराउनु पर्नेछ । | कसुर गर्ने व्यक्तिलाई जरुरी पक्राउ पूर्जी जारी गरी पक्राउ गरेको खण्डमा बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष स्वीकृतिको लागि पेश गर्न आवश्यक भएकोले । |
| ४. | **दफा १३क(२) मा संशोधन** | (२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि विभागले **पचास लाख रुपैयाँसम्मको** राजस्व चुहावट भएको देखिएमा त्यस्तो आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार महशुल वा अन्य कर वा गैरकर निर्धारण गरी असुल गर्न सम्बन्धित संस्था वा निकायमा लेखी पठाउन सक्नेछ ।<br>तर जानाजान वा बदनियतपूर्वक राजस्व छल्ने नियतले कुनै कार्य गरेमा यस ऐन बमोजिम मुद्दा चलाउनु पर्नेछ । | (२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि विभागले **दश करोड रुपैयाँ सम्मको** राजस्व चुहावट भएको देखिएमा त्यस्तो आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार महशुल वा अन्य कर वा गैरकर निर्धारण गरी असुल गर्न सम्बन्धित संस्था वा निकायमा लेखी पठाउनु पर्नेछ।<br>तर जानाजान वा बदनियतपूर्वक राजस्व छल्ने नियतले कुनै कार्य गरेमा यस ऐन बमोजिम मुद्दा चलाउनु पर्नेछ। | मुद्धा अनिवार्य रुपमा चलाउनु पर्ने सिमा कम भएकोले । |

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | ऐनको मौजुदा व्यवस्था | ऐनमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
| --- | --- | --- | --- | --- |
| ५. | **दफा १३क(६) मा संशोधन** | उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पचास लाख रुपैयाँभन्दा बढीको राजस्व चुहावट भएकोमा यस ऐन बमोजिम मुद्दा दायर गर्नु पर्नेछ । | उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि **दश करोड** रुपैयाँभन्दा बढीको राजस्व चुहावट भएको **अवस्थामा समेत सम्बन्धित व्यक्तिले त्यस्तो रकम भुक्तान गरी मिलापत्र गर्न विभाग समक्ष निवेदन दिएमा विभागले त्यस्तो व्यक्तिसँग मिलापत्र गरी बिगो तथा जरिवाना यथासिघ्र असुल उपर गर्नुपर्नेछ । तर सम्बन्धित व्यक्तिले त्यसरी मिलापत्र गर्न नचाहेमा यस ऐन बमोजिम मुद्धा दायर गर्नु पर्नेछ ।** | माथि उल्लेख गरे बमोजिम मुद्धा अनिवार्य रुपमा चलाउनु पर्ने सिमा कम भएकोले । |
| ६. | **दफा २०(३) मा संशोधन** | उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी वकीलको कार्यालयले प्राप्त मिसिल अध्ययन गर्दा सो विषयमा थप अनुसन्धान गर्नु पर्ने देखिएमा थप अनुसन्धान गर्नु पर्ने विषयवस्तु यकीन गरी सोको आधार र कारण सहित अनुसन्धान अधिकृत समक्ष मिसिल फिर्ता पठाउनु पर्नेछ । | उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी वकीलको कार्यालयले प्राप्त मिसिल अध्ययन गर्दा सो विषयमा थप अनुसन्धान गर्नु पर्ने देखिएमा थप अनुसन्धान गर्नु पर्ने विषयवस्तु यकीन गरी मिसिल प्राप्त भएको **एक महिना भित्र** सोको आधार र कारण सहित अनुसन्धान अधिकृत समक्ष मिसिल फिर्ता पठाउनु पर्नेछ । | मिसिल अध्ययन गर्दा सो विषयमा थप अनुसन्धान गर्नु पर्ने देखिएमा थप अनुसन्धान गर्नु पर्ने विषयवस्तु यकीन भएका खण्डमा एक महिना भित्र सो मिसिल अध्ययन गरी थप अनुसन्धान गर्न पठाई अनुसन्धान पूरा गरी १ वर्ष भित्र मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गरी मुद्दा चाडो भन्दा चाडो टुङ्गयाउन आवश्यक भएकोले । |
| ७. | **दफा २०(४) मा संशोधन** | उपदफा (३) बमोजिम कुनै विषयमा थप अनुसन्धान गर्ने गरी मिसिल प्राप्त भएकोमा अनुसन्धान अधिकृतले सो विषयमा थप अनुसन्धान गरी मुद्दा दायर गर्न प्रस्तावित अभियोगको मागदाबी सहितको मिसिल पुन: सरकारी वकीलको कार्यालयमा पेश गर्नु पर्नेछ । | उपदफा (३) बमोजिम कुनै विषयमा थप अनुसन्धान गर्ने गरी मिसिल प्राप्त भएकोमा मिसिल प्राप्त भएको **२ महिना** भित्र अनुसन्धान अधिकृतले सो विषयमा थप अनुसन्धान गरी मुद्दा दायर गर्न प्रस्तावित अभियोगको मागदाबी सहितको मिसिल पुन: सरकारी वकीलको कार्यालयमा पेश गर्नु पर्नेछ । | थप अनुसन्धान गर्नुपर्ने भएको खण्डमा थप अनुसन्धानको समय सिमा तोकी अनुसन्धान पूरा गरी १ बर्ष भित्र मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गरी मुद्दा चाडो भन्दा चाडो टुङ्गयाउन आवश्यक भएकोले । |
| ८. | **दफा ३१(१) मा संशोधन** | यस ऐन बमोजिम सजाय हुने कसुरसित सम्बन्धित मालवस्तुको धनी पत्ता नलागेमा अनुसन्धान अधिकृतले कब्जा गरिएको मालवस्तुको कुनै हकदार भए हकदावी गर्न आउनु भनी सबैले देख्ने ठाउँमा पन्ध्र दिनको म्याद दिई सूचना टाँस गर्नु पर्नेछ । | यस ऐन बमोजिम सजाय हुने कसुरसित सम्बन्धित मालवस्तुको धनी पत्ता नलागेमा अनुसन्धान अधिकृतले कब्जा गरिएको मालवस्तुको कुनै हकदार भए हकदावी गर्न आउनु भनी सबैले देख्ने ठाउँमा **तथा विद्युतिय माध्यममा तीस दिनको** म्याद दिई सूचना टाँस गर्नु पर्नेछ । | विद्युतिय माध्यम पनि सूचना प्रकाशन गर्ने व्यवस्था गर्न आवश्यक भएकोले । |
| ९. | **दफा ४१ मा संशोधन** | यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियमहरुमा लेखिएको जतिमा सोही बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुनेछ । | अन्य प्रचलित कानुन बमोजिम एउटै प्रकृतिको मुद्धा चलिसकेको वा चलिरहेको अवस्था दोहोरो पर्ने गरी यस ऐन वा यस ऐन अन्तर्गत वनेको नियमहरु बमोजिम कारवाही गरिनेछैन । | कुनै पनि व्यवसायीलाई दोहोरो मुद्धा चलाई अनावश्यक दु:ख नहुने गरी तथा अन्जानमा भएको राजस्व चुहावटलाई प्रचलित कानुन बमोजिम मुद्धा चलाउने र जानाजान वा बदनियत पूर्वक राजश्व छल्ने नियतले झुट्टा विवरण पेश गरी हुने राजस्व चुहावटलाई मात्र यस ऐन बमोजिम मुद्धा चलाउने व्यवस्था गर्न आवश्यक भएकोले । |

## ११. मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा मुल्य अभिवृद्धि कर नियमावली, २०५३

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | ऐनको मौजुदा व्यवस्था | ऐनमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | **ऐनको दफा ८(३) मा संशोधन** | व्यावसायिक प्रयोजनको लागि निर्माण गरिने पचास लाख रुपैयाँभन्दा बढीको भवन वा अपार्टमेन्ट वा सपिङ कम्प्लेक्स वा विभागले तोकेका यस्तै प्रकारका अन्य संरचना दर्ता नभएको व्यक्तिबाट निर्माण गराएको भए तापनि त्यस्तो निर्माण दर्ता भएको व्यक्तिबाट गराए सरह मानी कर दाखिला गर्नु पर्नेछ। त्यसरी दाखिला नगरेमा सो संरचनाको स्वामित्व रहेका व्यक्तिबाट कर निर्धारण गरी असुल उपर गरिनेछ ।<br><br>**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि “व्यावसायिक प्रयोजन” भन्नाले भवन, अपार्टमेन्ट, सपिङ कम्प्लेक्स वा विभागले तोकेका अन्य यस्तै संरचना निर्माण गरी बिक्री गर्ने एवं त्यस्ता संरचना चालू वा स्थायी सम्पत्तिको रूपमा लेखाङ्कन गरी आय आर्जनमा उपयोग गर्ने कार्य सम्झनु पर्छ । | **जलविद्युत परियोजना निर्माण गर्दा बाहेक** व्यावसायिक प्रयोजनको लागि निर्माण गरिने पचास लाख रुपैयाँभन्दा बढीको भवन वा अपार्टमेन्ट वा सपिङ कम्प्लेक्स वा विभागले तोकेका यस्तै प्रकारका अन्य संरचना दर्ता नभएको व्यक्तिबाट निर्माण गराएको भए तापनि त्यस्तो निर्माण दर्ता भएको व्यक्तिबाट गराए सरह मानी कर दाखिला गर्नु पर्नेछ। त्यसरी दाखिला नगरेमा सो संरचनाको स्वामित्व रहेका व्यक्तिबाट कर निर्धारण गरी असुल उपर गरिनेछ ।<br><br>**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि “व्यावसायिक प्रयोजन” भन्नाले भवन, अपार्टमेन्ट, सपिङ कम्प्लेक्स वा विभागले तोकेका अन्य यस्तै संरचना निर्माण गरी बिक्री गर्ने एवं त्यस्ता संरचना चालू वा स्थायी सम्पत्तिको रूपमा लेखाङ्कन गरी आय आर्जनमा उपयोग गर्ने कार्य सम्झनु पर्छ । | जलविद्युत परियोजना निर्माण गर्न त्यसरी ठेक्का दिँदा मु.अ.कर लागि परियोजनाको लागत बढ्न जाने हुँदा जलविद्युत परियोजनालाई उक्त प्रावधान लागु नहुने व्यवस्था गर्न । |
| २. | **ऐनको दफा १७(२) हटाइएको** | उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यावसायिक वा व्यक्तिगत प्रयोजनको लागि प्रयोग हुन सक्ने तोकिएका वस्तुहरूका हकमा कर कट्टी गर्न नपाउने वा आंशिक रूपमा मात्र कर कट्टी गर्न पाउने व्यवस्था गर्न सकिनेछ । | **हटाइएको** | मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७(२) अनुरुप मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को दफा ४१ ले पेय पदार्थ, अल्कोहल वा अल्कोहल मिश्रित पेय पदार्थ, सवारी साधनको लागि पेट्रोल तथा मनोरञ्जन खर्चमा तिरेको कर कट्टी गर्न नपाइने र अटोमोबाइल्समा तिरेको कर ४० प्रतिशत मात्र कट्टी गर्न सकिने व्यवस्था गरेको छ । मूल्य अभिवृद्धि करको मूल सिद्धान्त अनुरुप कर लाग्ने कारोबारसँग सम्बन्धित सबै सेवा वा पदार्थमा तिरेको कर कट्टी हुने व्यवस्था गर्न मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७(२) तथा मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को दफा ४१ हटाइनुपर्दछ । |

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | ऐनको मौजुदा व्यवस्था | ऐनमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ३. | **नियमावलीको नियम ४१ हटाइएको** | ४१. (१) ऐनको दफा १७ को प्रयोजनको लागि देहायका वस्तु वा सेवाहरूको हकमा कर कट्टी गर्न पाइने छैनः-<br>(क) पेय पदार्थ,<br>(ख) अल्कोहल वा अल्कोहल मिश्रित पेय पदार्थ जस्तै रक्सी, बियर,<br>(ग) सवारी साधनको लागि पेट्रोल,<br>(घ) मनोरञ्जन खर्च,<br>(२) देहायका वस्तुहरूमा देहाय बमोजिम अनुपातमा कर कट्टी गर्न पाइनेछः-<br>(क) .........<br>(ख) अटोमोवाइल्समा खरिद मूल्यको ४० प्रतिशत ।<br>(ग) ..........<br>**स्पष्टीकरणः** खण्ड (ख) को प्रयोजनको लागि "अटोमोवाइल्स" भन्नाले कुनै पनि तीन वा सोभन्दा बढी पांग्रा भएको सडकमा गुड्ने यात्रुबाहक सवारीको साधन सम्झनुपर्छ ।<br>(३) दर्ता भएको व्यक्तिले उपनियम (१) वा (२) को आपूर्ति गर्ने कार्य नै मुख्य रूपमा गर्ने भएमा यस नियमावलीमा व्यवस्थित प्रक्रिया बमोजिम कर कट्टी गर्न बाधा पर्ने छैन । | **हटाइएको** | माथि उल्लेख गरेबमोजिम मूल्य अभिवृद्धि करको मूल सिद्धान्त अनुरुप कर लाग्ने कारोबारसँग सम्वन्धित सबै सेवा वा पदार्थमा तिरेको कर कट्टी हुने व्यवस्था गर्न नियम ४१ हटाइनुपर्दछ । |
| ४. | **ऐनको दफा २४(३) मा संशोधन** | यस दफा बमोजिम लगातार ४ महिनासम्म मिलान गरेर बाँकी रहेको रकम दर्ता भएको व्यक्तिले एकमुष्ट फिर्ता पाउन तोकिए बमोजिम कर अधिकृतसमक्ष निवेदन दिन सक्नेछ । | यस दफा बमोजिम लगातार **३ महिनासम्म** मिलान गरेर बाँकी रहेको रकम दर्ता भएको व्यक्तिले एकमुष्ट फिर्ता पाउन तोकिए बमोजिम कर अधिकृतसमक्ष निवेदन दिन सक्नेछ । | नेपालले मूल्य अभिवृद्धि करको कर कट्टी प्रणालीमा आधारित "उपभोग प्रकार" लागू गरेको अवस्था छ । सिद्धान्ततः यस प्रथाअन्तर्गत बिक्रीमा असुल गरेको करभन्दा खरिद/पैठारीमा तिरेको कर बढी भएमा फरक रकम तुरुन्त फिर्ता दिनुपर्ने वा करदाताको अन्य कर दायित्वसँग मिलान गर्न पाउनुपर्ने हो । यस सन्दर्भमा छ महिनासम्म मिलान हुन नसकेको रकम फिर्ता दिने व्यवस्थालाई आर्थिक ऐन, २०७६ ले "चार महिनासम्म" प्रवनध गरेतापनि सो अवधि अझै लामो भएको हुँदा "तीन महिना" वनाइनुपर्दछ । |
| ५. | **ऐनको दफा २४(५) मा संशोधन** | उपदफा (३) वा (४) बमोजिम कुनै निवेदन परेमा फिर्ता दिनुपर्ने ठहरिएको रकम कर अधिकृतले फिर्ता दिनेछ र निवेदन परेको मितिले उपदफा (३) बमोजिम भए साठी दिनभित्र र उपदफा (४) बमोजिम भए तीस दिनभित्र फिर्ता नगरिएमा त्यस्तो रकममा नेपाल सरकारले तोकिए बमोजिम ब्याज समेत दिनु पर्नेछ । | उपदफा (३) वा (४) बमोजिम कुनै निवेदन परेमा फिर्ता दिनुपर्ने ठहरिएको रकम कर अधिकृतले फिर्ता दिनेछ र निवेदन परेको मितिले **तीस दिनभित्र** फिर्ता नगरिएमा त्यस्तो रकममा नेपाल सरकारले तोकिए बमोजिम ब्याज समेत दिनु पर्नेछ । | माथि उल्लेख गरेबमोजिम कर फिर्ता दिने व्यवस्थालाई सरल, निश्चित, छिटो, छरितो वनाउन (क) मुल्य अभिवृद्धि नियमावलीको, २०५३ मा कर फिर्ताको लागि आवश्यक प्रमाणहरु तोक्नुपर्ने, र (ख) कर फिर्ताको लागि निवेदन पेश भएको मितिले तीस दिन भित्र कर फिर्ता गरिसक्नुपर्ने व्यवस्था गर्नुपर्दछ । यस सन्दर्भमा मुल्य अभिवृद्धि नियमावलीको, २०५३ को सम्बन्धित दफा ४५ लाई प्रस्तावित संशोधन बमोजिम संशोधन गर्नुपर्दछ । |

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | ऐनको मौजुदा व्यवस्था | ऐनमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ६. | **ऐनमा दफा १४क(४) थप गरिएको** | हाल नभएको । | **ऐनको दफा १४क(३) पछि देहायको बमोजिम उपदफा (४) थप गर्नुपर्नेः**<br>(४) उपदफा (१) बमोजिम बिजक जारी गरिएमा भौतिक रुपमा सोही बिजक अनुरुप अन्य बिजक जारी गर्नुपर्ने छैन । | विद्युतीय कारोबार ऐन, २०६३ तथा प्रमाण ऐन, २०३१ ले विद्युतिय अभिलेखलाई मान्यता दिएको अवस्था छ । साथै मूल्य अभिवृद्धि ऐनले विद्युतिय बिजक जारी गर्न सक्ने व्यवस्था गरेतापनि सोही बमोजिम नै विद्युतिय बिजक जारी गर्दा धेरै ग्राहक तथा सेवाग्राहिहरुले विद्युतिय बिजक आधिकारिक नहुने र भौतिक बिजक नै जारी गर्नुपर्ने भन्ने खालको दाबी गर्ने हुँदा विद्युतिय बिजक जारी भएमा अन्य बिजक जारी गर्नुपर्ने व्यवस्था हुनुपर्दछ । |
| ७. | **ऐनको दफा ७ (१) मा संशोधन** | यस ऐन बमोजिम लाग्ने करको दर तेह्र प्रतिशतको एकल दर हुनेछ । | यस ऐन बमोजिम लाग्ने कर बहुदरको हुनेछ । | **छिमेकी मुलुकमा बहुदर प्रकृतिको अप्रत्यक्ष कर प्रणाली भएकोले** |
| ८. | **नियमावलीको नियम ६ग हटाइएको** | (१) सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु, सेवा वा दुवै आपूर्ति गरी सो बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको **तीस प्रतिशतले** हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नु पर्नेछ । (२) उपनियम (१) बमोजिम भुक्तानी गर्ने निकायले राजस्व शीर्षकमा जम्मा गरिदिएको व्यहोराको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनु पर्नेछ । (३) उपनियम (१) बमोजिम जम्मा भएको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ताले बुझाउनु पर्ने करमा मिलान गर्न पाउनेछ । | हटाइएको । | मूल्य अभिवृद्धि कर बमोजिम विक्रेता वा आपूर्तिकर्ताले वस्तु वा सेवा आपुर्ति गर्दा कर संकलन गर्नुपर्ने हुँदा । त्यसैगरी सार्वजनिक निकायले कर कट्टि गर्ने हुँदा सम्बन्धित ठेकेदार वा आपुर्तिकर्ताले तिरेको रकम आफुले उठाएको रकमबाट कट्टा गर्न नपाउने हुँदा ठेकेदार वा आपुर्तिकर्तालाई मर्का पर्ने । साथै व्यवहारिकतामा आन्तरिक राजस्व कार्यालयको विद्युतिय प्रणालिको सिमितताको कारणले त्यस्तो सार्वजनिक निकायले त्यस्तो ठेकेदार वा आपुर्तिकर्ताको तर्फबाट कर दाखिल गरेको कुरा प्रमाणित गर्न नसक्ने भएकोले । |
| ९. | **ऐनमा दफा १७ (६क) थप गरिएको** | हाल नभएको । | **दफा १७ को उपदफा ६ पछि देहायको उपदफा ६क थप गर्नुपर्ने,**<br>६क. उपदफा ६ बमोजिम तोकिने कागजातहरु पेश गर्दा सामान्यतया पूर्ण लेखापरिक्षण (फुल अडिट) आवश्यक पर्ने छैन । तर नेपाल सरकारले आवश्यक्ता अनुसार कुन अवस्थामा पूर्ण लेखा परीक्षण आवश्यक पर्ने सम्बन्धमा निर्देशिका जारी गर्नेछ । | मूल्य अभिवृद्धि कर ऐनको दफा १७(छ) ले कर फिर्ताको तोकेको कागजात सहित निवेदन दिन पर्ने व्यवस्था अनुसार मूल्य अभिवृद्धि कर नियमावलीले कागजातहरु तोकेको छ । उक्त कागजातहरुमा पूर्ण लेखापरीक्षण (फुल अडिट) नलेखेतापनि पूर्ण लेखापरीक्षण मागिने गर्दछ । यसले गर्दा सेवाग्राहीहरुले कर फिर्ता लिन धेरै समय खर्च हुने हुँदा समस्यामा परेका छन् । तसर्थ कुन कुन अवस्थामा पूर्ण लेखापरीक्षण आवश्यक पर्ने सम्बन्धमा स्पष्टता आवश्यक रहेकोले । |

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | ऐनको मौजुदा व्यवस्था | ऐनमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १०. | **ऐनको दफा २६(२) मा संशोधन** | उपदफा (१) को प्रयोजनको लागि ब्याजको दर वार्षिक पन्ध्र प्रतिशत हुनेछ । | उपदफा (१) को प्रयोजनको लागि ब्याजको दर वार्षिक **दश प्रतिशत** हुनेछ । | तोकिएको ब्याजदर सामान्य ब्याजदर तथा मुद्रास्फीति दर भन्दा बढि भएको हुँदा । यस व्यहोरा मुलुकी देवानी संहिताको दफा ४७८(४) ले पनि स्पष्ट गरेको छ । उक्त कानुनको दफा अनुसार लेनदेन लिखतमा ब्याजदर उल्लेख नगरेको अवस्थामा साहुले १० प्रतिशतसम्म मात्र उठाउन सक्ने व्यवस्था गरेबाट मूल्य अभिवृद्धि कर ऐनले तोकेको ब्याज दर अधिकतम भएको स्पष्ट छ । |
| ११. | **ऐनमा दफा १७ (७क) थप गरिएको** | हाल नभएको । | **दफा १७ को उपदफा ७ पछि देहायको उपदफा ७ क थप गर्नुपर्ने**<br>(७क) दफा ८ को उपदफा (३) बमोजिम कर दाखिला गर्ने व्यक्तिले त्यसरी दाखिला गरेको कर बराबरको रकम यस दफा बमोजिम कट्टी गर्न पाउनेछ । | दफा ८(३) मा व्यावसायिक प्रयोजनको लागि निर्माण गरिने पचास लाख रुपैयाँभन्दा बढीको भवन वा अपार्टमेन्ट वा सपिङ कम्प्लेक्स वा विभागले तोकेका यस्तै प्रकारका अन्य संरचना दर्ता नभएको व्यक्तिबाट निर्माण गराएको भएता पनि त्यस्तो निर्माण दर्ता भएको व्यक्तिबाट गराए सरह मानी सो संरचनाको स्वामित्व रहेका व्यक्तिबाट कर निर्धारण गरी असुल उपर गरिनेछ भनि व्यवस्था गरिएको भएता पनि दफा १७ बमोजिम क्रेडिट दाबी गर्नको लागि प्रष्ट व्यवस्था नगरिएकोले । |
| १२. | **ऐनको दफा ३१क. (६) मा संशोधन** | उपदफा (१) बमोजिम निवेदन दिने करदाताले निर्धारित कर रकममध्ये विवादरहित कर रकम बुझाई विवादित कर रकमको एक चौथाई रकम दाखिला गर्नु पर्नेछ । | उपदफा (१) बमोजिम निवेदन दिने करदाताले निर्धारित कर रकम मध्ये विवादरहित कर रकम बुझाई विवादित कर रकमको एक चौथाई रकम दाखिला गर्नु पर्नेछ वा **त्यस्तो रकम वापत बैंक जमानत** दिनुपर्नेछ । | विवादित कर रकमको हकमा हालको व्यवस्था बमोजिम बैंक जमानत राखी प्रशासकीय पुनरावलोकन गर्न सकिने वा नसकिने भन्ने व्यहोरा स्पष्ट नभएको । प्रशासकीय पुनरावलोकनका लागि निवेदन गर्न नगद बुझाउनु पर्ने व्यवस्थाबाट नगद जटाउन समस्या रहेको करदाताले पुनरावलोकन गर्न निवेदन दिन नसकि अन्याय सहन बाध्य हुनुपर्ने भएकोले । |
| १३. | **ऐनको दफा ३२क(१क) थप गरिएको** | नभएको | (१क) उपदफा (१) बमोजिम ३० दिनभित्र पूर्वादेश जारी नहुने अवस्थामा जारी नगर्नुको कारण सहित निवेदकलाई लिखित रुपमा निवेदनको ३० दिन भित्र जानकारी दिनु पर्नेछ। | करदाताको सेवामा प्रभावकारिता बृद्धि हुने र त्रुटिपूर्ण विवरण दाखिलामा कमि आउने । |

## १२. आयकर ऐन, २०५८

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | ऐनको मौजुदा व्यवस्था | ऐनमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | **दफा ५७ (१ख) थप गरिएको** | हाल नभएको । | **दफा ५७ को उपदफा (१) पछि देहाय बमोजिम उपदफा (१क) थप गरिएको:**<br>(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस दफा नवप्रवर्तन उद्यम, भेन्चर क्यापिटल र रुग्ण उद्योगको हकमा तथा अस्वेच्छिक शेयर हस्तान्तरण भएको अवस्थामा लागु हुने छैन ।<br>यस दफाको प्रयोजनको लागि,<br>(क) नवप्रवर्तन उद्यम भन्नाले नयाँ प्रविधिको माध्यमबाट कम समय, कम लागत तथा कम स्रोतको उच्चतम उपयोग गरी उच्च गुणस्तरको आविष्कार तथा प्रणालीको विकास गर्ने स्वःउद्यमजन्य कार्य गर्ने उद्योग सम्फनु पर्छ ।<br>(ख) भेन्चर क्यापिटल भन्नाले धितोपत्र सूचीकरण नभएका, संचालनको शुरुवातीक्रममा रहेका वा संचालनको प्रक्रिया अगाडि बढिसकेका वा संचालनमा रहेका नवीनतम ज्ञान, सीप र क्षमता भएका वा नयाँ वस्तु, सेवा, प्रविधि वा बौद्धिक सम्पत्तिसँग सम्बन्धित व्यवसाय वा नवीनतम उद्यम व्यवसायलाई संचालन गर्न शेयर स्वामित्व पूंजी वा ऋणको स्वरुप भएको उपकरण (डेब्ट इन्स्टुमेन्ट) वा ऋण लगानी गर्ने कोषलाई सम्फनु पर्छ ।<br>(ग) रुग्ण उद्योग भन्नाले उद्योगले आफ्ना व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको मितिदेखि न्यूनतम पाँच वर्ष सञ्चालनमा रही नियतवश वा व्यवस्थापकीय कमजोरीका कारणले नभई काबु बाहिरको परिस्थिति परि लगातार पछिल्ला तीन वर्षसम्म उद्योगको जडित क्षमताभन्दा तीस प्रतिशत वा सो भन्दा कम क्षमतामा सञ्चालन भई सो तीन वर्षको अवधिमा लगातार घाटामा सञ्चालनमा रहेको उद्योगलाई सम्फनु पर्छ ।<br>(घ) अस्वेच्छिक शेयर हस्तान्तरण भन्नाले शेयर लिने र दिने व्यक्तिहरुको स्वइच्छाले नभई कानुन बमोजिम गरिएको शेयर हस्तान्तरण जस्तै ऋणिले ऋण भुक्तान गर्न नसकेको अवस्थामा ऋण सम्फौता बमोजिम साहु वा साहुले तोकेको व्यक्ति वा अन्य तेस्रो पक्षले शेयर लिएको वा दिएको, अंश अपुताली परेको वा कुनै नियामनकारी निकायको निर्देशन वा कानुन पालना गरी संस्था गाभ्ने वा पूंजी बढाउने कार्य गर्दा हुने हस्तान्तरण समेत सम्फनु पर्छ । | नाफामा रहेको निकायले नोक्सानमा रहेको निकाय खरिद गरी उक्त खरिद गरिएको निकायको व्यवसायिक उद्देश्य बाहेक अन्य कार्य गरी उक्त खरिद गरिएको निकायको नोक्सानी व्यवसायको नाफामा मिलान गरी आकर्षित कर घटाउने परिपाटी रोक्न स्वामित्व परिवर्तन हुनु अघिको नोक्सानी आगामी वर्षहरुमा सार्न नपाउने गरी व्यवस्था गरिएको हो ।<br><br>तर विश्वव्यापी रुपमा स्वामित्व परिवर्तन हुने निकायले आगामी वर्षहरुमा पनि स्वामित्व परिवर्तन हुनु अघिको उद्देश्य बमोजिम नै कार्य गरेमा त्यस्तो प्रतिवनध नलगाउने गरेको अभ्यास रहेको छ । यस्तो प्रतिवनध कर छलिको प्रवनध रहेमा मात्र आकर्षित हुने प्रचलन रहेकाले प्रत्येक स्वामित्व परिवर्तनमा सो प्रतिवनध लगाउनु व्यवसायीक हिसाबले मनासिब नहुने र यस्तो प्रतिवनधले व्यवसायले नोक्सानी उपभोग गर्नबाट वञ्चित हुने । |

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | ऐनको मौजुदा व्यवस्था | ऐनमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| २. | **दफा ९६ (६) मा संशोधन** | (६) कुनै व्यक्तिले विभागमा म्यादभित्र पेश गरेको आय विवरण अन्यथा भई संशोधन गर्न चाहेमा विवरण पेश गरेको मितिले **तीस दिनभित्र** विभागले तोकेको प्रकृया बमोजिम आय विवरण संशोधन गर्न सक्नेछ। | (६) कुनै व्यक्तिले विभागमा म्यादभित्र पेश गरेको आय विवरण अन्यथा भई संशोधन गर्न चाहेमा विवरण पेश गरेको मितिले **नब्बे दिनभित्र** विभागले तोकेको प्रकृया बमोजिम आय विवरण संशोधन गर्न सक्नेछ। | कानुनले तोकेको म्यादभित्र आय विवरण पेश गरेको कुनै पनि व्यक्तिले आय विवरण अन्यथा भई आय विवरणको कर रकम संशोधन गर्न दिने म्याद ३० दिन रहेको हुदा सो अवधि थप गर्नु पर्ने देखिन्छ। |
| ३. | **दफा १२३ मा संशोधन** | **१२३. कर दाखिला नगर्नेलाई हुने सजायः** मनासिब माफिकको कारण विना कर दाखिला गर्नु पर्ने निर्धारित समयसम्म कर दाखिला नगर्ने व्यक्तिलाई पाँच हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिवाना वा एक महिनादेखि तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ । | **१२३. कर दाखिला नगर्नेलाई हुने सजायः** मनासिब माफिकको कारण विना कर दाखिला गर्नु पर्ने निर्धारित समयसम्म कर दाखिला नगर्ने व्यक्तिलाई पाँच हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । | आर्थिक प्रकृतिको कसुरमा आर्थिक जरिवानामा सिमित हुनुपर्ने भएकोले । |
| ४. | **दफा १२४ मा संशोधन** | **१२४. झुट्टा वा भ्रमपूर्ण विवरण दिनेलाई हुने सजायः** कुनै व्यक्तिले विभागमा दिएको कुनै जानकारी वा विवरण जानाजानी वा लापरवाही साथ पेश गरेको कारणले झुट्टा वा भ्रमपूर्ण भएमा वा त्यस्तो व्यक्तिले त्यस्तो विषयका सम्बन्धमा कुनै खास कुरा वा विषयको जानकारी विवरणमा उल्लेख नगरी वा हटाई सो विभ्रमपूर्ण हुन गएकोमा त्यस्तो व्यक्तिलाई चालीस हजार रुपैयाँदेखि एक लाख साठी हजार रुपैयाँसम्म जरिवाना वा छ महिनादेखि दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ । | **१२४. झुट्टा वा भ्रमपूर्ण विवरण दिनेलाई हुने सजायः** कुनै व्यक्तिले विभागमा दिएको कुनै जानकारी वा विवरण जानाजानी वा लापरवाही साथ पेश गरेको कारणले झुट्टा वा भ्रमपूर्ण भएमा वा त्यस्तो व्यक्तिले त्यस्तो विषयका सम्बन्धमा कुनै खास कुरा वा विषयको जानकारी विवरणमा उल्लेख नगरी वा हटाई सो भ्रमपूर्ण हुन गएकोमा त्यस्तो व्यक्तिलाई चालीस हजार रुपैयाँदेखि एक लाख साठी हजार रुपैयाँसम्म जरिवाना हुनेछ । | आर्थिक प्रकृतिको कसुरमा आर्थिक जरिवानामा सिमित हुनुपर्ने भएकोले । |
| ५. | **दफा १२५ मा संशोधन** | **१२५. कर प्रशासनमा बाधा विरोध गर्ने वा अनुचित प्रभाव पार्नेलाई हुने सजायः** (१) देहायका कार्य गर्ने व्यक्तिलाई पाँच हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म जरिवाना वा एक महिनादेखि तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछः-<br>(क) यस ऐन बमोजिम आफनो कर्तव्य पालना गर्ने सिलसिलामा विभागको अधिकृतलाई बाधा विरोध गरेमा,<br>(ख) दफा ८३ बमोजिमको सूचना बमोजिम कार्य नगरेमा, वा<br>(ग) अन्य कुनै रूपमा यस ऐनको कार्यान्वयनमा बाधा विरोध गरेमा । | **१२५. कर प्रशासनमा बाधा विरोध गर्ने वा अनुचित प्रभाव पार्नेलाई हुने सजायः** (१) देहायका कार्य गर्ने व्यक्तिलाई पाँच हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म जरिवाना हुनेछः-<br>(क) यस ऐन बमोजिम आफनो कर्तव्य पालना गर्ने सिलसिलामा विभागको अधिकृतलाई बाधा विरोध गरेमा,<br>(ख) दफा ८३ बमोजिमको सूचना बमोजिम कार्य नगरेमा, वा<br>(ग) अन्य कुनै रूपमा यस ऐनको कार्यान्वयनमा बाधा विरोध गरेमा । | आर्थिक प्रकृतिको कसुरमा आर्थिक जरिवानामा सिमित हुनुपर्ने भएकोले । |
| ६. | **दफा १२६ मा संशोधन** | **१२६. अख्तियार प्राप्त वा अख्तियार प्राप्त नभएको व्यक्तिले कसुर गरेमा हुने सजायः** (१) दफा ८४ को उल्लङ्घन गर्ने कुनै पनि अख्तियार प्राप्त व्यक्तिलाई असी हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।<br>(२) यस ऐन बमोजिम अख्तियार नपाएको कुनै व्यक्तिले कर वा कर भनी अन्य कुनै रकम उठाएमा वा उठाउन प्रयत्न गरेमा असी हजार रुपैयाँदेखि दुई लाख चालीस हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षदेखि तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ । | **१२६. अख्तियार प्राप्त वा अख्तियार प्राप्त नभएको व्यक्तिले कसुर गरेमा हुने सजायः** ( १ ) दफा ८४ को उल्लङ्घन गर्ने कुनै पनि अख्तियार प्राप्त व्यक्तिलाई असी हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।<br>(२) यस ऐन बमोजिम अख्तियार नपाएको कुनै व्यक्तिले कर वा कर भनी अन्य कुनै रकम उठाएमा वा उठाउन प्रयत्न गरेमा असी हजार रुपैयाँदेखि दुई लाख चालीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । | आर्थिक प्रकृतिको कसुरमा आर्थिक जरिवानामा सिमित हुनुपर्ने भएकोले । |

## १३. कम्पनी ऐन, २०६३

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | ऐनको व्यवस्था | ऐनमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | दफा ३१(१) | **शेयरको विवरण कार्यालयमा पठाउने:** (१) कम्पनीले निष्काशन तथा बाँडफाँड भएको शेयरको कित्ता, त्यसको जम्मा रकम, सो शेयर लिनेको नाम, ठेगाना र शेयरपिच्छे असुल भएको र असुल हुन बाँकी रकमको हिसाब शेयर बाँडफाँड भएको तीस दिनभित्र कार्यालयमा पठाउनु पर्नेछ । | **शेयरको विवरण तथा शेयरधनी दर्ता किताब कार्यालयमा पठाउने:** (१) कम्पनीले निष्काशन तथा बाँडफाँड भएको शेयरको कित्ता, त्यसको जम्मा रकम, सो शेयर लिनेको नाम, ठेगाना र शेयरपिच्छे असुल भएको र असुल हुन बाँकी रकमको हिसाब तथा शेयरधनी दर्ता किताब शेयर बाँडफाँड भएको तीस दिनभित्र कार्यालयमा पठाउनु पर्नेछ । | शेयरधनी दर्ता किताब कार्यालयमा बुझाउनु पर्ने र अभिलेख गर्नुपर्ने व्यवस्था ऐनमा नभएको यद्दपी कम्पनीहरूले शेयरधनी दर्ता किताब कार्यालयमा बुझाइ अभिलेख गर्ने गरेका छन् । |
| २. | दफा ६३(१) | **कारोबार प्रारम्भ गर्न स्वीकृति लिनु पर्ने:** (१) यस ऐन अन्तर्गत संस्थापित पब्लिक कम्पनीले कारोबार गर्ने स्वीकृति प्राप्त नगरी आफ्नो कारोबार प्रारम्भ गर्नु हुँदैन । | **कारोबार प्रारम्भ गर्न स्वीकृति लिनु पर्ने:** (१) यस ऐन अन्तर्गत संस्थापित पब्लिक कम्पनीले कारोबार गर्ने स्वीकृति प्राप्त नगरी आफ्नो कारोबार प्रारम्भ गर्नु हुँदैन ।<br>**तर, सञ्चालनमा आइसकेको कुनै प्राइभेट कम्पनी पब्लिक कम्पनीमा परिणत हुँदा कारोबार गर्ने स्वीकृति आवश्यक पर्नेछैन ।** | आफ्नो व्यवसाय वा कारोबार सञ्चालन गरिरहेको प्राइभेट कम्पनी पब्लिक कम्पनीमा परिणत हुँदा कारोबार गर्ने स्वीकृति केवल formality को लागि मात्र हुने र यसको औचित्य पनि नहुने । |
| ३. | दफा ८९(१)(छ) | **सञ्चालकको पदमा नियुक्त हुन वा बहाल रहन नसक्ने अवस्था: (१) देहायका कुनै व्यक्ति सञ्चालकको पदमा नियुक्त हुन सक्ने छैन:**<br>(छ) समान उद्देश्य भएको अर्को कुनै कम्पनीको सञ्चालक, आधारभूत शेयरधनी, कर्मचारी, लेखापरीक्षक वा सल्लाहकार पदमा बहाल रहेको वा त्यस्तो कम्पनीमा कुनै पनि प्रकारको निजी स्वार्थ भएको,<br>तर एउटा प्राइभेट कम्पनीको त्यस्तो व्यक्ति समान उद्देश्य भएको अर्को प्राइभेट कम्पनीमा सञ्चालक हुन सक्नेछ । | **सञ्चालकको पदमा नियुक्त हुन वा बहाल रहन नसक्ने अवस्था: (१) देहायका कुनै व्यक्ति सञ्चालकको पदमा नियुक्त हुन सक्ने छैन:**<br>(छ) समान उद्देश्य भएको अर्को कुनै कम्पनीको सञ्चालक, आधारभूत शेयरधनी, कर्मचारी, लेखापरीक्षक वा सल्लाहकार पदमा बहाल रहेको वा त्यस्तो कम्पनीमा कुनै पनि प्रकारको निजी स्वार्थ भएको,<br>तर मुख्य कम्पनीको त्यस्तो व्यक्ति सहायक कम्पनीमा वा एउटा प्राइभेट कम्पनीको त्यस्तो व्यक्ति समान उद्देश्य भएको अर्को प्राइभेट कम्पनीमा सञ्चालक हुन सक्नेछ । त्यसैगरी बैंक, वित्तिय तथा बीमा क्षेत्रसँग सम्बन्धित कम्पनीको हकमा बाहेक त्यस्तो व्यक्ति समान उद्देश्य भएको अर्को पब्लिक कम्पनीमा सञ्चालक हुन सक्नेछ । | मुख्य कम्पनीको सञ्चालक सहायक कम्पनीको सञ्चालक हुन यो व्यवस्थाले रोक लगाएको र यसले मुख्य कम्पनी र सहायक कम्पनीको सञ्चालनमा असहजता हुने भएकोले । |
| ४. | दफा ८९(३)(ग) | **सञ्चालकको पदमा नियुक्त हुन वा बहाल रहन नसक्ने अवस्था: (३) देहायको अवस्थामा कुनै व्यक्ति सञ्चालकको पदमा बहाल रहने छैन:-**<br>(ग) सञ्चालकले आफ्नो पदबाट दिएको राजीनामा सञ्चालक समितिबाट स्वीकृत भएमा | **सञ्चालकको पदमा नियुक्त हुन वा बहाल रहन नसक्ने अवस्था: (३) देहायको अवस्थामा कुनै व्यक्ति सञ्चालकको पदमा बहाल रहने छैन:-**<br>(ग) सञ्चालकले आफ्नो पदबाट दिएको राजीनामा सञ्चालक समितिबाट तीस दिनभित्र स्वीकृत भएमा<br>(घ) सञ्चालक समितिबाट तीस दिनभित्र राजीनामा स्वीकृत नभएको अवस्थामा राजीनामा स्वत: स्वीकृत हुनेछ । | यो व्यवस्थाले सञ्चालक समितिबाट राजीनामा स्वीकृत नभए सम्म त्यस्तो राजीनामा दिने सञ्चालकलाई कम्पनी प्रति उत्तरदायी वनाइराख्ने भएकोले सञ्चालक समितिबाट राजीनामा स्वीकृत गराउनुपर्ने व्यवस्थामा समय सीमा राखिएको । |

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | ऐनको व्यवस्था | ऐनमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ५. | दफा ११३ | **कार्यालयले लेखापरीक्षक नियुक्त गर्न सक्ने: कम्पनीको वार्षिक साधारण सभामा कारणवश लेखापरीक्षक नियुक्त हुन नसकेमा वा वार्षिक साधारण सभा नै हुन नसकेमा** वा यस ऐन बमोजिम नियुक्त भएको लेखापरीक्षक कुनै कारणवश कायम रहन नसकेमा कम्पनीको सञ्चालक समितिको अनुरोधमा कार्यालयले अर्को लेखापरीक्षक नियुक्त गर्न सक्नेछ । | **कार्यालयले लेखापरीक्षक नियुक्त गर्न सक्ने:** कम्पनीको वार्षिक साधारण सभामा कारणवश लेखापरीक्षक नियुक्त हुन नसकेमा वा वार्षिक साधारण सभा नै हुन नसकेमा वा यस ऐन बमोजिम नियुक्त भएको लेखापरीक्षक कुनै कारणवश कायम रहन नसकेमा कम्पनीको सञ्चालक समितिले कार्यालयमा जानकारी दिई अर्को लेखापरीक्षक नियुक्त गर्न सक्नेछ । | कम्पनीको लेखापरीक्षक नियुक्त गर्ने अधिकार कम्पनीसंग हुने भएकोले । |
| ६. | दफा १५४(२) | **विदेशी कम्पनीको दर्ता:** (२) उपदफा (१) बमोजिम शाखा कार्यालय दर्ता गर्न चाहने विदेशी कम्पनीले प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट प्राप्त स्वीकृति समेत संलग्न राखी तोकिए बमोजिमको ढाँचामा तोकिएको दस्तुर सहित कार्यालयमा त्यस्तो कम्पनी दर्ताको लागि निवेदन दिनु पर्नेछ । | **विदेशी कम्पनीको दर्ता:** (२) उपदफा (१) बमोजिम शाखा कार्यालय दर्ता गर्न चाहने विदेशी कम्पनीले प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट प्राप्त स्वीकृति समेत संलग्न राखी वा त्यस्तो सम्बन्धित निकाय पहिचान हुन नसकेमा मुनासिब कारण पेश गरी तोकिए बमोजिमको ढाँचामा तोकिएको दस्तुर सहित कार्यालयमा त्यस्तो कम्पनी दर्ताको लागि निवेदन दिनु पर्नेछ । | नेपालमा शाखा कार्यालय दर्ता गर्न चाहने कतिपय विदेशी कम्पनीको उद्देश्य बमोजिम सम्बन्धित नियामक निकाय पहिचान गर्न कठिनाइ हुने, जस्तै परामर्श व्यवसाय (consultancy business) गर्ने विदेशी कम्पनीको नियामक निकाय कुन हो भन्ने अन्योल रहेको । |
| ७. | दफा १८२(९) | **लाभांश:**<br>(९) लाभांश वितरण गर्ने विषयमा कम्पनीको साधारण सभाले निर्णय गरेको मितिले पाँच वर्षको अवधि समाप्त भएपछि पनि कुनै शेयरधनीले बुझिनलिएको लाभांशको रकम दफा १८३ बमोजिम स्थापना हुने लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नु पर्नेछ । | **लाभांश:**<br>(९) लाभांश वितरण गर्ने विषयमा कम्पनीको साधारण सभाले निर्णय गरेको मितिले पाँच वर्षको अवधि समाप्त भएपछि पनि कुनै शेयरधनी कम्पनीको सम्पर्कमा नआएको भएमा र लाभाशंको रकम बुझिनलिएको भएमा दफा १८३ बमोजिम स्थापना हुने लगानीकर्ता संरक्षण कोषमा त्यस्तो लाभांशको रकम जम्मा गर्नु पर्नेछ । | कम्पनीको नियमित सम्पर्कमा रहेको शेयरधनीको हकमा यो व्यवस्था लागु नहुने । |

## १४. भूमि सम्बन्धी ऐन, २०२१

| क्र.सं. | ऐनमा संशोधन गर्न पर्ने दफा | ऐनको मौजुदा व्यवस्था | ऐनमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | **दफा ७ (१)** | **७. जग्गावालाको हैसियतले राख्न पाउने जग्गाको अधिकतम हद:**<br>(१) कुनै व्यक्ति वा निजको परिवारले जग्गावालाको हैसियतले नेपालमा जम्मा १० बिगाहामा नबढ्ने गरी देहायको क्षेत्रमा देहायको हदसम्म मात्र जग्गा राख्न पाउनेछ<br>(क) भित्री मधेश समेत सम्पूर्ण तराई क्षेत्रमा - १० बिगाहा<br>(ख) काठमाडौं उपत्यकामा - २५ रोपनी<br>(ग) काठमाडौं उपत्यकाबाहेक सम्पूर्ण पहाडी क्षेत्रमा- ७० रोपनी । | **दफा ७ (१) पछि देहायको प्रतिवनधात्मक वाक्यांश थप गर्ने।**<br>"उपदफा (१) माजुनसुकै कुरा लेखेको भएतापनि उद्योगको स्वकित स्कीम वा परियोजना प्रस्तावमा र खनिज उद्योगको हकमा माईनिङ्ग स्किममा उल्लेख भएबमोजिम र पूर्वाधार विकास आयोजना तथा जलविद्युत आयोजना र प्रसारण लाइनको विकास गर्दा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन अनुसार प्रयोग गर्ने जग्गाको हकमा हदवन्दी लाग्ने छैन।" | जग्गाको अधिकतम हदले गर्दा ठूलो उद्योगहरुलाई सञ्चालन गर्नको लागि आवश्यक जग्गा खरिद गर्न रोक लगाएको भएकोले।<br>पूर्वाधारविकास आयोजना तथा जलविद्युत आयोजना र प्रसारण लाइन विकास गर्ने जग्गामा हकमा कुनै हदवन्दी लगाउदा परियोजना निर्माणमा अवरोधको अवस्था सृजना हुनसक्ने भएकोले। |
| २. | **दफा १२.क.** | **दफा १२.क. हदवन्दी छुट नियमन गर्ने सम्बन्धी विशेष व्यवस्था :** यो दफा प्रारम्भ हुँदाका बखत निरन्तर सञ्चालनमा रहेको उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले त्यस्तो उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था सञ्चालन गर्न अत्यावश्यक भई यस ऐनमा तोकिएको हदवन्दीभन्दा बढी जग्गा नेपाल सरकारको स्वीकृति नलिई खरिद गरी उपयोग गरिरहेको रहेछ भने यो दफा प्रारम्भ भएकोको मितिले तीन महिनाभित्र एकपटकको लागि हदवन्दीभन्दा बढी जग्गा आवश्यक रहेको औचित्य पुष्टि हुने कारण खोली नेपाल सरकार समक्ष निवेदन दिन सक्नेछ । | **दफा १२.क. हदवन्दी छुट नियमन गर्ने सम्बन्धी विशेष व्यवस्था :**<br>यो दफा प्रारम्भ हुँदाका बखत निरन्तर सञ्चालनमा रहेको उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले त्यस्तो उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था सञ्चालन गर्न अत्यावश्यक भई यस ऐनमा तोकिएको हदवन्दीभन्दा बढी जग्गा नेपाल सरकारले स्वीकृति नलिई खरिद गरी उपयोग गरिरहेको रहेछ भने यो दफा प्रारम्भ भएकोको मितिले तीन महिनाभित्र एकपटकको लागि हदवन्दीभन्दा बढी जग्गा आवश्यक रहेको औचित्य पुष्टि हुने कारण खोली नेपाल सरकार समक्ष निवेदन दिन सक्नेछ ।<br>**तर कुनै कारणवश तीन महिनाभित्र निवेदन दिन असक्षम भएको कुनै उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले त्यस्तो उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था सञ्चालन गर्न अत्यावश्यक भई यस ऐनमा तोकिएको हदवन्दी भन्दा बढी जग्गा नेपाल सरकारले स्वीकृति नलिई खरिद गरी उपयोग गरिरहेको रहेछ भने यो प्रतिवधांत्मक वाक्याश लागू भएको मितिले १ वर्ष भित्र पुन एकपटकका लागि हदवन्दीभन्दा बढी जग्गा आवश्यक रहेको औचित्य पुष्टि हुने कारण खोली नेपाल सरकार समक्ष निवेदन दिन सक्नेछ ।** | यो दफा प्रारम्भ हुँदाका बखत निरन्तर सञ्चालनमा रहेको उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले त्यस्तो उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था सञ्चालन गर्न अत्यावश्यक भई यस ऐनमा तोकिएको हदवन्दीभन्दा बढी जग्गा नेपाल सरकारले स्वीकृति नलिई खरिद गरी उपयोग गरिरहेको जग्गाामा हक कायम गर्नका लागि । |
| ३. | **दफा १२ (च)** | हाल नभएको । | **दफा १२ (च) थपिएको:**<br>यस ऐन बमोजिम हदवन्दी भन्दा बढी जग्गा खरिद गर्न वा राख्न स्वीकृति पाएका उद्योगहरुले उद्योगको नाममा रहेको त्यस्तो जग्गा बैंक वा वित्तिय संस्था वा अन्य ऋणदाता समक्ष धितो राखी ऋण लिन पाउने छन् ।<br>तर परियोजनाको वित्तियकरणका धितो राख्न चाहने उद्योगले जग्गा सहित सम्पूर्ण परियोजना धितो राख्नु पर्नेछ । | ऋण लिन सहजिकरण गर्न आवश्यक भएकोले। |

## १५. जग्गा प्राप्ती ऐन, २०३४

| क्र.सं. | ऐनमा संशोधन गर्न पर्ने दफा | ऐनको मौजुदा व्यवस्था | ऐनमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | **जग्गा प्राप्ती ऐन, २०३४, दफा ४** | दफा ४ (क) नभएको | **दफा ४ पछि दफा ४क. थप गरिएको:**<br>४ (क) उद्योगको लागि जग्गा प्राप्त गराई दिन सक्ने<br>१. कुनै उद्योगले उद्योग सञ्चालनको लागि आवश्यक जग्गा खरिद गर्न नसकेमा त्यस्तो उद्योगले उद्योग दर्ता गर्ने निकायमार्फत नेपाल सरकार समक्ष निवेदन दिन सक्नेछ ।<br>२. उपदफा (१) बमोजिम निवेदन पर्न आएमा उद्योगको आवश्यकताको आधारमा नेपाल सरकारले प्रचलित कानुनबमोजिम त्यस्तो उद्योगलाई जग्गा प्राप्त गराई दिन सक्नेछ ।<br>३. उपदफा (२) बमोजिम उद्योगको लागि जग्गा प्राप्त गर्दा जग्गाधनीलाई दिनुपर्ने मुआब्जासहितको खर्च सम्बन्धित उद्योगले व्यहोर्नु पर्नेछ । | उद्योगलाई सहाज रुपमा जग्गा उपलब्ध गराउन । |

## १६. जग्गा हदवन्दी छुट दिने सम्बन्धी आदेश, २०७८

| क्र.सं. | ऐनमा संशोधन गर्न पर्ने दफा | ऐनको मौजुदा व्यवस्था | ऐनमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | **जग्गा हदवन्दी छुट दिने सम्बन्धी आदेश, २०७८, दफा ११** | जग्गा धितो वनधक राख्न नपाउने: यस आदेश बमोजिम हदभन्दा बढी जग्गा खरिद गर्न स्वीकृति पाएका उद्योग, प्रतिष्ठान, कम्पनी आयोजना वा संस्थाले त्यस्तो हदभन्दा बढीको जग्गा धितो वनधक राखी ऋण **लिन पाउने छैन** । | जग्गाको हदवन्दी छुट दिने सम्बन्धी आदेश, २०७८ को दफा ११. जग्गा धितो वनधक राख्न नपाउने : यस आदेश बमोजिम हदभन्दा बढी जग्गाा खरिद गर्न स्वकिृति पाएको उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना वा संस्थाले त्यस्तो हदभन्दा बढीको जग्गा धितो वनधक राखी ऋण लिन **पाउने छ** । | उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना वा संस्थाले त्यस्तो हदभन्दा बढीको जग्गा धितो वनधक राखी ऋण लिई व्यवसाय सञ्चालन गर्न आवश्यक भएकाले । |
| २. | **जग्गा हदवन्दी छुट दिने सम्बन्धी आदेश, २०७८ को अनुसूचि (२) को शर्त नं ४** | शर्त नं ४. हदभन्दा बढी जग्गा खरिद गर्न स्वीकृति पाएको उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना वा संस्थाले उद्देश्य परिवर्तन गर्न, ठेगाना परिवर्तन गर्न वा समान प्रकृतिका समान उद्देश्य भएका अन्य उद्योग, प्रतिष्ठान, आयोजना, कम्पनी वा संस्थालाई गाभ्न परेमा सम्वन्धित मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको पूर्वस्वीकृति लिनु पर्नेछ । | शर्त नं ४। हदभन्दा बढी जग्गा खरिद गर्न स्वीकृति पाएको उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना वा संस्थाले उद्देश्य परिवर्तन गर्न, **ठेगाना परिवर्तन गर्न वा समान प्रकृतिका समान उद्देश्य भएका अन्य उद्योग, प्रतिष्ठान, आयोजना, कम्पनी वा संस्थालाई गाभ्न परेमा सम्बन्धित विभाग र भूमि व्यवस्थापन तथा अभिलेख विभागको पूर्वस्वीकृति लिनु पर्नेछ ।** | स्वीकृति प्रक्रियालाई सुव्यवस्थित र छिटो वनाउनको लागि संशोधन आवश्यक रहेको हुनाले। |
| ३. | **जग्गा हदवन्दी छुट दिने सम्बन्धी आदेश, २०७८ को अनुसूचि (२) को शर्त नं ४** | शर्त नं २ उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना वा संस्थाले उद्देश्य बमोजिम काम गरेको अवधिसम्म मात्र हदभन्दा बढी जग्गा राख्न वा प्रयोग गर्न सक्नेछ । | २. उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना वा संस्थाले उद्देश्य बमोजिम काम गरेको अवधिसम्म मात्र हदभन्दा बढी जग्गा राख्न वा प्रयोग गर्न सक्नेछ । **यदि कुनै उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना वा संस्थाले आफ्नो उद्देश्य बमोजिम आफ्नो सञ्चालनको लागि सो जग्गा आवश्यक नभएमा सम्बन्धित विभाग र भूमि व्यवस्थापन तथा अभिलेख विभागको पूर्वस्वीकृति प्राप्त गरी समान उद्देश्य भएका अन्य उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना वा संस्थालाई विक्रिवितरण गर्नसक्ने छन् ।** | उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना वा संस्थालाई आवाश्यक नभएमा प्राप्त भएको जग्गा विक्रिवितरण गर्नसक्ने अधिकार सृजना गर्न आश्यक भएकाले । |

## १७. श्रम ऐन, २०७४

| क्र.सं. | ऐनमा संशोधन गर्न पर्ने दफा | ऐनको मौजुदा व्यवस्था | ऐनमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | दफा १३ | **दफा १३ परीक्षणकालसम्बन्धी व्यवस्था:** रोजगारदाताले श्रमिकसँग रोजगार सम्झौता गर्दा निजलाई छ महिना परीक्षणकालमा रहने गरी गर्न सक्नेछ र परीक्षणकालमा श्रमिकको काम सन्तोषजनक नदेखिएमा त्यस्तो श्रमिकसँगको रोजगार सम्झौता अन्त्य गर्न सक्नेछ । त्यसरी रोजगार सम्झौता अन्त्य नभएको श्रमिकको परीक्षणकाल समाप्त भएपछि रोजगार सम्बन्ध स्वतः सदर भएको मानिनेछ । | **दफा १३ परीक्षणकालसम्बन्धी व्यवस्था:** रोजगारदाताले श्रमिकसँग रोजगार सम्झौता गर्दा निजलाई छ महिना परीक्षणकालमा रहने गरी गर्न सक्नेछ र परीक्षणकालमा श्रमिकको काम सन्तोषजनक नदेखिए वा **खराब आचरण** देखिएमा त्यस्तो श्रमिकसँगको रोजगार सम्झौता अन्त्य गर्न सक्नेछ। त्यसरी रोजगार सम्झौता अन्त्य नभएको श्रमिकको परीक्षणकाल समाप्त भएपछि रोजगार सम्बन्ध स्वतः सदर भएको मानिनेछ । | परीक्षणकालमा रहेका श्रमिकको काम सन्तोषजनक नदेखिएमा मात्र रोजगार सम्झौता अन्त्य गर्न सकिने व्यवस्था भए तापनि **"काम सन्तोषजनक"** मात्र नभई असल आचरण समेत आवश्यक भएको । |
| २. | दफा १६ | **प्रशिक्षार्थीलाई काममा लगाउन सकिने:** (१) कुनै प्रतिष्ठानले कुनै शिक्षण संस्थासँग सम्झौता गरी त्यस्तो संस्थाको स्वीकृत पाठ्यक्रम अनुसार कुनै व्यक्तिलाई प्रशिक्षार्थीको रुपमा काममा लगाउन सक्नेछ । | (१) (१) कुनै प्रतिष्ठानले कुनै शिक्षण संस्थासँग सम्झौता गरी त्यस्तो संस्थाको स्वीकृत पाठ्यक्रम अनुसार कुनै व्यक्तिलाई प्रशिक्षार्थीको रुपमा काममा लगाउन सक्नेछ ।<br>(२) माथि जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि शैक्षिक कार्यक्रम पूरा गरिसकेका व्यक्तिलाई निजसँग सम्झौता गरी प्रशिक्षार्थीको रुपमा काम लगाउन बाधा पारेको मानिने छैन । | कलेज अथवा युनिभर्सिटी उत्तिर्ण गरिसकेका व्यक्तिलाई प्रशिक्षार्थीको रुपमा काम लगाउन सकिने व्यवस्था नभएकोले । |
| ३. | दफा २४ | **श्रम इजाजत दिन सकिने:** दफा २२ र २३ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विभागले अभिलेख राखी विदेशी नागरिकलाई श्रम इजाजत दिन सक्नेछः-<br>(क) विदेशी लगानी भएको वा विदेशी सहयोगबाट सञ्चालित प्रतिष्ठानको कार्यकारी प्रमुख र सो प्रतिष्ठानमा काम गर्न तोकिए बमोजिमको संख्याका श्रमिक,<br>(ख) तीन महिना वा सोभन्दा कम अवधिको लागि कुनै मेशीनरी सामान मर्मत गर्न वा नयाँ प्रविधिको जडान गर्न वा यस्तै अन्य आकस्मिक काम गर्नको लागि आउने प्राविधिक । | **श्रम इजाजत दिन सकिने:** (१) दफा २२ र २३ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विभागले अभिलेख राखी विदेशी नागरिकलाई श्रम इजाजत दिन सक्नेछः-<br>(क) विदेशी लगानी भएको वा विदेशी सहयोगबाट सञ्चालित प्रतिष्ठानको कार्यकारी प्रमुख र सो प्रतिष्ठानमा काम गर्न तोकिए बमोजिमको संख्याका श्रमिक,<br>(ख) तीन महिना वा सोभन्दा कम अवधिको लागि कुनै मेशीनरी सामान मर्मत गर्न वा नयाँ प्रविधिको जडान गर्न वा यस्तै अन्य आकस्मिक काम गर्नको लागि आउने प्राविधिक ।<br>(२) अभिलेखका लागि रोजगारदाताले विभागमा रोजगारसँग सम्बन्धित विवरण उपलब्ध गराउनेछ । | अभिलेख राखेर श्रम इजाजत दिने विषय हाल सम्म कार्यन्वयनमा नआएको ।<br>यस दफा कार्यन्वयन गर्नको लागि अभिलेख राखी विदेशी नागरिकलाई श्रम इजाजत दिने भन्नाले के बुझिन्छ भन्ने कुरालाई स्पस्ट उल्लेख गरिनुपर्ने ।<br>दफा २२ अनुसार (जस्तैः विज्ञापन गर्नु पर्ने वा नपर्ने) को प्रकिया पूरा गर्न पर्ने हो वा होइन स्पस्ट खुलाइनुपर्ने । |

| क्र.सं. | ऐनमा संशोधन गर्न पर्ने दफा | ऐनको मौजुदा व्यवस्था | ऐनमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ४. | **दफा २८** | **काम गर्ने समय:**<br>(१) रोजगारदाताले श्रमिकलाई प्रतिदिन आठ घण्टा र एक हप्तामा अठ्चालीस घण्टाभन्दा बढी समय हुने गरी काममा लगाउन पाइने छैन ।<br>(२) श्रमिकलाई लगातार पाँच घण्टा काम गरेपछि आधा घण्टा विश्रामको समय दिनु पर्नेछ ।<br>(३) काम रोक्न नहुने तथा लगातार काम चलाइरहनु पर्ने भएमा श्रमिकलाई त्यस्तो विश्रामको समय आलोपालो गरी दिनु पर्नेछ ।<br>(४) उपदफा (२) र (३) बमोजिम दिइने विश्रामको समयलाई उपदफा (१) बमोजिमको काम गर्ने समयमा गणना गरिनेछ । | **काम गर्ने समय:** (१) रोजगारदाताले श्रमिकलाई प्रतिदिन आठ घण्टा र एक हप्तामा अठ्चालीस घण्टाभन्दा बढी समय हुने गरी काममा लगाउन पाइने छैन ।<br>(२) श्रमिकलाई लगातार पाँच घण्टा काम गरेपछि आधा घण्टा विश्रामको समय दिनु पर्नेछ ।<br>(३) काम रोक्न नहुने तथा लगातार काम चलाइरहनु पर्ने भएमा श्रमिकलाई त्यस्तो विश्रामको समय आलोपालो गरी दिनु पर्नेछ ।<br>(४) उपदफा (२) र (३) बमोजिम दिइने विश्रामको समयलाई उपदफा (१) बमोजिमको काम गर्ने समयमा गणना गरिनेछ ।<br>**(५) कुनै रोजगारदाताले हप्तामा दुई दिन साप्ताहिक बिदा दिएको रहेछ भने सो अवस्थामा श्रमिकलाई एक हप्तामा अठ्चालीस घण्टाभन्दा बढी समय नहुने गरी काममा लगाउन बाधा पारेको मानिनेछैन ।** | हप्तामा दुई दिन साप्ताहिक बिदा हुने प्रतिष्ठानमा प्रतिहप्ता ४८ घण्टा कार्य समय पुऱ्याउन कानुनी सहजता नभएको । |
| ५. | **दफा १६३(२)(च)**<br><br>**दफा १६५(२)** | **१६२. उजुरी दिन सक्ने:** कुनै व्यक्ति, रोजगारदाता, श्रमिक वा पदाधिकारीले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरीत कार्य गरेमा सो कार्यबाट मर्का पर्ने पक्षले वा मर्का पर्ने पक्षको लिखित मञ्जुरीमा सम्बन्धित ट्रेड युनियनले सो कार्य भए गरेको मितिले छ महिनाभित्र दफा १६३ वा १६४ बमोजिम निर्णय गर्ने निकायसमक्ष उजुरी दिन सक्नेछ ।<br>**दफा (१६३)(२)(च):** कार्यालयले देहायका विषयमा परेको निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गरी देहाय बमोजिम गर्न सक्नेछ,<br>च) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा विनियमावलीविपरीत हुने गरी रोजगारीको अन्त्य गर्ने वा काममा हाजिर हुन नदिने रोजगारदातालाई आवश्यक निर्देशन दिन ।<br>**दफा १६५ पुनरावेदन लाग्ने:** (१) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम बमोजिम विभाग वा कार्यालयले गरेको आदेश वा निर्णयमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र श्रम अदालतमा पुनरावेदन दिन सक्नेछ ।<br>२) रोजगारी अन्त्य गर्ने गरी रोजगारदाताले गरेको कुनै निर्णय वा खराब आचरणका सम्बन्धमा गरेको सजायमा चित्त नबुझ्ने श्रमिकले सो निर्णय वा सजायको सूचना पाएको मितिले पैंतीस दिनभित्र श्रम अदालतमा पुनरावेदन गर्न सक्नेछ । | **१६२. उजुरी दिन सक्ने:** कुनै व्यक्ति, रोजगारदाता, श्रमिक वा पदाधिकारीले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत कार्य गरेमा सो कार्यबाट मर्का पर्ने पक्षले सो कार्य भए गरेको मितिले ३५ दिनभित्र दफा १६३ वा १६४ बमोजिम निर्णय गर्ने निकायसमक्ष उजुरी दिन सक्नेछ । | रोजगारदाताले रोजगारी अन्त्य गर्ने गरी गरेको निर्णय उपर चित्त नबुझ्ने श्रमिकलाई सोउपर उजुरी गर्न दुईखालको हदम्यादको व्यवस्था भएकोमा सोलाई एकरुपता गर्न आवश्यक भएको । |

| क्र.सं. | ऐनमा संशोधन गर्न पर्ने दफा | ऐनको मौजुदा व्यवस्था | ऐनमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ६. | **दफा १७२** | **१७२. पारिश्रमिक तथा अन्य सुविधा पाउने;** (१) रोजगारी अन्त्य भएको श्रमिकलाई कार्यालय वा विभाग वा श्रम अदालतको आदेश वा फैसलाबमोजिम रोजगारीमा पुनः बहाली भएमा त्यस्तो श्रमिकले रोजगारी अन्त्य भएको मितिदेखि पुनर्बहाली नभएसम्मको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धित रोजगारदाताबाट पाउनेछ ।<br>२) मुद्दाको विषयवस्तुको आधारमा पुनर्वहाली गर्नुको सट्टामा उपदफा (१) बमोजिमको रकमको अतिरिक्त रोजगारदाताबाट उचित क्षतिपूर्ति श्रमिकले पाउने गरी फैसला गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुर्‍याएको मानिने छैन । | १७२.पारिश्रमिक तथा अन्य सुविधा पाउने; (१) रोजगारी अन्त्य भएको श्रमिकलाई कार्यालय वा विभाग वा श्रम अदालतको आदेश वा फैसलाबमोजिम रोजगारीमा पुनः बहाली भएमा त्यस्तो श्रमिकले रोजगारी अन्त्य भएको मितिदेखि पुनर्वहाली नभएसम्मको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धित रोजगारदाताबाट पाउनेछ ।<br>**(२) रोजगारी अन्त्य भएको मितिदेखि पुनर्बहाली नभएसम्मको पारिश्रमिक तथा अन्य सुविधा भराउँदा श्रमिकले अन्यत्र काम गरी पारिश्रमिक प्राप्त नभएको प्रमाणित भएमा मात्र दिनु पर्नेछ ।**<br>(३) मुद्दाको विषयवस्तुको आधारमा पुनर्वहाली गर्नुको सट्टामा उपदफा (१) बमोजिमको रकमको अतिरिक्त रोजगारदाताबाट उचित क्षतिपूर्ति श्रमिकले पाउने गरी फैसला गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुर्‍याएको मानिने छैन । | दोहोरो सुविधा कटौती गर्ने प्रयोजनका लागि । |
| ७. | **१४८** | **१४८. सुविधा भुक्तानी गर्नु पर्ने;**<br>(१) खराब आचरणको कारणले वा अन्य जुनसुकै तरिकाबाट रोजगारी अन्त्य हुँदा श्रमिकले पाउनुपर्ने पारिश्रमिक, सुविधा लगायत सम्पूर्ण रकम रोजगारी अन्त्य भएको पन्ध्र दिनभित्र रोजगारदाताले त्यस्तो श्रमिकलाई भुक्तानी गर्नु पर्नेछ ।<br>२) रोजगारदाताले सामाजिक सुरक्षा कोष, बीमा वा अन्य निकायबाट श्रमिकले पाउने रकम वा सुविधा उपलब्ध गराउन आवश्यक सहयोग गर्नुपर्नेछ ।<br>३) उपदफा (१) बमोजिमको अवधिभित्र श्रमिकले पाउने पारिश्रमिक, सुविधा भुक्तानी नगरेमा वा उपदफा (२) बमोजिम सहयोग नगरेमा त्यस्तो श्रमिकलाई रकम भुक्तानी नगरेसम्म सेवामा बहाल रहेसरह पारिश्रमिक भुक्तानी गर्नु पर्नेछ ।<br>४) श्रमिकले पारिश्रमिक वा सुविधा लिन नआएमा रोजगारदाताले श्रमिकको खातामा सोझै भुक्तानी गर्न वा कार्यालयमा जम्मा गरिदिन सक्नेछ ।<br>५) उपदफा (४) बमोजिमको रकम जम्मा गर्ने र सोको भुक्तानी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | **हटाइनुपर्ने**<br>३) उपदफा (१) बमोजिमको अवधिभित्र श्रमिकले पाउने पारिश्रमिक, सुविधा भुक्तानी नगरेमा वा उपदफा (२) बमोजिम सहयोग नगरेमा त्यस्तो श्रमिकलाई रकम भुक्तानी नगरेसम्म सेवामा बहाल रहेसरह पारिश्रमिक भुक्तानी गर्नु पर्नेछ । | दफा १४८ विशेषतः अन्तिम फरफारकको समयावधी किटान गर्न वनाईएको प्रावधान हो ।<br><br>समयमा श्रमिकले पाउनुपर्ने पारिश्रमिक, सुविधा लगायत सम्पूर्ण रकम भुक्तानी नगरेको अवस्थामा अन्य दफाबाट समेत सो रकम प्राप्त गर्न सकिने अवस्था छ ।<br><br>प्रयोजनबिहिन भइ खारेजभागी भएको । |

## १८. श्रम नियमावली २०७५

| क्र.स. | नियमावलीमा संशोधन गर्न पर्ने दफा | नियमावलीको मौजदा व्यवस्था | नियमावलीमा गर्न पर्ने संशोधन | संशोधन गर्नपर्ने कारण |
|---|---|---|---|---|
| १. | **नियम ११** | हटाइएको | | विद्यमान कानुन हेर्दा निज विदेशीले आफ्नो जीवनकालमा नियम ११ मा उल्लेख गरिएको अवधिभन्दा बढी काम नेपालमा गर्न नपाउने देखिएको । विदेशी नागरिकलाई श्रमिकको रूपमा काममा लगाउन श्रम इजाजत वा श्रम स्वीकृति दिँदा त्यस्तो स्वीकृतिको अवधि थप गर्न मिल्ने नमिल्ने, कम्पनी परिवर्तन गर्दा वा काममा निज विदेशी नै आवश्यक परेको बखत तोकिएको अवधिभन्दा बढि श्रम स्वीकृतिको अवधि बढाउन मिल्ने कि नमिल्ने । |

## १९. बोनस नियमावली २०३९

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | **नियम ८ अस्थायी वा म्यादी कर्मचारीले पाउने बोनस** | प्रतिष्ठानमा अस्थायी वा म्यादी पदमा नियुक्ति भएका कर्मचारीले पनि ऐनको दफा ६ को अधीनमा रही बोनस पाउन सक्नेछ ।<br>तर करार सेवामा नियुक्ति भएका कर्मचारीको हकमा प्रतिष्ठानसँग भएको करारको शर्तमा बोनस पाउने उल्लेख भएमा मात्र बोनस पाउन सक्नेछ । | अस्थायी वा म्यादी कर्मचारीलाई श्रम ऐनको दफा १० अन्तर्गत परिभाषित गर्नुपर्ने र करारमा नलेखिएको अवस्थामा बोनस नपाउने हो भने सो उल्लेख गर्न महत्वपूर्ण हुने । | थप स्पष्टताका लागि । |

## २०. सार्वजनिक खरिद ऐन, २०६३

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | **ऐनको दफा १४(८) मा संशोधन** | सार्वजनिक निकायले अन्तर्राष्ट्रियस्तरको बोलपत्रमार्फत गर्ने खरिदमा नेपाली उद्यमी तथा व्यवसायीलाई तोकिए बमोजिम घरेलु प्राथमिकता (डोमेस्टिक प्रिफरेन्स) दिन सक्नेछ र यसरी घरेलु प्राथमिकता दिने भएमा सो कुरा बोलपत्र आव्हानको सूचना र बोलपत्रसम्बन्धी कागजातमा उल्लेख गर्नु पर्नेछ ।<br>तर राष्ट्रियस्तरको बोलपत्रको माध्यमबाट हुने निर्माण कार्यको खरिदमा तोकिएको लागत अनुमानसम्म स्वदेशी बोलपत्रदाता बीचमात्र प्रतिस्पर्धा गराइ खरिद गर्न सकिनेछ । | सार्वजनिक निकायले अन्तर्राष्ट्रियस्तरको बोलपत्रमार्फत गर्ने खरिदमा नेपाली उद्यमी तथा व्यवसायीलाई तोकिएबमोजिम घरेलु प्राथमिकता (डोमेस्टिक प्रिफरेन्स) दिन सक्नेछ र यसरी घरेलु प्राथमिकता दिने भएमा सो कुरा बोलपत्र आव्हानको सूचना र बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गर्नु पर्नेछ । **तर सार्वजनिक निकायले अन्तर्राष्ट्रियस्तरको बोलपत्रमार्फत गर्ने निर्माण कार्यको खरिदमा नेपाली निर्माण व्यवसायीलाई र नेपाली निर्माण व्यवसायीको कम्तीमा बीस प्रतिशत लगानी भएको विदेशी निर्माण व्यवसायीको संयुक्त उपक्रम वा एकिकरण भइ प्रस्ताव प्रस्तुत भएको सार्वजनिक खरिदमा त्यस्ता नेपाली निर्माण व्यवसायी तथा व्यवसायीले विदेशी निर्माण व्यवसायीसंग संयुक्त उपक्रम वा एकिकरण गरी पेश गरेको प्रस्ताव विदेशी उद्यमी वा निर्माण व्यवसायीले पेश गरेको प्रस्तावभन्दा १० प्रतिशत बढी भए पनि सो प्रस्तावलाई तोकिएबमोजिम घरेलु प्राथमिकता (डोमेस्टिक प्रिफरेन्स) दिनु पर्नेछ । राष्ट्रियस्तरको बोलपत्रको माध्यमबाट हुने निर्माण कार्यको खरिदमा तोकिएको लागत अनुमानसम्म स्वदेशी बोलपत्रदाता बीचमात्र प्रतिस्पर्धा गराइ खरिद गर्न सकिने छ ।** | स्वदेशी निर्माण व्यवसायीहरू र स्वदेशी निर्माण व्यवसायीहरूको कम्तीमा बीस प्रतिशत लगानी हुने निर्माण कार्यमा घरेलु प्राथमिकता दिइ स्वदेशी निर्माण व्यवसायीहरूको सहभागिता बढाउँदै क्रमशः विदेशी निर्माण व्यवसायीहरूलाई प्रतिस्थापन गर्दै लान उपयुक्त भएको । यसरी घरेलु प्राथमिकता दिँदा नेपालका निर्माण व्यवसायीसँग विदेशी निर्माण व्यवसायी संयुक्त उपक्रम गर्न प्रोत्साहित हुने र यसबाट विदेशी प्रविधि हस्तान्तरण तथा स्वदेशी निर्माण व्यवसायीहरूको क्षमता अभिवृद्धी हुने । साथै, स्वदेशी निर्माण व्यवसायीहरू स्वरोजगार भइ नेपालीहरूलाई रोजगारी दिन सक्ने । |
| २. | **ऐनको दफा ४१ (१) (घ२) मा संशोधन** | अन्तर्राष्ट्रिय अन्तर सरकारी संस्थासँग सो संस्थाले तोकेको दररेटमा मालसामान वा सेवा खरिद गर्नु परेमा.... | अन्तर्राष्ट्रिय अन्तरसरकारी संस्था **वा विदेशी मुलुकको सरकार वा त्यस्तो मुलुकको सार्वजनिक निकायसँग** सो संस्थाले तोकेको दररेटमा मालसामान वा सेवा खरिद गर्नु परेमा..... | सार्वजनिक खरिद नियमवालीको नियम ८५ (५ख) मा विदेशी मुलुकको सरकार वा त्यस्तो मुलुकको सार्वजनिक निकाय तोकिएको हुँदा सो व्यवस्थालाई वैधानिक एवं एकरुपता ल्याउन आवश्यक भएकाले । |

## २१. वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७

| क्र.सं. | ऐनमा संशोधन गर्न पर्ने दफा | ऐनको मौजुदा व्यवस्था | ऐनमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | **दफा ३६(१) मा संशोधन** | कसैले यस ऐनविपरित प्रारम्भिक वातावरणीय परीक्षण, संक्षिप्त वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृत नगराइ वा स्वीकृत प्रतिवेदनको विपरित हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वा यस ऐनविपरित हुने कार्य गरेमा वा गर्न लागेमा सम्बन्धित निकाय वा अधिकारीसमक्ष निवेदन दिन सक्नेछ । | कसैले यस ऐनविपरित प्रारम्भिक वातावरणीय परीक्षण, संक्षिप्त वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृत नगराइ वा स्वीकृत प्रतिवेदनको विपरित हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वा यस ऐनविपरित हुने कार्य गरेमा **त्यस्तो कार्यले कुनै व्यक्ति, संस्था वा स्थानीय समुदायलाई कुनै हानि नोक्सानी पुग्न गएमा त्यस्तो व्यक्ति, संस्था वा स्थानीय समुदायले** सम्बन्धित निकाय वा अधिकारीसमक्ष निवेदन दिन सक्नेछ । | निवेदन दिने हकदैया कसमा रहने भन्ने स्पष्ट नखुलेको हुनाले । |
| २. | **दफा १४क मा थप गरिएको** | हाल नभएको । | **दफा १४क. एकल विन्दु सेवा केन्द्रले सेवा प्रवाह गर्ने:** यस ऐन तथा यस ऐनअन्तर्गत वनने नियमावली बमोजिम लिनुपर्ने आवश्यक अनुमति वा स्वीकृतिका लागि प्रस्तावकले पेश गर्ने निवेदन लिने, त्यस्तो अनुमति तथा स्वीकृति दिने तथा प्रस्तावकले पाउने सेवा, प्रोत्साहन, छुट, सुविधा, सहुलियत सरल एवं सहज प्रक्रियाद्वारा र विभिन्न निकायबाट सम्पादन गर्ने कार्यहरु समयमै एकै स्थानबाट उपलब्ध गराउन सकिने गरी प्रचलित कानुनबमोजिम स्थापना भएको एकल विन्दु सेवा केन्द्रमा आवश्यक व्यवस्था मिलाउनु पर्नेछ । | सेवा प्रवाहमा सेवाग्राहीको हितका निमित्त एकल विन्दु सेवाको अवधारणालाई अनुसरण गर्न आवश्यक भएकाले ।<br><br>प्रचलित औद्योगिक व्यवसायसम्बन्धी कानुनमा उक्त कानुन तथा प्रचलित कानुनबमोजिम उद्योग स्थापनाको अनुमति, दर्ता, विस्तार तथा खारेजीसम्मका उद्योग प्रशासनसम्बन्धी सेवाहरु प्रवाह गर्ने प्रयोजनको एकल विन्दु सेवा केन्द्रले सहजीकरण गर्नुपर्ने भन्ने व्यवस्था गरी संघीय तहमा एकल विन्दु सेवा केन्द्र स्थापना समेत गरिसकेको अवस्था छ । त्यस्तो एकल विन्दु सेवा केन्द्रलाई प्रचलित कानुन बमोजिम प्रारम्भिक वातावरणीय अध्ययनसम्बन्धी स्वीकृतीका लागि सहजीकरण गर्ने दायित्व समेत सुम्पिएको छ । तसर्थ, यस ऐनमा एकल विन्दु सेवा केन्द्र सम्बन्धी प्रावधान नराख्दा पनि प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानुनबमोजिम स्थापित एकल विन्दु सेवा केन्द्रले उक्त कार्य गर्न सक्ने नै देखिन्छ । यस्तो एकल विन्दु सेवा केन्द्र संघीय तहमा मात्र नभई प्रादेशिक तथा स्थानीय तहमा पनि स्थापना गरी वातावरणीय अध्ययन सम्बन्धी अनुमति लगायत यस ऐनबमोजिम अन्य कार्यसमेत सहजीकरण गर्न सक्ने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ । |

| क्र.सं. | ऐनमा संशोधन गर्न पर्ने दफा | ऐनको मौजुदा व्यवस्था | ऐनमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ३. | **नियम १२ मा थप गरिएको** | **संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन परिमार्जन गर्न सकिने:**<br>(१) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भइ सकेपछि सो प्रतिवेदनमा केही भौतिक पूर्वाधार, डिजाइन, क्षमता अभिवृद्धि वा स्वरुप परिमार्जन गर्नु पर्ने वा संरचना स्थानान्तरण वा फेरबदल गर्नु पर्ने भएमा वा आयोजनाको क्षमता घटेमा वा रुख कटान संख्यामा थपघट गर्नु पर्ने भएमा सम्बन्धित निकायले त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन परिमार्जन गर्न स्वीकृति दिन सक्नेछ ।<br>तर संक्षिप्त वातावरणीय अध्ययन गरिएकोमा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने र प्रारम्भिक वातावरणीय परीक्षण गरिएकोमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावको हकमा यो व्यवस्था लागू हुनेछैन । | **संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन परिमार्जन गर्न सकिने:**<br>(१) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भइसकेपछि सो प्रतिवेदनमा केही भौतिक पूर्वाधार, डिजाइन, क्षमता अभिवृद्धि वा स्वरुप परिमार्जन गर्नुपर्ने वा संरचना स्थानान्तरण वा फेरबदल गर्नुपर्ने भएमा वा आयोजनाको क्षमता घटेमा वा रुख कटान संख्यामा थपघट गर्नु पर्ने भएमा सम्बन्धित निकायले त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन परिमार्जन गर्न स्वीकृति दिन सक्नेछ ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भए तापनि संक्षिप्त वातावरणीय अध्ययन गरिएकोमा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने र प्रारम्भिक वातावरणीय परीक्षण गरिएकोमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावको हकमा यो व्यवस्था लागू हुनेछैन ।<br>तर कुनै स्वीकृत प्रस्तावको डिजाइन वा स्वरुप परिमार्जन क्षमता अभिवृद्धि गर्दा संक्षिप्त वातावरणीय अध्ययन स्वीकृत गरिएकोमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्नुपर्ने वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गरिएकोमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने भएमा प्रस्तावको प्रकृति हेरी त्यस्तो परिमार्जनले वातावरणमा पार्नसक्ने नकारात्मक प्रभावलाई समेत मध्येनजर गरी त्यसरी अर्को वातावरणीय अध्ययन प्रतिवेदन नचाहिने गरी बढीमा २५% सम्मको डिजाइन वा स्वरूप परिमार्जन वा क्षमता अभिवृद्धि गर्न स्वीकृति दिन सक्नेछ । | वातावरण संरक्षण नियमावलीबमोजिम संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्नुपर्ने कतिपय प्रस्तावहरुको हकमा डिजाइन वा स्वरूप परिमार्जन गर्दा वा क्षमता वृद्धि गर्दा वातावरणमा कुनैखाले नकारात्मक असर पार्ने अवस्था हुने देखिँदैन । उदाहरणका लागि नियमावलीको अनुसूची-२ को (छ) को (१) मा "५१ देखि १०० बेडसम्मको होटेल वा रिसोर्ट निर्माण, स्थापना तथा संचालन गर्ने" कार्य गर्दा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्नुपर्ने व्यवस्था छ । त्यस्तै, अनुसूची-३ को (छ) को (१) मा "१०० बेडभन्दा बढीको होटेल वा रिसोर्ट निर्माण, स्थापना तथा संचालन गर्ने" कार्य गर्दा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृत गर्नुपर्ने व्यवस्था छ । मानौं, कुनै कम्पनीले ५ रोपनी जग्गामा ९८ वेडको होटेल निर्माण गर्न प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृती पाई होटेल संचालन गर्दै आइरहेको छ । उक्त होटेल संचालनमा आएको ५ महिना पछी थप निर्माण कार्य नगरी विद्यमान संरचनामा रहेको खाली स्थानमा नै ५ बाट वेड थप गरी क्षमता अभिवृद्धि गर्नुपर्ने भयो भने जम्मा वेड संख्या १०३ पुगी नियमावलीको हालको नियम १२ को प्रावधान बमोजिम वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृत गर्नुपर्ने अवस्था देखिन्छ । यस्तोमा त्यसरी थप गरिएका ५ वेडले वातावरणमा नकारात्मक असर पर्ने अवस्थाको सिर्जना हुने देखिँदैन ।<br>तसर्थ, उदाहरणमा उल्लेख गरेको जस्तो अवस्थालाई मध्यनजर गर्दै प्रस्तावित संशोधन गर्नुपर्ने आवश्यकता देखिएकाले । |
| ४. | **अनुसूची १ को (छ) (१)** | मेसिन उपकरणमा १ देखि ५ करोड रुपैयाँसम्म लगानी भएको वर्कशप (मर्मत सम्भार गर्ने समेत) स्थापना तथा संचालन गर्ने, | आवश्यक प्राविधिक विषयमा संशोधन गर्नुपर्ने । | संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्यांकन जस्ता वातावारणीय अध्ययन गर्नुको मुलभूत उद्देश्य भनेको कुनै पनि विकास निर्माणका कार्य वा वातावरणलाई असर पार्न सक्ने कार्य गर्दा सम्भावित वातावरणीय असरलाई वा त्यसबाट हुनसक्ने सम्भावित जोखिमलाई आकलन गरी त्यस्तो विकास निर्माणको कार्य गर्दा त्यस्तो क्षेत्रमा वातावरणीय दृष्टिकोणबाट उचित नहुने भए त्यस्तो कार्य नगर्नु वा अन्य विकल्प खोज्नु हो । कुनै पनि परियोजना वा विकास निर्माणको कार्यले निम्त्याउने असर वा क्षति त्यस्तो परियोजनाको लागत वा परियोजना सम्पन्न गर्न आवश्यक उपकरणको लागतमा नभई कार्यको प्रकृति र त्यस्तो कार्यले गर्न सक्ने बातावरणीय विनाशमा आधारित हुने हुँदा यस अनुसूचीमा लगानीको आधारमा वातावरणीय अध्ययन गर्नुपर्ने गरी व्यवस्था गर्दा उपयुक्त देखिँदैन । |

| क्र.सं. | ऐनमा संशोधन गर्न पर्ने दफा | ऐनको मौजुदा व्यवस्था | ऐनमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ५. | **अनुसूची २ को (ख) (३८, ५२, ५४, ५५, ७७)** | (३८) दैनिक १० मेट्रिक टनभन्दा बढी उत्पादन क्षमता भएको वा २० करोड देखि २ अर्ब रुपैयाँसम्म मेसिन उपकरणमा लगानी हुने खनिजजन्य पदार्थ प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,<br>(५२) १ करोड रुपैयाँभन्दा बढीको मेसिन उपकरण प्रयोग गरी इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामान एसेम्ब्लिंङ्ग गर्ने उद्योग स्थापना गर्ने,<br>(५४) मेसिन उपकरणमा ५ करोड रुपैयाँभन्दा बढी लगानी भएको वर्कशप (मर्मत सम्भार गर्ने समेत) स्थापना गर्ने,<br>(५५) मेसिन उपकरणमा ५ करोड रुपैयाँभन्दा बढी लगानी गर्ने निर्माण सम्बन्धी कार्य गर्ने उद्योगको स्टोरेज यार्ड स्थापना गर्ने,<br>(७७) कम्प्युटर, सफ्टवेयर, विद्युत उपकरण प्रयोग गरी सफ्टवेयर तयारी, अनलाईन सेवा, इन्टरनेट रेडियो, केबुल नेटवर्क जस्ता प्रकृतिका सेवा दिने कार्य वा तालिम, परामर्श जस्ता कार्य बाहेक २५ करोड देखि २ अर्ब रुपैयाँसम्म मेसिन उपकरणमा लगानी हुने उद्योग, | आवश्यक प्राविधिक विषयमा संशोधन गर्नुपर्ने । | क्र.सं. ५ मा उल्लेख भएबमोजिम नै । |
| ६. | **अनुसूची ३ को (ख) (१५, २८)** | (१५) २ अर्ब रुपैयाँभन्दा बढी मेसिन उपकरणमा लगानी हुने खनिजजन्य पदार्थ प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,<br>(२८) कम्प्युटर, सफ्टवेयर, विद्युत उपकरण प्रयोग गरी सफ्टवेयर तयारी, अनलाईन सेवा, इन्टरनेट रेडियो, केबुल नेटवर्क जस्ता प्रकृतिका सेवा दिने कार्य वा तालिम, परामर्श जस्ता कार्य बाहेक अर्ब रुपैयाँभन्दा बढी मेसिन उपकरणमा लगानी हुने उद्योग, आवश्यक प्राविधिक विषयमा संशोधन गर्नुपर्ने । क्र.सं. ५ मा उल्लेख भएबमोजिम नै । | आवश्यक प्राविधिक विषयमा संशोधन गर्नुपर्ने । | क्र.सं. ५ मा उल्लेख भएबमोजिम नै । |

## २२. वन ऐन, २०७६

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | **दफा ४२ (७)** | **४२. वनक्षेत्रको प्रयोग:**<br>(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, उद्योग, लगानी बोर्डबाट लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजना संचालन गर्न वन क्षेत्रकोप्रयोग गर्नु बाहेक अन्य कुनै पनि विकल्प नभएमा र प्रचलित कानुन बमोजिमको वातावारणीय परिक्षणबाट त्यस्तो योजना संचालन गर्दा वातावरण उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा नेपाल सरकारले त्यस्तो योजना संचालन गर्नको निमित्त राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न तोकिएबमोजिम स्वीकृतिदिन सक्नेछ ।<br>(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो जग्गा उपलब्ध हुन नसकेको अवस्थामा त्यस्तो आयोजनाको सञ्चालकले वन विकासको लागि जग्गाको व्यवस्था गर्नको लागि आवश्यक पर्ने रकम उपलब्ध गराउनु पर्नेछ । | **४२. वनक्षेत्रको प्रयोग:**<br>(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि **खनिजजन्य उद्योग,** राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, उद्योग, लगानी बोर्डबाट लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजना संचालन गर्न वन क्षेत्रकोप्रयोग गर्नु बाहेक अन्य कुनै पनि विकल्प नभएमा र प्रचलित कानुन बमोजिमको वातावारणीय परिक्षणबाट त्यस्तो योजना संचालन गर्दा वातावरण उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा नेपाल सरकारले त्यस्तो योजना संचालन गर्नको निमित्त राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न तोकिएबमोजिम स्वीकृतिदिन सक्नेछ ।<br>(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो जग्गा उपलब्ध हुन नसकेको **वा जग्गा उपलब्ध गराउन आयोजना संचालकले असमर्थता जनाएको** अवस्थामा वनक्षेत्रको जग्गा उपयोग गरेबापत आयोजनाको सञ्चालकले भू-वहाल बुझाउन पर्नेछ । | वन विकासमा बाधा नपुग्ने गरी उद्योगलाई वन क्षेत्रको जग्गा उपलब्ध गराउने व्यवस्थालाई सरलीकृत गर्न । |
| २. | **दफा ४२(५क)** | **हाल व्यवस्था नभएको** | **दफा ४२. (५क) गरिएको:**<br>**४२. वनक्षेत्रको प्रयोग:** (५क) उपदफा ५ बमोजिमको भू-वहाल निर्धारण गर्दा वनक्षेत्रको जग्गाको क्षेत्रफल, त्यस्मा रहेका रुख विरुवा र अन्यत्र त्यति नै जग्गामा पाँच वर्षसम्म रुख हुर्काउन लाग्ने खर्च समेतको आधारमा निर्धारण गरिनेछ । | क्र.सं. १ मा उल्लेख गरेबमोजिम थप व्यवस्था गर्न । |
| ३. | **दफा ४२ (६)** | **४२. वनक्षेत्रको प्रयोग:** (६) उपदफा (२) वा (५) बमोजिमको जग्गामा पाँच वर्षसम्म रुख हुर्काउन तथा सम्भारका लागि आवश्यक पर्ने रकम त्यस्तो आयोजनाको सञ्चालकले उपलब्ध गराउनु पर्नेछ । | **उक्त व्यवस्था हटाइएको ।** | क्र.सं. १ मा उल्लेख गरेबमोजिम थप व्यवस्था गर्न । |
| ४. | **दफा ४२ (७)** | **४२. वनक्षेत्रको प्रयोग:** (७) उपदफा (१) बमोजिम वनक्षेत्रको जग्गा उपयोग गर्न दिए बापत उपदफा (५) र (६) बमोजिम प्राप्त रकम दफा ४५ बमोजिमको कोषमा जम्मा गरिनेछ । | **४२. वनक्षेत्रको प्रयोग:** (७) उपदफा (१) बमोजिम वनक्षेत्रको जग्गा उपयोग गर्न दिए बापत उपदफा (५) बमोजिम प्राप्त रकम सो वनक्षेत्रको सट्टामा अन्यत्र वन विकास गर्न खर्च गर्ने गरी दफा ४५ बमोजिमको कोषमा जम्मा गरिनेछ । | |

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ५. | **दफा ४२ (२)** | **४२. वनक्षेत्रको प्रयोगः** (२) उपदफा (१) बमोजिम योजना सञ्चालनको लागि वनक्षेत्र उपलब्ध गराउँदा जति वनक्षेत्र प्रयोग गर्नु पर्ने हो कम्तीमा त्यति नै क्षेत्रमा रुख रोप्नको लागि सम्भव भएसम्म आयोजनास्थलको नजिक पर्ने राष्ट्रिय वनक्षेत्रसँग जोडिएको र समान भौगोलिक र पारिस्थितिकीय क्षेत्रमा पर्ने तथा वनको विकास गर्न सकिने भू-वनोट भएको जग्गा उपलब्ध गराउनु पर्नेछ। | **४२. वनक्षेत्रको प्रयोगः** (२) उपदफा (१) बमोजिम योजना सञ्चालनको लागि वनक्षेत्र उपलब्ध गराउँदा जति वनक्षेत्र प्रयोग गर्नु पर्ने हो कम्तीमा त्यति नै क्षेत्रमा रुख रोप्नको लागि सम्भव भएसम्म आयोजनास्थलको नजिक पर्ने राष्ट्रिय वनक्षेत्रसँग जोडिएको र समान भौगोलिक र पारिस्थितिकीय क्षेत्रमा पर्ने तथा वनको विकास गर्न सकिने भू-वनोट भएको जग्गा उपलब्ध गराउनु पर्नेछ। **तर त्यस्तो जग्गा उपलब्ध नभएमा कुनै एक ठाउँमा एक हेक्टर भन्दा कम नहुने गरी अन्यत्र पनि रुख रोप्न सकिने छ।** | आयोजना निर्माणको लागि वन क्षेत्र प्रयोग गरे वापत नियमानुसार वृक्षारोपण गर्न निकुञ्ज र संरक्षण क्षेत्र नजिक जग्गा प्राप्त नभएमा एक ठाउँमा एक हेक्टर भन्दा कम नहुने गरी अन्यत्र पनि वृक्षारोपण गर्नका लागि। |
| ६. | **दफा ४३** | **४३. खनिज कार्यका लागि वनक्षेत्र प्रयोग गर्न सक्नेः**<br>(२) उपदफा (१) बमोजिमको अन्वेषणबाट राष्ट्रिय वनभित्र सुन, चाँदी, तामा, फलाम जस्ता खनिज पदार्थ रहेको पत्ता लागि उत्खनन् गर्नु परेमा प्रचलित कानुन बमोजिम वातावरणीय परीक्षण गरी त्यसरी उत्खनन् गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने भएमा त्यस्ता खनिज पदार्थ उत्खनन् गर्नको निमित्त नेपाल सरकारले वनक्षेत्र प्रयोग गर्न स्वीकृति दिन सक्नेछ।<br>तर राष्ट्रिय प्राथमिकता प्राप्त विकास योजना लगानी बोर्डबाट विदेशी लगानी स्वीकृत भएको योजना राष्ट्रिय गौरवका आयोजनामा प्रयोग हुने कच्चा पदार्थ उपयोग गर्न र उल्लेखित खनिज पदार्थ बाहेक वन क्षेत्रबाट अन्य खनिजजन्य वनपैदावार उत्खनन् गर्न पाइने छैन। | **४३. खनिज कार्यका लागि वनक्षेत्र प्रयोग गर्न सक्नेः**<br>(२) उपदफा (१) बमोजिमको अन्वेषणबाट राष्ट्रिय वनभित्र **धातु, अधातु, प्राकृतिक तेल तथा ग्यास जस्ता खनिज पदार्थ रहेको पत्ता लागि** उत्खनन् गर्नु परेमा प्रचलित कानुन बमोजिम वातावरणीय परीक्षण गरी त्यसरी उत्खनन् गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने भएमा त्यस्ता खनिज पदार्थ उत्खनन् गर्नको निमित्त नेपाल सरकारले वनक्षेत्र प्रयोग गर्न स्वीकृति दिन सक्नेछ।<br>तर राष्ट्रिय प्राथमिकता प्राप्त विकास योजना लगानी बोर्डबाट विदेशी लगानी स्वीकृत भएको योजना राष्ट्रिय गौरवका आयोजना, **खनिजजन्य उद्योगमा** प्रयोग हुने कच्चा पदार्थ उपयोग गर्न र उल्लेखित खनिज पदार्थ बाहेक वन क्षेत्रबाट अन्य खनिजजन्य वनपैदावार उत्खनन् गर्न पाइने छैन। | ऐनको दफा ४३ उपदफा २ मा "सुन, चाँदि, तामा, फलाम जस्ता" को सट्टामा धातु, अधातु, प्राकृतिक तेल तथा ग्यास शब्द राख्न आवश्यक देखिन्छ। मौजुदा शब्दहरुले केही धातु खनिज मात्र उल्लेख गरेको तर खनिज बर्गमा रहने धेरै महत्वपूर्ण आधारभूत खनिजहरु समेट्न सकेको देखिएन। खनिज पदार्थहरु आधुनिक विकासका लागि अपरिहार्य छन्। तसर्थ वन क्षेत्रमा पाईएका वा पाउन सक्ने सबै प्रकारका आधारभूत खनिजहरुको प्रयोग गर्न सकिने गरी कानुनी व्यवस्था हुन जरुरी भएकोले। |

## २३. वन नियमावली २०७९

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | **नियम ४** | **४. राष्ट्रिय वन क्षेत्रको भोगाधिकार उपलब्ध गराउन सक्ने :**<br>(१) नियम ३ को उपनियम (२) बमोजिम नेपाल सकारले भू-उपयोग परिबर्तन गर्न स्वीकृति दिएको राष्ट्रिय वनको भोगाधिकार सम्बन्धित निकायलाई उपलब्ध गराउन सक्ने छ। यसरी भू-उपयोग परिबर्तन गर्न स्वीकृति दिई भोगाधिकार उपलब्ध गराएको विवरण सम्बन्धित प्रदेश मन्त्रालय र निर्देशनालयलाई उपलब्ध गराउनु पर्नेछ। | **४. राष्ट्रिय वन क्षेत्रको भोगाधिकार उपलब्ध गराउन सक्ने :**<br>(२) उपनियम (१) बमोजिम भोगाधिकार प्राप्त गर्ने निकायले विभागले तोकेको जग्गामा वृक्षारोपण गर्न र पाँच वर्षसम्म सोको संरक्षण गर्न लाग्ने अनुसूची ----- बमोजिमको रकम कोषमा जम्मा गर्नु पर्नेछ | भौगोलिक क्षेत्र अनुसार वृक्षारोपण र संरक्षण गर्न लाग्ने रकम अनुसूचीमा राख उचीत हुने।<br><br>प्रकृया छिटो छरितो भइ समयमानै कार्य सुरु गर्न सहज हुने। |

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | (२) उपनियम (१) बमोजिम भोगाधिकार प्राप्त गर्ने निकायले विभाग वा डिभिजन वन कार्यालयले तोकेको जग्गामा वृक्षारोपण गर्न र पाँच वर्षसम्म सोको संरक्षण गर्न लाग्ने गरी विभागले लागत अनुमान गरे बमोजिमको रकम कोषमा जम्मा गर्नु पर्नेछ।<br>(४) उपनियम (१) बमोजिम भोगाधिकार उपलब्ध गराएको राष्ट्रिय वन क्षेत्रको जग्गामा रहेका रुख आवश्यक भौतिक संरचना निर्माण गर्ने क्रममा हटाउनु पर्ने भएमा प्रदेश मन्त्रालयको स्वीकृत लिएर मात्र हटाउनु पर्नेछ।<br>(६) उपनियम (१) को प्रयोजनको लागि उपभोक्ता समुहद्वारा व्यवस्थित वन क्षेत्रमा भोगाधिकार प्रदान गर्नुपर्ने भएमा सम्बन्धित उपभोक्ता समुहको सहमति लिनु पर्नेछ। यसरी उपभोक्ता समुहले सहमति दिँदा सो समुहको साधारणसभाले निर्णय गर्नु पर्नेछ। | (४) उपनियम (१) बमोजिम भोगाधिकार उपलब्ध गराएको राष्ट्रिय वन क्षेत्रको जग्गामा रहेका रुख आवश्यक भौतिक संरचना निर्माण गर्ने क्रममा हटाउनु पर्ने भएमा डिभिजन वन कार्यालयको स्वीकृति लिएर मात्र हटाउनुपर्नेछ।<br>(६) उपनियम (१) को प्रयोजनको लागि उपभोक्ता समुहद्वारा व्यवस्थित वन क्षेत्रमा भोगाधिकार प्रदान गर्नुपर्ने भएमा सम्बन्धित उपभोक्ता समुहको कार्यसमितिको सहमति लिनु पर्नेछ।<br><br>**थप गर्नुपर्ने**<br>**(६) (क) उपभोक्ता समुहले उपनियम (६) अनुसारको सहमति दिँदा पत्र पाएको मितिले १० दिनभित्रमा उपलब्ध गराउनु पर्नेछ, अन्यथा सहमति पाएको मानिनेछ।** | |
| २. | **नियम ८७** | **८७. वन क्षेत्र नपर्ने गरी विकास आयोजना तर्जुमा गर्नु पर्ने:**<br>(१) विकास आयोजना तर्जुमा गर्दा सम्भव भएसम्म राष्ट्रिय वनको कुनै पनि भाग नपर्ने गरी गर्नु पर्नेछ।<br>(२) उपनियम (१) बमोजिमको आयोजना तर्जुमाका लागि सम्भाव्यता अध्ययन गर्दा ऐनको दफा ४२ बमोजिमका आयोजना संचालन गर्न राष्ट्रिय वनक्षेत्र प्रयोग गर्नु बाहेक अन्य कुनै पनि विकल्प नभएमा सम्बन्धित वन व्यवस्थापन पद्दतिबमोजिम त्यस्तो वन व्यवस्थापन गर्ने निकाय वा समूहको परामर्श तथा सहभागितामा न्यूनतम वनक्षेत्र मात्र प्रयोग गर्ने र न्यूनतम रूख बिरुवा मात्र हटाउनु पर्ने विकल्पको अध्ययन तथा विश्लेषण गरी मुख्य क्रियाकलाप समावेश भएको अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ।<br>(३) यस नियम बमोजिम विकास आयोजनाको लागि वनक्षेत्र प्रयोग गर्नु पर्ने भएमा त्यस्तो आयोजना तर्जुमा गर्दा, सम्भाव्यता अध्ययन गर्दा तथा वातावरण अध्ययन गर्दा सम्बन्धित डिभिजन वन कार्यालयसंग समन्वय गर्नु पर्नेछ। | **८७. वन क्षेत्र नपर्ने गरी विकास आयोजना तर्जुमा गर्नुपर्ने:**<br>**(२) उपनियम (१) बमोजिमको आयोजना तर्जुमाका लागि सम्भाव्यता अध्ययन गर्दा ऐनको दफा ४२ बमोजिमका आयोजना संचालन गर्न राष्ट्रिय वनक्षेत्र प्रयोग गर्नुबाहेक अन्य कुनै पनि विकल्प नभएमा डिभिजन वन कार्यालयको सहमतिमा न्यूनतम वनक्षेत्र मात्र प्रयोग गर्ने।**<br>**(३) यस नियमबमोजिम विकास आयोजनाका लागि वनक्षेत्र प्रयोग गर्नुपर्ने भएमा त्यस्तो आयोजना तर्जुमा गर्दा, सम्भाव्यता अध्ययन गर्दा तथा वातावरण अध्ययन गर्दा विकास आयोजनाले सम्बन्धित डिभिजन वन कार्यालयसंग समन्वय गर्नुपर्नेछ र डिभिजन वन कार्यालयले सो कार्यमा सहजीकरण गर्नु पर्नेछ।** | सम्भाव्यता अध्ययन प्रतिवेदन परामर्शदाताले तयार गर्ने भएकोले र सो प्रतिवेदनमा डिभिजन वन कार्यालयको सहमति भए पुग्ने भएकोले।<br><br>एक रुखको सट्टा १० रोप्ने र संरक्षण क्षेत्रमा १ रुख काट्दा २५ बिरुवा रोप्ने हुर्काउने कार्यको लागि जग्गा नै पर्याप्तरुपमा उपलब्ध हुन समस्या हुने भएकाले।<br><br>सम्भाव्यता र वातावरण अध्ययन परामर्शदाताले गर्ने भएकोले यस कार्यमा डिभिजन वन कार्यालयको सहजीकरणले काम छिटोछरितो हुने भएकोले, |

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ३. | **नियम ८९** | **८९. विवरण माग गर्ने :**<br>(२) उपनियम १ बमोजिम विवरण माग भएमा डिभिजन वन कार्यालयले देहाय बमोजिम विवरण खुलाई रायसहित विभागमा पठाउनु पर्ने छ र सोको जानकारी निर्देशनालय मार्फत मन्त्रालयलाई गराउनु पर्नेछ :<br>(ग) विकास आयोजनाको लागि माग भएको राष्ट्रिय वन क्षेत्रको कुनै भाग उपभोक्ता समुहको व्यवस्थापनमा रहेको भए उपभोक्ता समुहको साधारणसभाको निर्णय । | **८९. विवरण माग गर्ने :**<br>(२) उपनियम १ बमोजिम विवरण माग भएमा डिभिजन वन कार्यालयले देहाय बमोजिम विवरण खुलाई रायसहित विभागमा पठाउनु पर्नेछ र सोको जानकारी निर्देशनालय मार्फत मन्त्रालयलाई गराउनु पर्नेछ :<br>(ग) विकास आयोजनाको लागि माग भएको राष्ट्रिय वन क्षेत्रको कुनै भाग उपभोक्ता समुहको व्यवस्थापनमा रहेको **भए उक्त समुहमा लिखित सहमति माग गर्ने र १० दिन भित्रमा सहमति उपलब्ध नगराएमा स्वतः पाएको मानिने ।** | राष्ट्रिय गौरवका आयोजना कुनै एक दुइ समुहले सहमति नदीदैमा रोकिनु नहुने र नेपाल सरकारलाई निर्णय गर्न सहज हुने भएकोले । |
| ४. | **नियम ९०** | **९०. नेपाल सरकारले स्वीकृति दिन सक्ने :**<br>(१) राष्ट्रिय वनक्षेत्रको कुनै भाग प्रयोग गर्ने सम्बन्धमा विभागले डिभिजन वन कार्यालयबाट नियम ८९ बमोजिम प्राप्त विवरण अध्ययन गरी आवश्यक परेमा स्थलगत अनुगमन समेत गरी आफ्नो रायसहित मन्त्रालयमा पठाउनु पर्नेछ ।<br>(२) मन्त्रालयले उपनियम (१) बमोजिम प्राप्त विवरण तथा कागजात अध्ययन गर्दा राष्ट्रिय वनक्षेत्रको कुनै भाग प्रयोग गर्न दिन र त्यसमा रहेका रूख बिरुवा हटाउन दिन उपयुक्त हुने देखेमा यस नियमावली बमोजिम त्यस्तो विकास योजनाले पालना गर्नुपर्ने सर्त तोकी सो पालना गर्ने प्रतिबद्धताको लागि सो आयोजनालाई लेखि पठाउन सक्नेछ । | **९०. नेपाल सरकारले स्वीकृति दिन सक्ने :**<br>(२) मन्त्रालयले उपनियम (१) बमोजिम प्राप्त विवरण तथा कागजात अध्ययन गर्दा राष्ट्रिय वन क्षेत्रको कुनै भाग प्रयोग गर्न दिन र त्यसमा रहेका रूख बिरुवा हटाउन दिन उपयुक्त हुने देखेमा राष्ट्रिय वन क्षेत्रको ठेगाना, क्षेत्रफल, हटाउनुपर्ने रुख बिरुवाको संख्याको विवरणसहित त्यस्तो वन क्षेत्रको भू स्वामित्व नेपाल सरकारमा रहने गरी स्वकृतिका लागि नेपाल सरकारसमक्ष पेश गर्नेछ ।<br><br>**थप गर्नुपर्ने**<br>**९० क. नेपाल सरकारले पूर्वस्वीकृति दिन सक्ने :**<br>(१) ऐनको दफा ४२ (१) बमोजिमका विकास आयोजनाको वातावरण अध्ययन प्रतिवेदनले बातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने नदेखिएमा स्वीकृत वातावरण प्रतिवेदनमा उल्लेख भएको राष्ट्रिय वन क्षेत्र प्रयोग गरी आयोजना निर्माण सुरु गर्न हटाउनुपर्ने रूख बिरुवा उल्लेख गरी नियम ९०क को उपनियम (२) बमोजिम स्वीकृतिका लागि पेश हुन आएमा नेपाल सरकारले सर्तहरु तोकी पूर्वस्वीकृति दिनेछ ।<br>(२) उपनियम (१) बमोजिम विकास आयोजना तत्कालै सुरु गर्न पर्ने भएमा नियम ९० मा व्यवस्था भएअनुसार अन्तिम स्वीकृतिमा उल्लेख भए बमोजिम हुने गरी विकास आयोजनाले पूर्वस्वीकृतिको लागि स्वीकृत वातावरण प्रतिवेदनमा उल्लेख भएको राष्ट्रियवनको प्रयोग हुने क्षेत्रफल, हटाउनुपर्ने रूख, बिरुवा उल्लेख गरी विकास आयोजनाले निवेदन दिएमा विषयगत मन्त्रालयले जग्गाको | उपनियम ३ उपनियम २ मा परेको हुदा उपनियम ३ हटाउनुपर्ने ।<br><br>समयमा नै ऐनको दफा ४२ (१) अनुसारका आयोजनाको निर्माणकार्य पुरा गर्न, पुजीगत खर्च बढाउन, विकास आयोजनाको लागत कम गर्न र विकास आयोजनाको प्रतिफल समयमा नै जनता समक्ष पुर्याउन पूर्वस्वीकृतिको व्यवस्था गर्न जरुरी भएकोले । |

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | | भू-स्वामित्व नेपाल सरकारमा रहने गरी आयोजना निर्माणको काम सुरू गर्न पूर्वस्वीकृतिका लागि नेपाल सरकारसमक्ष पेश गर्नेछ। आयोजनाले यस उपनियम बमोजिम निवेदन दिँदा नियम ८७ बमोजिमको निवेदन समेत दिएको हुनु पर्नेछ।<br>(३) उपनियम (१) बमोजिम नेपाल सरकारबाट पूर्वस्वीकृति प्राप्त भएमा विकास आयोजनाले आनुसूची-५१ बमोजिमको रकम र नियम ९३ को उपनियम (४) बमोजिम हुने रकम कोषको धरौटी खातामा जम्मा गर्नु पर्ने छ वा सो रकमबराबरको बैंक जमानत कोषमा पेश गर्नु पर्नेछ।<br>(४) उपनियम (१) बमोजिम नेपाल सरकारबाट पूर्वस्वीकृति प्राप्त भएमा राष्ट्रिय वन क्षेत्रमा रहेका रूख बिरुवा भौतिक संरचना निर्माण गर्ने क्रममा हटाउनु पर्ने भएमा डिभिजन वन कार्यालयको अनुमति लिएर मात्र हटाउनु पर्नेछ।<br>(५) उपनियम (१) बमोजिम नेपाल सरकारबाट पूर्वस्वीकृति पाएको आयोजनाले वन क्षेत्र प्रवेशका लागि पाएको पूर्वस्वीकृति, उपनियम (२) बमोजिम रकम दाखिला गरेको भौचर वा बैंक जमानतको कागज र विभागको पत्र सहित डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।<br>(६) उपनियम (५) मा उल्लेख भएका कागजात सहित निवेदन प्राप्त भएमा डिभिजन वन अधिकृतले राष्ट्रिय वनक्षेत्रमा प्रवेश गर्ने अनुमति दिन दिनेछ।<br>(७) वन विकास कोसमा जम्मा गर्नु पर्ने रकम रास्ट्रीय प्राथमिकता प्राप्त आयोजनाको लागि वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने कार्यविधिको २०७६ को अनुसूची १ दफा १० संग सम्बन्धित वन क्षेत्रको कुलखुद वर्तमान मुल्यको मूल्यांकन तालिका बमोजिमको रकम बुझाउने व्यवस्था गरिनेछ। | वन नियमावली २०८० को अनुसूची ५१ (नियम ९३ को उपनियम (१) र नियम ९५ को उपनियम (३) सँग सम्बन्धित रकमको तालिका हटाउनु पर्ने जुन रकम अत्यन्तै बढी भएको हुनाले। |

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ५. | **नियम ९१** | **९१. जग्गा उपलब्ध गराउनुपर्ने :**<br>(१) नियम ९० बमोजिम नेपाल सरकारबाट विकास आयोजना संचालनका लागि राष्ट्रियवनको कुनै भाग प्रयोग गर्न दिने निर्णय भएमा विकास आयोजनाले ऐनको दफा ४२ को उपदफा (२) बमोजिम वनको विकास गर्न सकिने भू-वनोट भएको जग्गा उपलब्ध गराउनु पर्नेछ।<br>(५) डिभिजन वन कार्यालयले उपनियम (१) वा (४) बमोजिम जग्गा वन क्षेत्र कायम गर्ने प्रयोजनको लागि पहिले विकास आयोजनाको नाममा रजिस्ट्रेसन पारित गरी तत्काल नेपाल सरकारको नाममा रजिस्ट्रेशन पारित गर्न सम्बन्धित मालपोत कार्यालयलाई लेखि पठाउनु पर्नेछ।<br>(६) उपनियम (५) बमोजिम लेखि आएमा सम्बन्धित मालपोत कार्यालयले त्यस्तो जग्गा सम्बन्धित विकास आयोजनाको नाममा रजिस्ट्रेशन पारित गर्नु पर्ने छ र यसरी विकास आयोजनाको नाममा रजिस्ट्रेशन पारित भए पछि तत्काल नेपाल सरकारको नाममा रजिस्ट्रेशन पारित गरी राष्ट्रिय वन क्षेत्र कायम गर्नु पर्नेछ। | **९१. जग्गा उपलब्ध गराउनुपर्ने :**<br>(१) नियम ९० बमोजिम नेपाल सरकारबाट विकास आयोजना संचालनका लागि राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न दिने निर्णय भएमा विकास आयोजनाले ऐनको दफा ४२ को उपदफा (२) बमोजिम वनको विकास गर्न सकिने भू-वनोट भएको जग्गा दुई वर्षभित्रमा उपलब्ध गराउनु पर्नेछ।<br>(५) डिभिजन वन कार्यालयले उपनियम (१) वा (४) बमोजिमको जग्गा वन क्षेत्र कायम गर्ने प्रयोजनको लागि जग्गाधनीबाट सोझै नेपाल सकारको नाममा रजिस्ट्रेशन पारित गर्न सम्बन्धित मालपोत कार्यालयलाई लेखि पठाउनु पर्नेछ **र रजिस्ट्रेशनबापतको रकम सम्बन्धित आयोजनाले व्यहोर्नेछ।**<br>**(६) सम्बन्धित डिभिजन वन कार्यालयबाट उपनियम (५) बमोजिम लेखि आएमा मालपोत कार्यालयले त्यस्तो जग्गा तत्काल नेपाल सकारको नाममा रजिस्ट्रेशन पारित गरी कैफियत महलमा सम्बन्धित विकास आयोजना/कम्पनिको तर्फबाट प्राप्त भनि जनाई राष्ट्रिय वन क्षेत्र कायम गर्नु पर्नेछ।** | बिद्युत प्रसारणलाइन र जलविद्युत आयोजनालाई आवश्यक जग्गा तत्कालै प्राप्त गर्न र नेपाल सरकारलाई उपलब्ध गराउन असहज हुने भएकोले विगतमा जस्तै सम्झौता भएको मितिले २ वर्ष भित्रमा उपलब्ध गराउँदा विकास आयोजनाको काममा अवरोध हट्ने भएकोले।<br><br>विकास आयोजनाले नेपाल सरकारलाई सट्टा भर्ना जग्गा उपलब्ध गराउन धेरै क्षेत्रफलको जग्गा आवश्यक पर्ने र प्रचलित भुमि सम्बन्धी ऐनले पहाडमा ७५ रोपनी, उपत्यकामा २५ रोपनी र तराईमा -१० विगाहाभन्दा बढी हदबन्दी कायम गरेको हुँदा सिधै जग्गाधनीबाट राष्ट्रिय वन कायम गर्न दिन मनासिब हुने। |

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ६. | **नियम ९३** | **९३. रकम जम्मा गर्नुपर्ने :**<br>(१) नियम ९२ बमोजिम जग्गा प्राप्ति सहजीकरण समितिले नियम ९१ को उपनियम (९) बमोजिम जग्गा प्राप्त नभएको व्यहोरा सिफारिस गरेमा विभागले विकास आयोजनालाई जग्गा खरिद वापतको रकम जम्मा गर्न स्वीकृति दिनु पर्ने छ र विकास आयोजनाले अनुसूची ५१ बमोजिमको रकम कोषमा जम्मा गर्नु पर्नेछ ।<br>(२) नेपाल सकारद्वारा निर्माण हुने वा गैरनाफामुलक विकास आयोजनाले उपनियम (१) बमोजिमको रकम बुझाउँदा अर्थ मन्त्रालयको सिफारिसमा किस्तावनदीमा बुझाउन सक्ने छन् । यस्तो किस्तावनदीमा बुझाउने रकम बढीमा पाँच वर्षमा बुझाई सक्नुपर्नेछ ।<br>(५) उपनियम (४) बमोजिम लागत अनुमानमा विकास आयोजना कार्यान्वयन गर्दा हटाईएको रूख र बल्लाबल्लिको संख्याको दश गुणाको दरले हुने बिरुवाको वृक्षारोपण गर्न लाग्ने लागत रकमलाई समेत आधार मान्नु पर्नेछ ।<br>(६) विभागले उपनियम (४) बमोजिमको लागत अनुमान तयार गर्दा बहुवर्षीय बिरुवा उत्पादन वा खरिद, विरुवा ढुवानी, प्रति हेक्टर सोह्र सय बिरुवाको दरले वृक्षारोपण, वृक्षारोपण संरक्षणको लागि तारबार वा पर्खाल र पाँच वर्षको लागि आवश्यक हेरचार गर्ने व्यक्तिको संख्या समेतलाई आधार मान्नु पर्नेछ । | **९३. रकम जम्मा गर्नुपर्ने :**<br>(१) नियम ९२ बमोजिम जग्गा प्राप्ति सहजीकरण समितिले नियम ९१ को उपनियम (९) बमोजिम जग्गा प्राप्त नभएको व्यहोरा सिफारिस गरेमा विभागले विकास आयोजनालाई जग्गा खरिद वापतको रकम जम्मा गर्न स्वीकृति दिनु पर्नेछ र विकास आयोजनाले अनुसूची ५१ बमोजिमको रकम कोषमा जम्मा गर्नु पर्नेछ ।<br>(२) नेपाल साकारद्वारा निर्माण हुने वा गैरनाफामुलक विकास आ आयोजनाले उपनियम (१) बमोजिमको रकम बुझाउदा अर्थ मन्त्रालयको सिफारिसमा किस्तावनदीमा बुझाउन सक्नेछन् । यस्तो किस्तावनदीमा बुझाउने रकम बढीमा पाँच वर्षमा बुझाई सक्नुपर्नेछ ।<br><br>**थप गर्नुपर्ने**<br>**(क) उपनियम २ बाहेकका विकास आयोजनाहरुले उपनियम (१) बमोजिम रकम बुझाउँदा सम्बन्धित मन्त्रालयको सिफारिसमा किस्तावनदीमा बुझाउन सक्नेछ। यस्तो किस्तावनदीमा बुझाउने रकम बढीमा तीन वर्ष भित्रमा बुझाई सक्नुपर्नेछ।**<br>(५) उपनियम (४) बमोजिम लागत अनुमानमा विकास आयोजना कार्यान्वयन गर्दा हटाइएको रूख र बल्लाबल्लिको संख्याको दुई गुणाको दरले हुने बिरुवाको वृक्षारोपण गर्न लाग्ने लागत रकमलाई समेत आधार मान्नु पर्नेछ ।<br>(६) विभागले उपनियम (४) बमोजिमको लागत अनुमान तयार गर्दा वा बहुवर्षीय बिरुवा उत्पादन वा खरिद, विरुवा ढुवानी, प्रतिहेक्टर सोह्र सय बिरुवाको दरले वृक्षारोपण, पाँच वर्ष वृक्षारोपण संरक्षणको लागि र आवश्यक हेरचार गर्ने व्यक्तिको संख्या समेतलाई आधार मान्नु पर्नेछ। तर जंगली जनावरले वृक्षारोपणमा क्षति पुऱ्याए त्यसको जिम्मेवारी सम्बन्धित आयोजनालाई वनाइने छैन ।<br><br>**थप गर्नुपर्ने:**<br>**(७) आयोजना संचालकले विकास आयोजना निर्माणको चरणमा अस्थायी रुपमा प्रयोग हुने वन क्षेत्रको रोयल्टी कबुलियत वन सरहको निर्माण अवधिभर वार्षिक रुपमा अनुसूची ३८ को भौगोलिक क्षेत्र अनुसार तोकीएको अधिकतम रकम बुझाउनु पर्नेछ।** | यो उपनियम अन्य विकास - आयोजनाको लागि पनि लागु हुनुपर्ने, विकास आयोजनाले एकमुस्ट रकम बुझाउदा एकैपटक ठूलो आर्थिक भारपर्न जाने हुदा किस्तावनदीमा बुझाउने व्यवस्था हुन उपयुक्त देखिएको ।<br><br>साबिकको व्यवस्था उपयुक्त नभएको<br><br>हेरचार गर्ने व्यक्ति भएपछि तारबार वा पर्खाल आबश्यक नहुने भएकोले ।<br><br>आयोजना निर्माणको चरणमा अस्थायी रुपमा प्रयोग हुने वन क्षेत्रको दस्तुर कहिँ कतै उल्लेख नभएकोले थप गर्नुपर्ने । |

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ७. | **नियम ९४** | **९४. सम्झौता गर्ने :**<br>(१)नियम ९३ बमोजिमको रकम कोषमा जम्मा गरेपछि मात्र विभागले त्यस्तो विकास आयोजनासँग राष्ट्रियवनको कुनै भाग प्रयोग गर्न सर्तसहित सम्झौता गरी आनुसुची- ५२ बमोजिमको ढाँचामा प्रमाण-पत्र प्रदान गर्नुपर्नेछ । | **९४. सम्झौता गर्ने :**<br>**(१) नियम ९३ को उपनियम (२) वा (२क) बमोजिमको प्रतिबद्धता प्राप्त भएपछि मात्र** विभागले त्यस्तो विकास आयोजनासँग राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न सर्तसहित सम्झौता गरी अनुसूची-५२ बमोजिमको ढाचामा प्रमाण-पत्र प्रदान गर्नु पर्नेछ । | नियम ९३ मा २ (क) थप भएकोले |
| ८. | **नियम ९७.** | **९७. क्षतिपूर्ति उपलब्ध गराउने :**<br>(२) राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न स्वीकृति पाइ विकास आयोजना संचालन गर्दा वनमा आश्रित कुनै व्यक्ति, समूह वा समुदायको जीविकोपार्जनमा प्रतिकूल असर परेमा वा कुनै हानि नोक्सानी भएमा विकास आयोजनासँग सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश सरकार वा स्थानीय तहले सो आयोजनाका तर्फबाट त्यस्तो हानि नोक्सानीको उचित क्षतिपूर्तिको व्यवस्था मिलाउनु पर्नेछ । | **९७. क्षतिपूर्ति उपलब्ध गराउने :**<br>(२) राष्ट्रियवनको कुनै **वन क्षेत्रभित्र आयोजना संचालन गर्दा वनको क्षति भएको कारणले वनमा आश्रित कुनै व्यक्ति, समूह वा स्थानीय समुदायको जिविकोपार्जनमा प्रतिकूल असर पर्ने भएमा त्यस्तो असरको लेखा जोखा गरी कोषमा प्राप्त रकमबाट जीविकोपार्जन सुधारका कार्यक्रम संचालन गर्नु पर्नेछ ।** | जीविकोपार्जन योजना (LIP) तयार गरी कोषमा प्राप्त रकमबाट जीविकोपार्जन सुधार कार्यक्रम संचालन गर्न उचित हुने । |
| ९. | **नियम ९९** | ९९. खनिज कार्यका लागि वनक्षेत्रको प्रयोगसम्बन्धी व्यवस्था:<br>(१) ऐनको दफा ४३ को उपदफा (१) बमोजिम गरिएको अन्वेषणको आधारमा सो दफाको उपदफा (२) बमोजिम सुन, चाँदी, तामा, फलाम जस्ता खनिज पदार्थ उत्खनन् गर्नका लागि माग भइ आएमा नेपाल सरकारले राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिन सक्नेछ । | ९९. खनिज कार्यका लागि वनक्षेत्रको प्रयोगसम्बन्धी व्यवस्था:<br>(१) ऐनको दफा ४३ को उपदफा (१) बमोजिम गरिएको अन्वेषणको आधारमा सो दफाको उपदफा (२) बमोजिम **धातु, अधातु, प्राकृतिक तेल तथा ग्यास जस्ता** खनिज पदार्थ उत्खनन् गर्नका लागि माग भइ आएमा नेपाल सरकारले राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिन सक्नेछ । | ऐनको दफा ४३ उपदफा २ मा “सुन, चाँदि, तामा, फलाम जस्ता” को सट्टामा धातु, अधातु, प्राकृतिक तेल तथा ग्यास शब्द राख्न आवश्यक देखिन्छ । मौजुदा शब्दहरुले केही धातु खनिज मात्र उल्लेख गरेको तर खनिज बर्गमा रहने धेरै महत्वपूर्ण र आधारभूत खनिजहरु समेट्न सकेको देखिएन । खनिज पदार्थहरु आधुनिक विकासका लागि अपरिहार्य छन् । तसर्थ वन क्षेत्रमा पाइएका वा पाउन सक्ने सबै प्रकारका आधारभूत खनिजहरुको प्रयोग गर्न सकिने गरी कानुनी व्यवस्था हुन जरुरी भएकोले । |

## २४. विद्युत ऐन, २०४९

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | **दफा ४** | **४. अनुमतिपत्रको व्यवस्था:**<br>(१) विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण, वितरण **वा व्यापार** गर्न चाहने व्यक्ति वा संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमका विवरणहरु खुलाइ तोकिएको अधिकारी समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनु पर्नेछ।<br>तर विद्युतको सर्वेक्षणको अनुमतिपत्रको लागि दरखास्त दिंदा त्यस्तो अध्ययन प्रतिवेदन संलग्न गर्न आवश्यक पर्नेछैन।<br>(२) उपदफा (१) बमोजिम परेको दरखास्तमा तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गरी गराइ दरखास्त परेको मितिले विद्युतको सर्वेक्षण अनुमतिपत्रको हकमा तीस दिनभित्र र विद्युत्को उत्पादन, प्रसारण वा वितरण अनुमतिपत्रको हकमा एकसय बीस दिनभित्र तोकिएबमोजिमको ढाँचामा दरखास्तवालालाई अनुमतिपत्र दिनु पर्नेछ।<br>**तर विद्युत व्यापारको हकमा अनुमतिपत्र प्राप्त गर्ने प्रक्रिया तोकिएबमोजिम हुनेछ।** | **४. अनुमतिपत्रको व्यवस्था:**<br>(१) विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण, वितरण वा व्यापार गर्न चाहने व्यक्ति वा संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमका विवरणहरु खुलाई तोकिएको अधिकारी समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनु पर्नेछ ।<br>तर विद्युतको सर्वेक्षणको अनुमतिपत्रको लागि दरखास्त दिंदा त्यस्तो अध्ययन प्रतिवेदन संलग्न गर्न आवश्यक पर्ने छैन ।<br>(२) उपदफा (१) बमोजिम परेको दरखास्तमा तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गरी गराइ दरखास्त परेको मितिले विद्युतको सर्वेक्षण अनुमतिपत्रको हकमा तीस दिनभित्र र विद्युतको उत्पादन, प्रसारण वा वितरण अनुमतिपत्रको हकमा एकसय बीस दिनभित्र तोकिए बमोजिमको ढाँचामा दरखास्तवालालाई अनुमतिपत्र दिनु पर्नेछ । तर विद्युत व्यापारको हकमा अनुमतिपत्र प्राप्त गर्ने प्रक्रिया तोकिएबमोजिम हुनेछ । | विद्युत व्यापारको अनुमतिपत्रलाई नियमन गर्न आवश्यक भएकोले । |
| २. | **दफा ८** | **८. अनुमतिपत्र खारेज गर्न सकिने:** | **दफा ८ मा निम्न बमोजिम उपदफा ४ थप गर्ने :**<br>(४) उपदफा (३) र उपदफा (२) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले दिएको जवाफ समेतलाई विचार गरी अनुमतिपत्र खारेज गर्नुपर्ने स्पष्ट र वस्तुनिष्ठ आधार देखिएमा अनुमतिपत्र प्रदान गर्ने अधिकारीले त्यस्तो अनुमतिपत्र खारेज गर्न सक्नेछ । तर अनुमतिपत्र प्राप्त गरी वित्तीय व्यवस्थापन समापन गरेर निर्माणाधीन आयोजना को अनुमतिपत्र खारेज गरिने छैन ।<br>(क) उपदफा (३) बमोजिम खारेज अनुमतिपत्र प्रतिष्पर्धाका माध्यमबाट अनुमतिपत्र प्रदान गर्दा खारेज गरिएको आयोजनाको प्रवर्द्धकलाई उचित क्षतिपूर्ति दिइने छ । | |

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ३. | **दफा ३३** | **३३. अरुको घर जग्गाको उपयोग वा प्राप्तिः**<br>(१) विद्युत उत्पादन, प्रसारण वा वितरण गर्नका लागि अरु कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिपत्र प्राप्त व्यक्तिले नेपाल सरकार समक्ष निवेदन दिन सक्नेछ।<br>(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा नेपाल सरकारले ततसम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रचलित कानुन बमोजिम संगठित संस्थालाई जग्गा प्राप्त गराई दिएसरह अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो घर जग्गा प्राप्त गराई दिन सक्नेछ। सरकारी जग्गा भएमा अनुमतिपत्रको अवधिभरको लागि पट्टा (लीज) मा उपलब्ध गराउनेछ।<br>(३) नेपाल सरकारले वा अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युतकोउत्पादन, प्रसारण वा वितरण सम्बन्धी कुनै निर्माण कार्य गरेकोमा त्यस्तो निर्माण कार्य भएको ठाउँ वा सो ठाउँको वरिपरि तोकिएको दूरीमा पर्ने घर जग्गा अरु कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न नपाउने गरी नेपाल सरकारले निषेध गर्न सक्नेछ। त्यसरी निषेध गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्ने हानि नोक्सानी बापत नेपाल सरकार वा अनुमतिपत्र प्राप्त व्यक्तिले तोकिए बमोजिम क्षतीपूर्ति दिनेछ। | **३३. अरुको घर जग्गाको उपयोग वा प्राप्तिः**<br>१) विद्युत उत्पादन, प्रसारण वा वितरण गर्नका लागि अरु कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिपत्र प्राप्त व्यक्तिले नेपाल सरकारसमक्ष निवेदन दिन सक्नेछ।<br>(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा नेपाल सरकारले तत्सम्वन्धमा आवश्यक जाँचबुझ गरी प्रचलित कानुनबमोजिम संगठित संस्थालाई जग्गा प्राप्त गराई दिएसरह अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो घर जग्गा प्राप्त गराई दिन सक्नेछ। सरकारी जग्गा भएमा अनुमतिपत्रको अवधिभरको लागि पट्टा (लीज) मा उपलब्ध गराउनेछ।<br>(३) नेपाल सरकारले वा अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युतकोउत्पादन, प्रसारण वा वितरण सम्बन्धी कुनै निर्माण कार्य गरेकोमा त्यस्तो निर्माण कार्य भएको ठाउँ वा सो ठाउँको वरिपरि तोकिएको दूरीमा पर्ने घर जग्गा अरु कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न नपाउने गरी नेपाल सरकारले निषेध गर्न सक्नेछ। त्यसरी निषेध गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्ने हानि नोक्सानीबापत नेपाल सरकार वा अनुमतिपत्र प्राप्त व्यक्तिले तोकिएबमोजिम क्षतीपूर्ति दिनेछ।<br>**(४) नेपाल सरकारले सम्बन्धित तहको सरकारसँग समन्वय गरी सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी मनासिव देखिएमा अनुमतिपत्र प्राप्त संस्थाले आवश्यक मुआब्जा वा क्षतिपूर्ति व्यहोर्ने गरी प्रचलित कानुनबमोजिम त्यस्तो घर जग्गा प्राप्त गराइदिने छ र सोको प्रकृया तोकिए बमोजिम हुनेछ।**<br>**(५) कुनै विशेष अवस्था परी कुनै क्षेत्रको विद्युत उत्पादन प्रसारण वा वितरण वनद गर्नु परेमा वा कुनै क्षेत्रमा विद्युत सेवा तत्काल पुऱ्याउनुपर्ने भएमा नेपाल सरकारले सम्बन्धित विद्युत उत्पादन वितरण वा प्रसारण गर्नेलाई आवश्यक आदेश दिन सक्नेछ र त्यस्तो आदेश पालना गर्नु निजको कर्तव्य हुनेछ। तर यस्तो आदेश पालन गर्दा पर्न गएको हानी नोक्सानीको क्षतिपूर्ति नेपाल सरकारले व्यहोर्नेछ।** | सरकारले घर जग्गा प्राप्त गर्ने कार्यमा सहायता पुर्याउदा अनुमतिपत्र प्राप्त व्यक्तिलाई सहज हुने भएकोले। |

## २५. संरक्षित क्षेत्रमा पूर्वाधार निर्माण सम्बन्धी कार्यविधि, २०८०

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | **कार्यविधि ३** | **३. संरक्षित क्षेत्र नपर्ने गरी सम्भाव्यता गर्नु पर्ने:**<br>११. यस कार्यविधि जारी हुनुभन्दा अघि जलविद्युत उत्पादन सर्वेक्षण अनुमति प्राप्त गरी लगानी समेत गदै प्रमाण पेश गरी आयोजनाले सम्भाव्यता अध्ययनको लागि विभाग समक्ष निवेदन दिएमा संरक्षित तथा संकटापन वन्यजन्तु एंव वनस्पतिको प्रमुख बासस्थान संरक्षण हुने कुरा सुनिश्चित देखिएमा त्यस क्षेत्रका नदीनालाबाट जलविद्युत उत्पादन गर्दा नदीको प्राकृतिक वहावमा र स्थानीय जनजीवनमा प्रतिकूल प्रभाव नपर्ने देखिएमा विभागले सम्भाव्यता अध्ययनको अनुमति दिन सक्नेछ। | **३. संरक्षित क्षेत्र नपर्ने गरी सम्भाव्यता गर्नु पर्ने**<br>११. यस कार्यविधि जारी हुनुभन्दा अघि जलविद्युत उत्पादन सर्वेक्षण अनुमति प्राप्त गरी लगानी समेत गर्दै प्रमाण पेश गरी आयोजनाले सम्भाव्यता अध्ययनको लागि विभागसमक्ष निवेदन दिएमा संरक्षित तथा संकटापन वन्यजन्तु एंव वनस्पतिको प्रमुख बासस्थान संरक्षण हुने कुरा सुनिश्चित देखिएमा त्यस क्षेत्रका नदीनालाबाट जलविद्युत उत्पादन गर्दा नदीको प्राकृतिक वहावमा र स्थानीय जनजीवनमा प्रतिकूल प्रभाव नपर्ने देखिएमा विभागले सम्भाव्यता अध्ययनको अनुमति दिन सक्नेछ। सोको लागि यसरी रोकिएका आयोजनाले यस विभागबाट संम्भाव्यता अध्ययनको अनुमति प्राप्त भए पश्चात नयाँ पूर्ण अवधि सर्वेक्षण अनुमति पत्र कायम रहने गरी विद्युत विकास विभागलाई सिफारिस गरिने छ। | सम्मानित सर्वोच्च अदालतको मिति २०८०/०२/३२ को फैसलाअनुसार। |
| २. | **कार्यविधि ५** | **५. संरक्षित क्षेत्र जग्गा प्रयोगको लागि निवेदन दिनुपर्ने:**<br>(ङ) प्रयोग गर्नेसंरक्षित क्षेत्रबाट हटाउन पर्ने पाँचइन्च गोलाई भन्दा बढीको रुख बिरुवाको अनुसूचि १ बमोजिमको ढाँचा लगत सहित विवरण | **५. संरक्षित क्षेत्र जग्गा प्रयोगको लागि निवेदन दिनुपर्ने:**<br>(ङ) प्रयोग गर्ने संरक्षित क्षेत्रबाट हटाउन पर्ने दशइन्च गोलाइभन्दा बढीको रुख बिरुवाको अनुसूचि १ बमोजिमको ढाँचा लगतसहित विवरण | पाँच इन्च गोलाइको बिरुबालाई रुख भन्न नमिल्ने र लगत लिदा नै समस्या हुने भएकोले। |
| ३. | **कार्यविधि ५** | **५. संरक्षित क्षेत्र जग्गा प्रयोगको लागि निवेदन दिनुपर्ने:**<br>(ज) विभागले तोकेको कागजपत्रहरु:<br>(४) उपदफा (३) बमोजिमको राय माग गर्दा मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्रहरुको हकमा सम्बन्धित उपभोक्ता समितिको साधारण सभाको निर्णयसहितको रायसमेत पेश गर्नु पर्नेछ। | **५. संरक्षित क्षेत्र जग्गा प्रयोगको लागि निवेदन दिनुपर्ने:**<br>(ज) विभागले तोकेको कागजपत्रहरु:<br>(४) उपदफा (३) बमोजिमको राय माग गर्दा मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्रहरुको हकमा सम्बन्धित उपभोक्ता समितिको राय समेत पेश गर्नु पर्ने छ। | समितिको साधारण सभाको निर्णय लिने काम आयोजनाको लागि धेरै समय लाग्ने र झन्झटिलो कार्य भएकोले। |

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ४. | **कार्यविधि ६** | **६. नेपाल सरकारले स्वीकृति दिनसक्ने:**<br>उपदफा (४) यस कार्यविधि बमोजिम संरक्षित क्षेत्रभित्र संचालनको लागि विभागबाट सिफारिस भै स्विकृती प्राप्त विद्युत आयोजनाको क्षमता पुन: थप हुनेछैन । | **६. नेपाल सरकारले स्वीकृति दिन सक्ने:**<br>उपदफा (४) यस कार्यविधि बमोजिम संरक्षित क्षेत्र भित्र संचालनको लागि विभागबाट सिफारिस भै स्विकृती प्राप्त विद्युत आयोजनाको क्षमता पुन: थप हुनेछैन तर विद्युत विकास विभागबाट स्विकृती प्राप्त आयोजनाको मुख्य संरचना, जग्गा उपयोगको क्षेत्र उल्लेख्य परिवर्तन नहुने गरी तथा मानव बस्तीमा असर नपर्ने र अनुसूची ५ बमोजिमको जलप्रवाहमा असर नपर्ने गरी आयोजनाको उत्पादन क्षमता वृद्धी गर्न सकिने छ । | नेपाल विद्युत प्राधिकरणले समय समयमा Q64 बाट Q40 र हाल Q Free गरेको कारणबाट । |
| ५. | **कार्यविधि ७** | **७.जग्गा उपलब्ध गराउनु पर्ने:**<br>(४) उपदफा (१) बमोजिम जग्गा संरक्षित क्षेत्र कायम गर्ने प्रयोजनको लागि पहिले आयोजनाको नाममा रजिष्ट्रेशन पारित गरी विभागको नाममा रजिष्ट्रेशन पारित गर्न संरक्षित क्षेत्रले सम्बन्धित मालपोत कार्यलयमा लेखि पठाउनु पर्नेछ । | **७.जग्गा उपलब्ध गराउनु पर्ने:**<br>(४) उपदफा (१) बमोजिम जग्गा संरक्षित क्षेत्र कायम गर्ने प्रयोजनको लागि पहिले आयोजनाको नाममा रजिष्ट्रेशन प्रारित गरी विभागको नाउमा रजिष्टेशन पारित गर्न संरक्षित क्षेत्रले सम्बन्धित मालपोत कार्यलयमा लेखि पठाउनु पर्नेछ । उल्लेखित अवस्थामा आयोजनालाई जग्गाको हदवन्दी लागु गरिने छैन । | भुमिसुधार मन्त्रालयको जग्गाको हदवन्दीको कारणबाट आयोजनाले धेरै जग्गा आफ्नै नाममा खरीद गर्न नमिल्ने भएकोले । |
| ६. | **कार्यविधि ९** | **९. रकम जम्मा गर्नु पर्ने:**<br>दफा (३) उपदफा (२) बमोजिमको लागत अनुमानमा आयोजना कार्यान्वयन गर्दा हटाइने रुख र बल्लाबल्लीको सख्याको दश गुणाको दरले हुने विरुवाको बृक्षारोपण गर्न लाग्ने लागत र सट्टाभर्नास्वरुप उपलब्ध गराएको जग्गामा प्रति हेक्टर एक हजार छ सयका दरले वृक्षारोपण गरी पाँच वर्षसम्म स्याहार सम्भार गर्न लाग्ने खर्च रकम समेत समावेश गर्नु पर्नेछ । | **९. रकम जम्मा गर्नुपर्ने:**<br>दफा (३) उपदफा (२) बमोजिमको लागत अनुमानमा आयोजना कार्यान्वयन गर्दा हटाइने रुख र बल्लाबल्लीको सख्याको पाँच गुणाको दरले हुने विरुवाको बृक्षारोपण गर्न लाग्ने लागत र सट्टाभर्नास्वरुप उपलब्ध गराएको जग्गामा प्रति हेक्टर एक हजार छ सयका दरले वृक्षारोपण गरी पाँच वर्षसम्म स्याहार सम्भार गर्न लाग्ने खर्च रकम समेत समावेश गर्नु पर्नेछ । | एक विरुवाको सट्टामा १० विरुवा रोप्ने अति नै धेरै संख्या भएकोले आयोजनाको लागत समेत बढ्ने भएकोले । |
| ७. | **कार्यविधि १०** | **१०. सम्झौता गर्ने:**<br>दफा (५) उपदफा (४) बमोजिम लेखि आएमा विभागले एक पक्षीय रुपमा सम्झौता रद्द गर्न सक्ने छ । | **१०. सम्झौता गर्ने:**<br>दफा (५) उपदफा (४) बमोजिम लेखि आएमा विभागले दोस्रो पक्षलाई जानकारी दिइ रद्द गर्न सक्ने छ। | सम्झौता दुईपक्ष बीचको करार भएकोले एकपक्षीयरुपमा सम्झौता रद्द गर्न मनासिव नदेखिएको । |

| क्र.सं. | संशोधन/खारेज गर्नुपर्ने दफा | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ८. | **कार्यविधि १६** | १६. क्षतीपूरक वृक्षारोपण:<br>(१) आयोजना कार्यान्वयन गर्दा हटाइएका रुखको दश गुणा बिरुवा संरक्षकले तोकेको स्थानमा आयोजनाले आफनै खर्चमा क्षतीपूरक वृक्षारोपण गरी पाँच वर्षसम्म स्याहार सम्भार गरी वृक्षारोपण गरिएका रुख, बिरुवाहरु हुर्काइ कार्यालयलाई हस्तान्तरण गर्नु पर्नेछ। | **१६. क्षती पूरक वृक्षारोपण:**<br>(१) आयोजना कार्यान्वयन गर्दा हटाइएका रुखको पाचँ गुणा बिरुवा संरक्षकले तोकेको स्थानमा आयोजनाले आफनै खर्चमा क्षेतीपूरक वृक्षारोपण गरी पाँच वर्ष सम्म स्याहार सम्भार गरी वृक्षारोपण गरिएका रुख, बिरुवाहरु ह्काई कार्यालयलाई हस्तान्तरण गर्नु पर्ने छ। | एक बिरुवाको सट्टामा १० बिस्वा रोप्ने अति नै खर्चिलो हुने भएकोले आयोजनाको लागत समेत बढ्ने भएकोले। |
| ९. | **कार्यविधि १७** | **१७. आयोजना कार्यान्वयन सर्तहरु:**<br>(१) नदी खोला थुन्दा वा फर्काउदा नदी खोलामा उच्च सुख्खा मौसम अवधि (ड्राईपिक पिरियड) भरको न्यूनतम वहावको अनुसूची ५ बमोजिम वा वातावरणीय प्रभाव अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम जुन बढी हुन्छ सोही प्राकृतिक प्रवाह (नेचुरल फ्लो) कायम रहने गरी पल प्रवाह निर्वाध खुल्ला छाड्नु पर्नेछ। | **१७. आयोजना कार्यान्वयन सर्तहरु:**<br>(१) नदी खोला थुन्दा वा फर्काउदा नदी खोलामा उच्च सुख्खा मौसम अवधि (ड्राईपिक पिरियड) भरको न्यूनतम वहावको अनुसुचि ५ बमोजिम प्राकृतिक प्रवाह (नेचरल फ्लो) कायम रहने गरी पल प्रवाह निर्वाध खुल्ला छाड्नु पर्ने छ। | पानीको न्यूनतम वहाव निर्धारण भइ सकेपछि फेरि वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनअनुसार भन्दा दोहोरो अर्थ तथा मापदण्ड स्थापना हुने भएकोले |
| १०. | **कार्यविधि १७** | **१७. आयोजना कार्यान्वयन सर्तहरु:**<br>(२) राष्ट्रिय निकुञ्ज वा आरक्ष क्षेत्रभित्र बग्ने नदीहरुमा अन्य विकल्पहरु भए सम्म सम्पूर्ण संरचनाहरु राष्ट्रिय निकुञ्ज वा आरक्ष क्षेत्रभित्र पर्ने गरी सामान्यता निर्माण गरिने छैन र एउटै नदीको प्रवाहमा एक स्थानभन्दा बढी स्थानबाट विद्युत उत्पादन गर्ने गरी सामान्यतया सहमति प्रदान गरिनेछैन। | **१७. आयोजना कार्यान्वयन सर्तहरु:**<br><br>**हटाउने** | यस दफा तथा उपदफाको पहिल्यै नै विस्तृत मात्रामा उल्लेख भइ सकेकोले उक्त दफा हटाइएको। |
| ११. | **कार्यविधि १८** | **१८. संस्था वा परिषद्को राय लिनु पर्ने:**<br>यस कार्यविधि अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार बाहेक अन्य संस्था वा समुदायले व्यवस्थापन गरेका संरक्षण क्षेत्रहरुमा यस कार्यविधि प्रयोग गर्ने सन्दर्भमा संरक्षकले विभागमा लेखि पठाउदा व्यवस्थापनको जिम्मेवारी पाएको सम्बन्धित संस्थाको प्रधान कार्यालय वा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्को राय लिई गनुपर्नेछ। | **१८. संस्था वा परिषद्को राय लिनु पर्ने:**<br>यस कार्यविधि अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार बाहेक अन्य संस्था वा समुदायले व्यवस्थापन गरेका संरक्षण क्षेत्रहरुमा यस कार्यविधि प्रयोग गर्ने सन्दर्भमा संरक्षकले विभागमा लेखि पठाउदा व्यवस्थापनको जिम्मेवारी पाएको सम्बन्धित संस्थाको प्रधान कार्यालय वा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्लाई जानकारी गराउनु पर्ने छ। | परिषद्हरु नेपाल सरकार भित्रको संरचना नभएको कारणबाट यस्ता ठाँउमा आयोजना वनाउदाँ वर्षौसम्म राय उपलब्ध नगराईकन बसि रहेको जसबाट प्रर्वद्धकको करोडौ रुपैयाको लगानीको सहि सदुपयोग हुन नसकी आयोजना लावारिसको अवस्थामा रहेको। |

<table>
<tr><th>क्र.सं.</th><th>संशोधन/खारेज गर्नुपर्ने दफा</th><th>प्रावधान</th><th>हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था</th><th>संशोधन/खारेज गर्नुपर्ने कारण</th></tr>
<tr><td>१२.</td><td>अनुसूची – २</td><td>अनुसूची – २<br>(दफा ९ को उपदफा ( १ ) संग सम्बन्धित ।)<br>संरक्षित क्षेत्रको जग्गा प्रयोग गर्नेले बभ्काउन पर्ने रकम
<table>
<tr><th>क्र.स</th><th>वनको जग्गा प्रयोग गरेको भौगोलिक क्षेत्र</th><th colspan="3">प्रति हेक्टर मूल्य रु. ३०,००,०००/-</th></tr>
<tr><th></th><th></th><th>निकुञ्ज/आरक्ष क्षेत्र</th><th>संरक्षण क्षेत्र</th><th>मध्यवती क्षेत्र</th></tr>
<tr><td>१.</td><td>तराई क्षेत्र</td><td>१०,५००,०००</td><td>७,०००,०००</td><td>३,५००,०००</td></tr>
<tr><td>२.</td><td>चुरे तथा भित्री मधेश क्षेत्र</td><td>१२,६००,०००</td><td>८,४००,०००</td><td>४,२००,०००</td></tr>
<tr><td>३.</td><td>पहाडी तथा हिमाली क्षेत्र</td><td>९,०००,०००</td><td>६,०००,०००</td><td>३,०००,०००</td></tr>
</table></td><td>अनुसूची – २<br>(दफा ९ को उपदफा ( १ ) संग सम्बन्धित ।)<br>संरक्षित क्षेत्र भित्रको आयोजनाले स्थायी संरचना - आयोजनाको बाटो बाहेक, ओगटेको जग्गाको वभ्काउन पर्ने रकम प्रति हेक्टर मल्य रु १५००,०००/- ।</td><td>जलविद्युत आयोजना निश्चत समय सिमा पछि नेपाल सरकारको स्वाभित्वमा जाने राज्यको सम्पती भएकोले र आयोजनाको लागि बढी मल्यमा राज्यसंग जग्गा खरिद गर्दा आयोजनाको लागत बढ्ने जसको कारणबाट नेपालबाट उत्पादित बिजलीको मल्य महङ्गो हने र जसवाट भविष्यमा विदेशी बजारमा समेत प्रतिष्पर्धा गर्न नसक्ने भएकोले ।</td></tr>
<tr><td>१३.</td><td>अनुसूची – ४</td><td>अनुसूची – ४<br>(दफा ११ को उपदफा (२) संग सम्बधित ।)<br>संरक्षित क्षेत्रको जग्गा प्रयोग गर्नेले बभ्काउनपर्ने रकम प्रति बर्ष
<table>
<tr><th>क्र.स</th><th>वनको जग्गा प्रयोग गरेको भौगोलिक क्षेत्र</th><th colspan="3">प्रति हेक्टर मूल्य रु. १,००,०००/-</th></tr>
<tr><th></th><th></th><th>निकुञ्ज/आरक्ष क्षेत्र</th><th>संरक्षण क्षेत्र</th><th>मध्यवती क्षेत्र</th></tr>
<tr><td>१.</td><td>तराई क्षेत्र</td><td>३५०,०००</td><td>२३५,०००</td><td>१२०,०००</td></tr>
<tr><td>२.</td><td>चुरे तथा भित्री मधेश क्षेत्र</td><td>४२०,०००</td><td>२८०,०००</td><td>१४०,०००</td></tr>
<tr><td>३.</td><td>पहाडी तथा हिमाली क्षेत्र</td><td>३००,०००</td><td>२००,०००</td><td>१००,०००</td></tr>
</table></td><td>अनुसूची – ४<br>(दफा ११ को उपदफा (२) संग सम्बधित ।)<br><br>संरक्षित क्षेत्रको अस्थायी संरचना तथा बाटो प्रयोजनको लागि प्रयोग गर्ने आयोजनाको बुभ्काउन पर्ने जग्गा भाडा रकम प्रति बर्ष १००,०००/- प्रतिहेक्टर ।</td><td>आयोजनाले प्रयोग गर्ने अस्थायी संरचना केही समयका लागि मात्रै प्रयोग गर्ने हुनाले साथै आयोजनाले वनाएको बाटो गाउँ समदायले प्रयोग गर्ने सार्वजनिक सम्पति भएकोले बाटो, पल आदिको जग्गा स्थायी संरचनाभित्र राख्न नसकिने ।</td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>संशोधन/खारेज गर्नुपर्ने दफा</th><th>प्रावधान</th><th>हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था</th><th>संशोधन/खारेज गर्नुपर्ने कारण</th></tr>
<tr>
<td>१४.</td>
<td>अनुसूची – ५</td>
<td>अनुसूची – ५<br>कार्यविधी मस्यौदा सुझाव<br>(दफा १७ को उपदफा १ संग सम्बन्धित )<br>उच्चसुख्खा मौसम अवधि (ड्राईपिक पिरियड) भर न्यूनतमजलप्रवाहको प्रतिशत
<table>
<tr><th colspan="7">विद्युत उत्पादन क्षमता मेगावाटमा</th></tr>
<tr><th>क्षेत्र</th><th>संरचनाहरु</th><th>५ सम्म</th><th>५ भन्दा माथि १० सम्म</th><th>१० भन्दा माथि २५ सम्म</th><th>२५ भन्दा माथि १०० सम्म</th><th>१०० भन्दा माथि</th></tr>
<tr><td>मध्यवती क्षेत्र</td><td>सम्पूर्ण वा आंशिक भित्र पर्ने</td><td>२५%</td><td>२५%</td><td>२०%</td><td>१५%</td><td>१०%</td></tr>
<tr><td>संरक्षण क्षेत्र</td><td>सम्पूर्ण वा आंशिक भित्र पर्ने</td><td>२५%</td><td>२५%</td><td>२०%</td><td>१५%</td><td>१०%</td></tr>
<tr><td>निकुञ्ज/आरक्ष क्षेत्र</td><td>बाधँ, हेडरेस नहर, हेडरेस पाइप, टनेल पेनस्टक पाइप, र विद्युत उत्पादन गृह मध्ये केही संरचना भित्र र केही बाहिर परेमा</td><td>४५%</td><td>४०%</td><td>३५%</td><td>२५%</td><td>२५%</td></tr>
<tr><td></td><td>सम्पूर्ण वा आंशिक भित्र पर्ने</td><td>५०%</td><td>४५%</td><td>४०%</td><td>३५%</td><td>२५%</td></tr>
<tr><td>सिमाना क्षेत्र</td><td>निकुञ्ज आरक्षको सिमाना भई बग्ने नदीहरुमा संरचना निर्माण गर्दा</td><td>३५%</td><td>३०%</td><td>२०%</td><td>२०%</td><td>१५%</td></tr>
</table>
</td>
<td>अनुसूची – ५<br>कार्यविधी मस्यौदा सुझाव<br>(दफा १७ को उपदफा १ संग सम्बन्धित )<br>उच्च सुख्खा मौसम अवधि (ड्राइपिक पिरियड) भर न्यूनतम जल प्रवाहको प्रतिसत मध्यवर्ती र सिमाना क्षेत्र –१० प्रतिशत निकुञ्ज/ आरक्ष क्षेत्र – १५ प्रतिशत ।</td>
<td>हाम्रो अधिकांश खोला तथा जलविद्युत् आयोजना उच्च पहाडी तथा हिमाली भूभागमा रहने भएको अधिकांश उच्च भुभाग मध्यवर्ति/निकन्ज र आरक्ष क्षेत्र रहेको उक्तभुभागमा खेतीको लागि खासै पानी आवश्यक नपर्ने । देशको हरितऊर्जा उत्पादनको कारणबाट राम्रो विदेशी मुद्रा आर्जन र देश स्वावलम्बनतिर अघि बढ्नको लागि जलस्रोतको भरमग्दुर प्रयोग गरी छोटो समयमा देशले आर्थिक उन्नतीको प्रमुख आधार भएकोले ।<br><br>आयोजनाको उत्पादन क्षमताको आधारमा न्यूनतम जलप्रवाह गर्नमा कुनै वैज्ञानिक आधार देखिँदैन किनकी एउटै खोलामा ठूलो आयोजनाले थोरै जल प्रवाह गर्ने र सानो आयोजनाले धेरै जल प्रवाह गर्न न्याय संगत पनि नहुने ।</td>
</tr>
</table>

## २६. खानी तथा खनिज पदार्थ ऐन, २०४२

| क्र.स. | संशोधन/खारेज गर्नुपर्ने दफा | हालको व्यवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| १. | **दफा ३क** | **३क. खनिज पदार्थको वर्गीकरण:** उपदफा (१) को (ख): (ख) खनिज पदार्थको महत्वको आधारमा वर्गीकरण: (१) अति महत्वपूर्ण खनिज, (२) महत्वपूर्ण तथा बहुमूल्य खनिज, र (३) सामान्य खनिज । | **३क. खनिज पदार्थको वर्गीकरण:** उपदफा (१) को (ख): (ख) खनिज पदार्थको महत्वको आधारमा वर्गीकरण: (१) अति महत्वपूर्ण खनिज, **(२) बहुमूल्य खनिज,** **(३) महत्वपूर्ण खनिज, र** **(४) सामान्य खनिज ।** | ऐनको दफा ३क उपदफा (१) को (ख) मा महत्वको आधारमा खनिज पदार्थलाई ४ बर्गमा बर्गिकरण गर्न आवश्यक देखिएकोले । मौजुदा ऐनमा महत्वपूर्ण र बहुमुल्य खनिज एकै बर्गिकरणमा राखिएको छ । कुनै खनिज बहुमूल्य नभए तापनि कुनै काल परिस्थितिमा महत्वपूर्ण हुन सक्छन् र कुनै खनिज बहुमुल्य भए तापनि खासै महत्वपूर्ण हुदैनन् । महत्वपूर्ण र बहुमुल्य शब्दहरु एकै बर्गिकरणमा राख्दा मुल्यको हिसाबमा कम मुल्य पर्ने खनिजलाई पनि बहुमुल्य खनिज हो भन्ने भ्रम हुन गएको छ । जस्तै: औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची-१, बुदा-७ अन्तर्गत अनुमति लिनुपर्ने उद्योगको लिष्टमा बहुमुल्य खनिज उत्खनन् उद्योग रहेको छ । तर चुनढुङ्गा खनिज मुल्यको हिसाबमा बहुमुल्य नभए तापनि एकै वर्गिकरणमा परेको हुँदा औद्योगिक व्यवसाय ऐन, २०७६ अनुसार खनिज उत्खनन् लाई अनुमति लिनु पर्ने अवस्था आएको छ । यसरि एकै प्रकृतिको उद्योगको लागि सरकारका फरक फरक निकायबाट अनुमति लिनुपर्ने अवस्था सृजना भइ खनिजमा आधारित उद्योगको काममा ठूलो बाधा व्यवधान आएको छ । |
| २. | **दफा १३ मा संशोधन** | **१३. आदेश दिन सक्ने:** विभागले खनिज कार्यबाट खानी वा खनिज पदार्थको भण्डारलाई हुनसक्ने क्षति, कसैको जीउ वा सम्पत्तिमा पर्न सक्ने चोटपटक वा नोक्सानी रोकथाम गर्न, कुनै प्रतिष्ठान इन्सटलेशनमा हानी नोक्सानी हुन नदिन र भू-क्षय हुन नदिन आवश्यक आदेश दिन सक्नेछ । | **दफा १३ को सट्टामा निम्नानुसार राख्ने:** अनुमति प्राप्त व्यक्तिले उत्खनन् कार्य गर्दा अनुमतिपत्रमा उल्लेखित सर्त वा प्रचलित कानुनविपरित काम कारवाही गरेमा त्यस्तो काम कारवाही रोक्नको लागि विभागले आदेश दिन सक्नेछ । | हालको व्यवस्था अष्पस्ट हुनुको साथै बहुअर्थ लाग्न सक्ने भएकोले । |
| ३. | **दफा १७** | **१७. सुविधा तथा सहुलियत:** अनुमति प्राप्त व्यक्तिले खनिज कार्य गर्दा पाउने सुविधा तथा सहुलियत तोकिए बमोजिम हुनेछ । | **१७. सुविधा तथा सहुलियत:** अनुमति प्राप्त व्यक्तिले खनिज कार्य गर्दा पाउने सुविधा तथा सहुलियत तोकिए बमोजिम हुनेछ । **यसका साथै आवश्यक पूर्वाधारको निम्ति निवेदन पेश गर्न सक्नेछन् ।** | खानीसम्बन्धी कार्य गर्ने कम्पनीहरुले सरकाले आवश्यक पूर्वाधार नवनाइदिएका कारण उत्पादन गर्न नसकेको दाबीको उपयुक्त समाधानको लागि यस प्रावधानको आवश्यकता देखिन्छ । |
| ४. | **दफा १९क** | हाल व्यवस्था नभएको | **दफा १९ पछि निम्नानुसार दफा १९क थप गर्ने:** १९क: खनिज पदार्थ उत्खनन्, उत्पादन, शुद्धिकरण, प्रशोधन, ढुवानी, सञ्चय वा बिक्री वितरण गर्दा माथी दफा १८ र १९ तथा अन्य प्रचलित संघीय, प्रादेशिक र स्थानीय कानुनबमोजिम बुझाउन पर्ने रोयल्टी, दस्तुर, शुल्क, भू-बहाल अनुमतिपत्रवालाको पायक पर्ने स्थानको कुनै एक निकायमा बुझाउन सक्नेछ । | खानी तथा खनिज पदार्थमा आधारित उद्योगमा लगानी अभिबृद्धी गर्न । |

| क्र.स. | संशोधन/खारेज गर्नुपर्ने दफा | हालको व्यवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| ५ . | **दफा २५ मा संशोधन** | **२५. दण्ड सजायः** (२) अनुमति प्राप्त व्यक्तिले दफा ११क. बमोजिम दिइएको निर्देशन वा दफा १३ बमोक्जमको आदेश पालन नगरेमा त्यस्तो निर्देशन वा आदेश पालन नगरेसम्म विभागले खनिज कार्य स्थगित गर्न वा **खनिज कार्य गर्ने अनुमति नै रद्द गर्न सक्नेछ** र त्यस्तो निर्देशन वा आदेश पालन नगरेको कारणबाट खानी वा खनिज पदार्थको भण्डारमा क्षति पुग्न गएमा, भू-क्षय भएमा वा कसैको जीउ वा धन सम्पत्तिमा चोटपटक वा नोक्सानी पर्न गएमा एकलाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र नोक्सानीको आधारमा मनुासिब क्षतिपुर्ति समेत अनमुनत प्राप्त व्यक्तिबाट भराउनु पर्नेछ ।<br>(४) अनुमति प्राप्त व्यक्तिले यस दफामा लेखिएदेखि बाहेक यो ऐन र यस ऐनअन्तर्गत वनेको नियम बर्खिलाप कुनै काम गरेमा विभागले निजलाई एकलाख रुपैयाँसम्म जरिवाना गर्न वा **खनिज कार्य गर्न दिइएको अनुमति रद्द गर्न सक्नेछ ।** | **२५. दण्ड सजायः** (२) अनुमति प्राप्त व्यक्तिले दफा ११क. बमोजिम दिइएको निर्देशन वा दफा १३ बमोजिमको आदेश पालन नगरेमा त्यस्तो निर्देशन वा आदेश पालन नगरेसम्म विभागले खनिज कार्य स्थगित गर्न सक्नेछ र त्यस्तो निर्देशन वा आदेश पालन नगरेको कारणबाट खानी वा खनिज पदार्थको भण्डारमा क्षति पुग्न गएमा, भू-क्षय भएमा वा कसैको जीउ वा धन सम्पत्तिमा चोटपटक वा नोक्सानी पर्न गएमा एकलाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र नोक्सानीको आधारमा मुनासिब क्षतिपुर्ति समेत अनुमति प्राप्त व्यक्तिबाट भराउनु पर्नेछ ।<br>(४) अनुमति प्राप्त व्यक्तिले यस दफामा लेखिएदेखि बाहेक यो ऐन र यस ऐनअन्तर्गत वनेको नियम बर्खिलाप कुनै काम गरेमा विभागले निजलाई एकलाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । | खानी तथा खनिज पदार्थमा आधारित उद्योगमा लगानी अभिबृद्धी गर्न । |

## २७. खानी तथा खनिज पदार्थ नियमावली, २०५६

| क्र.स. | संशोधन/खारेज गर्नुपर्ने नियम | प्रावधान | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | संशोधन/खारेज गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | **नियम ४** | (२) उपनियम (१) मा उल्लिखित खनिज पदार्थ सम्बन्धी खनिज कार्यको स्तर अनूसूची-२ बमोजिम हुनेछ । | (२) उपनियम (१) मा उल्लिखित खनिज पदार्थसम्बन्धी खनिज कार्यको स्तर अनूसूची-२ बमोजिम हुनेछ । तर खनिज पदार्थसम्बन्धी खनिज कार्यलाई सहुलियत प्रदान गर्नका लागि खनिजको प्रकार बमोजिम अधिकतम क्षेत्र तोकिए बमोजिम हुनेछ | खनिज कार्यलाई सहुलियत प्रदान गरी लगानीकर्ताहरुलाई ठुला र आर्थिक हिसाबले लाभपूर्ण खानी क्षेत्र प्रदान गर्न । यस संशोधनले मुख्यत: खानी क्षेत्रमा लगानी बढाउन तथा राष्ट्रलाई बिभिन्न खनिज पदार्थको सम्बन्धमा आत्मनिर्भर वनाई उत्पादन बढाउन सहायता पुर्याउनेछ । |
| २. | **नियम १८** | **१८ उत्खनन् कार्यको संचालन:** (१) उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले उत्खनन् कार्यको संचालन अनुमतिपत्र प्राप्त गरेको मितिले दुई वर्षभित्र गर्नु पर्नेछ । | **१८ उत्खनन् कार्यको संचालन:** (१) उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले उत्खनन् कार्यको संचालन गर्न **वन भोगाधिकार** प्राप्त गरेको मितिले दुई वर्षभित्र गर्नु पर्नेछ । | विभागले अनुमति पत्र जारी गरिसकेपछि मात्र वन भोगाधिकार प्रक्रिया शुरु गर्न सकिने व्यवस्था छ। भोगाधिकार प्राप्त गर्न लामो र जटिल प्रक्रिया पुरा गर्नु पर्दछ। धैरैजसो अवस्थामा भोगाधिकारको प्रक्रयामा नै तोकिएको समय गुज्रिसकेको हुन्छ । यस कारणले उद्यमीहरु अप्ठ्यारोमा परिरहेकाले यस व्यवस्थामा सुधार ल्याउन आवश्यक भएकोले । |
| ३. | **नियम ४२ को उपनियम (३) पछि देहाय बमोजिमको उपदफा थप गर्ने** | **हाल व्यवस्था नभएको** | ४२ (४). उपनियम (१) बमोजिम म्याद भित्र अनुमतिपत्र नवीकरण गर्न छुट भएका अनुमतिपत्रवालाहरुले यो संशोधन लागू भएको मितिले ३ महिनाभित्र अनुमति नविकरण गराउन आएमा प्रतिवर्ष रु ... का दरले थप दस्तुर लिई एकपटकको लागि अनुमतिपत्र नवीकरण गराउन सक्नेछ । | खानी तथा खनिज पदार्थमा आधारित उद्योगमा लगानी अभिवृद्धी गर्न । |
| ४. | **नियम ४८** | **४८. खनिज पदार्थको निकासीमा वनदेज** (२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले उत्खनन् गरेको खनिज पदार्थ विभागको पूर्वस्वीकृति लिई विदेशमा निकासी गर्न पाउनेछ :- (क) खनिज पदार्थको गुणस्तर यकीन गर्न वा विश्लेषण गर्न, (ख) खनिज पदार्थको बजार अध्ययनको लागि नमूना पठाउन, | **४८. खनिज पदार्थको निकासीमा वनदेज** (२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले उत्खनन् गरेको खनिज पदार्थ विभागको पूर्वस्वीकृति लिई विदेशमा निकासी गर्न पाउनेछ :- (क) खनिज पदार्थको गुणस्तर यकीन गर्न वा विष्लेषण गर्न, (ख) खनिज पदार्थको बजार अध्ययनको लागि नमूना पठाउन, **(ग) कम्तीमा एक चरणको मुल्य अभिवृद्धि गरेको खनिज पदार्थको निर्यात गरी बिक्री गर्न ।** | ऐनको दफा १४, उपदफा ९२० ले वनदेज लगाएको अवस्थामा बाहेक उत्खनन् गरको खनिज पदार्थ तोकिए बमोजिम विदेशमा निर्यात गर्न पाउने कानुनि व्यवस्था छ । तर नियमावलीमा निर्यात बिक्रीबारे प्रष्ट ब्यवस्था तोकिएको छैन । कम्तीमा एक चरणको मुल्य अभिवृद्धि गरेको खनिज पदार्थ खानी तथा भूगर्भ विभागको सिफारिसमा विदेश निर्यात गर्न पाउने कुरा नियमावलीमा थप गर्न आवश्यक देखिएकोले । |

## २८. संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४

| क्र.स. | संशोधन/खारेज गर्नुपर्ने दफा | हालको व्यवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| १. | **दफा १०.** | **१०. आवास इकाई धनीले आवास इकाइ बिक्री तथा भाडामा दिन सक्ने:** दफा ११ र सम्झौता उल्लिखित शर्तहरुका अधीनमा रही आवास इकाई धनीले आफ्नो स्वामित्वमा रहेको आवास इकाई अरु कसैलाई बेचबिखन गर्न, भाडामा दिन वा अरु कुनै पनि किसिमबाट स्वामित्व हस्तान्तरण गर्न वा भोग गर्न दिन सक्नेछ । | **१०.आवास इकाईधनीले आवास इकाइ बिक्री तथा भाडामा दिन सक्ने:** (१) दफा ११ र सम्झौता उल्लिखित शर्तहरुका अधीनमा रही आवास इकाईधनीले आफ्नो स्वामित्वमा रहेको आवास इकाई अरु कसैलाई बेचबिखन गर्न, भाडामा दिन वा अरु कुनै पनि किसिमबाट स्वामित्व हस्तान्तरण गर्न वा भोग गर्न दिन सक्नेछ । **(२) अन्य प्रचलित नेपाल कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गतको आवास ईकाई वा अपार्टमेन्ट विदेशी नागरिक वा संघसंस्थाले पनि खरिद गर्न सक्नेछ ।** | आवास ईकाई विदेशी नागरिक वा संघसंस्थाले पनि खरिद गर्न सक्नेछ व्यवस्था गर्न आवश्यक भएकोले । |

# ग. ल्याउनुपर्ने नयाँ कानुन

## १. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १०क. बमोजिम नेपाल राष्ट्र बैंकको सार्वजनिक सूचना

| क्र.सं. | हुनुपर्ने वा गर्नुपर्ने व्यवस्था | सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने कारण |
|---|---|---|
| १. | नेपाल राष्ट्र बैंकले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १०क.ले दिएको अधिकार प्रयोग गरी कुनै नेपाली व्यक्ति वा कम्पनीले विदेशमा उत्पादनमूलक तथा सूचना प्रविधि क्षेत्रमा लगानी गर्न सक्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ । | नेपालमा फस्टाएका विभिन्न उत्पादन मूलक उद्योग तथा सूचना प्रविधि उद्योगहरुले नेपाल बाहिर लगानी गरी बजार विस्तारीकरण गर्नबाट वञ्चित हुन नदिनको लागि । |

## २. पेटेण्ट डिजाइन र ट्रेडमार्क ऐन

औद्योगिक सम्पत्तिको हकमा हाल प्रचलित कानुन पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ हो । सो ऐन अघिल्लो पेटेन्ट, डिजाइन र ट्रेडमार्क कानुन, १९९३ लाई खारेज र प्रतिस्थापन गर्नको लागि वनाइएको थियो । वर्तमान ऐन पेटेन्ट, डिजाइन तथा ट्रेडमार्कको कानुनी संरक्षण र अद्यावधिक तथा यी औद्योगिक सम्पत्तिहरुमार्फत सामान्य जनमानसको सुविधा र आर्थिक लाभको परिचालनका लागि संयन्त्र प्रदान गर्ने उद्देश्यका साथ लागु गरिएको थियो । केही नेपाल ऐनलाई संशोधन गर्न वनेको ऐन २०७२ मार्फत २०७२/११/१३ मा पछिल्लो संशोधन गरी हालसम्म यो ऐन ५ पटक सम्म संशोधन भएको छ । प्रचलित ऐन धेरै पुरानो भएकाले सो ऐनमा परिमार्जित र विस्तृत प्रावधानहरूको अभाव छ र व्यावहारिक रूपमा औद्योगिक सम्पत्तिको संरक्षणमा धेरै कमजोरीहरू देखिएकाले यसमा संशोधनको धेरै आवश्यकता रहेको छ । सो ऐनलाई प्रतिस्थापन गर्ने हेतुले बौद्धिक सम्पत्तिसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न वनेको विधेयक, २०७६ ("बौद्धिक सम्पत्ति विधेयक") शीर्षकको विधेयक समेत प्रस्ताव गरिएको छ । सो विधेयकले नेपालमा समग्रमा बौद्धिक सम्पत्ति (औद्योगिक सम्पत्ति तथा प्रतिलिपी अधिकार) को सम्बन्धमा एकिकृत व्यवस्था र सुशासन सिर्जना गर्न खोजेको छ । नेपालमा बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी विभिन्न सरोकारवालाहरूको सरोकारलाई सम्बोधन गर्न सो विधेयक धेरै हदसम्म सफल भएको छ, यदिप प्रस्तावित विधेयकमा केही कमीहरू अझै पनि छन् । अतः प्रचलित पेटेण्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ खारेज गरी नयाँ **बौद्धिक सम्पत्ति विधेयक २०७६** मा निम्न बमोजिम संशोधन गरी यथाशिघ्र विधायिकामा पेश गरी पारित गराइ लागू गर्नुपर्ने आवश्यकता रहेको छ ।

| क्र.स. | संशोधन गर्नु पर्ने दफा | प्रस्तावित विधेयकमा संशोधन गर्नु पर्ने दफा | विधेयकमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | **दफा १३ (२) मा थप गरिएको** | (२) उपदफा (१) वमोजिम दर्ता भएका पेटेण्टहरूमध्ये दफा २१ वमोजिम राष्ट्रिय सुरक्षाका दृष्टिले अत्यन्तै महत्वपूर्ण देखिएका गोप्य राख्नुपर्ने विषय बाहेक अन्य पेटेण्टहरू कार्यालयले अभिलेख गरी सर्वसाधारणको जानकारीका लागि सोको सारांश सहितको सूचना अनुसूची १३ वमोजिमको ढाँचामा बुलेटिनमा प्रकाशन गर्नेछ । राष्ट्रिय सुरक्षाका दष्टिले अत्यन्तै महत्वपूर्ण देखिई गोप्य राखिएका पेटेण्टको छुट्टै गोप्य रजिस्टर खडा गरी अभिलेख राख्नु पर्नेछ । | (२) उपदफा (१) वमोजिम दर्ता भएका पेटेण्टहरूमध्ये दफा २१ वमोजिम राष्ट्रिय सुरक्षाका दृष्टिले अत्यन्तै महत्वपूर्ण देखिएका गोप्य राख्नुपर्ने विषयबाहेक अन्य पेटेण्टहरू कार्यालयले अभिलेख गरी सर्वसाधारणको जानकारीका लागि सोको सारांशसहितको सूचना अनुसूची १३ वमोजिमको ढाँचामा बुलेटिनमा प्रकाशन गर्नेछ । राष्ट्रिय सुरक्षाका दृष्टिले अत्यन्तै महत्वपूर्ण देखिई गोप्य राखिएका पेटेण्टको छुट्टै गोप्य रजिस्टर खडा गरी अभिलेख राख्नु पर्नेछ ।<br>**(२क) कार्यालयले दर्ता भएको पेटेण्टहरुको विवरण विद्युतीय रुपमा अभिलेखिकरण गरी सो को डिजिटल भण्डारण कायम राख्नु पर्नेछ । कार्यालयले सो अभिलेखलाई पूर्वज्ञान (प्रायर आर्ट) को स्रोतको रुपमा अनुसरण गरी भविष्यमा आवेदन हुने पेटेण्टको परीक्षणमा प्रयोग गर्न सक्नेछ ।** | पेटेन्ट आवेदनहरुको परीक्षण सजिलो र कुशल तवरबाट सम्पन्न गर्नका लागि कार्यालयले दर्ता भएको पेटेण्टहरुको विवरण विद्युतीय रुपमा अभिलेखिकरण गर्नु आवश्यक छ । |

| क्र.स. | संशोधन गर्नु पर्ने दफा | प्रस्तावित विधेयकमा संशोधन गर्नु पर्ने दफा | विधेयकमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| २. | **दफा १२ (१०) हटाइएको** | (१०) उपदफा (१) वा उपदफा (९) बमोजिमको सारभूत परीक्षण पश्चात् आवेदनसाथ पेश भएको पेटेण्ट प्रकाशन योग्य देखिएमा कार्यालयले **नब्बे दिनको** समय तोकी दावी विरोधका लागि त्यस्तो पेटेण्टको नमुना तथा सारांश सहित आवश्यक विवरण समावेश गरिएको सूचना अनुसूची १३ बमोजिमको ढाँचामा बुलेटिनमा प्रकाशन गर्नेछ । त्यस्तो सूचना कार्यालयले विद्युतीय माध्यमबाट समेत प्रकाशन गर्न सक्नेछ । | हटाइएको | विधेयकको दफा ८ अनुसार पेटेण्टको लागि प्राप्त आवेदनको सारसंक्षेप (एब्स्रयाक्ट्) र पूर्व ज्ञान (प्रायर आर्ट) को विवरण अनुसूची १३ बमोजिमको ढाँचामा आवेदन दर्ता मिति वा ग्राह्यता मितिको **अठार महिनापछि** कार्यालयबाट प्रकाशित हुने बुलेटिनमा प्रकाशन गरिनेछ र सो बमोजिमको सूचना प्रकाशन गर्दा कसैको कुनै दावी विरोध भए त्यस्तो दावी विरोध गर्न **नब्बे दिनको म्याद दिईने** व्यवस्था गरिएको छ । एउटै आवेदनलाई दुई पटक दावी विरोधका लागि प्रकाशन गर्नु युक्तिपूर्ण छैन। यसकारण धनी र कार्यालयमा अतिरिक्त कार्यभार पर्नेछ । यो प्रावधान कायम गरेमा कुनै बौद्धिक सम्पत्ति दर्ताको समयावधि पनि उल्लेखनीय रूपमा वृद्धि हुनेछ, जसले गर्दा दर्ताको संख्यामा कमी आउन सक्दछ। |
| ३. | **दफा २७ मा संशोधन** | **२७. पेटेण्ट अधिकारको अनिवार्य अनुमति सम्बन्धी व्यवस्थाः**<br>(१) पेटेण्ट अधिकारसम्बन्धी अनिवार्य अनुमतिपत्र जारी गर्दा रोयल्टीको दर लगायत अन्य शर्तहरु देहायका आधारमा तय गरिनेछः<br>(क) पेटेण्ट कुन उद्देश्य र कति समयसम्मका लागि उपयोग गरिने हो,<br>(ख) अनिवार्य अनुमतिको अवधीमा समेत सम्बन्धित पेटेण्ट धनीले आफ्नो पेटेण्ट कानुन बमोजिम उपयोग गर्न पाउने विषय,<br>(ग) अनुमतिमा विशेषाधिकार (एस्क्लुसिभ राइट) नहुने विषय,<br>(घ) अनुमति अन्य पक्षलाई हस्तान्तरण गर्न मिल्ने नमिल्ने,<br>(२) अनिवार्य अनुमति जारी गरिएको अवस्थामा कार्यालयले निर्धारण गरिदिएको रोयल्टी-शुल्क अनुमति वाहकले पेटेण्ट धनीलाई भुक्तान गर्नुपर्नेछ ।<br>(३) अनिवार्य अनुमतिका शर्तहरु सम्बन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ । | **२७. पेटेण्ट अधिकारको अनिवार्य अनुमति सम्बन्धी व्यवस्थाः**<br>(१) पेटेण्ट अधिकार सम्बन्धी अनिवार्य अनुमतिपत्र जारी **गर्नुअघि प्रस्तावित प्रयोगकर्ताले पेटेन्ट धनीबाट उचित व्यावसायिक शर्तका अधीनमा रही पेटेन्ट उपर अधिकार प्राप्तिका लागि उचित समयसम्म प्रयास गरेको हुनुपर्नेछ । तर नेपाल सरकारले आवश्यकताअनुसार राष्ट्रिय आपतकालीनको अवस्था वा चरम अत्यावश्यकताका अन्य अवस्था वा सार्वजनिक गैर-व्यावसायिक प्रयोगका लागि कुनै पेटेन्टमा धनीको अनुमतिविना नै अनिवार्य अनुमतिपत्र जारी गर्न सक्नेछ ।**<br>(२) पेटेण्ट अधिकारसम्बन्धी अनिवार्य अनुमतिपत्र जारी गर्दा रोयल्टीको दर लगायत अन्य शर्तहरु देहायका आधारमा तय गरिनेछः<br>(क) पेटेण्ट कुन उद्देश्य र कति समयसम्मका लागि उपयोग गरिने हो,<br>(ख) अनिवार्य अनुमतिको अवधिमा समेत सम्बन्धित पेटेण्ट धनीले आफ्नो पेटेण्ट कानुन वमोजिम उपयोग गर्न पाउने विषय,<br>(ग) अनुमतिमा विशेषाधिकार (एस्क्लुसिभ राइट) नहुने विषय,<br>(घ) अनुमति अन्य पक्षलाई हस्तान्तरण गर्न मिल्ने नमिल्ने,<br>(३) अनिवार्य अनुमति जारी गरिएको अवस्थामा कार्यालयले निर्धारण गरिदिएको रोयल्टी/शुल्क अनुमति वाहकले पेटेण्ट धनीलाई भुक्तान गर्नुपर्नेछ ।<br>(४) अनिवार्य अनुमतिका शर्तहरु सम्बन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ । | ट्रिप्स सम्झौताको धारा ३१ का अनुसार कुनै पेटेन्टको हकमा अनिवार्य अनुमतिपत्र जारी गर्नु पूर्व प्रस्तावित प्रयोगकर्ताले पेटेन्ट धनीबाट उचित व्यावसायिक शर्तका अधीनमा रही पेटेन्ट उपर अधिकार प्राप्तिका लागि उचित समयसम्म प्रयास गरेको हुनुपर्ने पूर्वाधारको परिकल्पना गरेको छ । प्रस्तावित विधेयकमा सो व्यवस्था गरिएको छैन । अतः ट्रिप्स सम्झौताको अनुपालनका लागि संशोधनको प्रस्ताव गरिएको हो । |

| क्र.स. | संशोधन गर्नु पर्ने दफा | प्रस्तावित विधेयकमा संशोधन गर्नु पर्ने दफा | विधेयकमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ४. | **दफा ४२ (६) हटाइएको** | (६) उपदफा (१) वा उपदफा (५) बमोजिमको सारभूत परीक्षण पश्चात आवेदनसाथ पेश भएको औद्योगिक डिजाइन प्रकाशन योग्य देखिएमा कार्यालयले पैंतीस दिनको समय तोकी दावी विरोधका लागि त्यस्तो औद्योगिक डिजाइनको नमुना तथा सारांश सहित आवश्यक विवरण समावेश गरिएको सूचना अनुसूची १३ बमोजिमको ढाँचामा बुलेटिनमा प्रकाशन गर्नेछ । त्यस्तो सूचना कार्यालयले विद्युतीय माध्यमबाट समेत प्रकाशन गर्न सक्नेछ । | हटाइएको | विधेयकको दफा ३८ अनुसार डिजाइनको लागि प्राप्त आवेदनको सारसंक्षेप (एब्स्ट्रयाक्ट) आवेदन दर्ता मिति वा ग्राह्यता मितिको बाह्र महिनापछि अनुसूची १३ बमोजिमको ढाँचामा कार्यालयबाट प्रकाशित हुने बुलेटिनमा प्रकाशन गरिनेछ । सो बमोजिमको सूचना प्रकाशन गर्दा कसैको कुनै दावी विरोध भए त्यस्तो दावी विरोध गर्न नब्बे दिनको म्याद दिईनेछ ।<br>एउटै आवेदनलाई दुई पटक दावी विरोधका लागि प्रकाशन गर्नु युक्तिपूर्ण छैन । यसकारण धनी र कार्यालयमा अतिरिक्त कार्यभार पर्नेछ । यो प्रावधान कायम गरेमा कुनै बौद्धिक सम्पत्ति दर्ताको समयावधि पनि उल्लेखनीय रूपमा वृद्धि हुनेछ, जसले गर्दा दर्ताको संख्यामा कमी आउन सक्दछ । |
| ५. | **दफा ४३ (२) मा थप गरिएको** | (२) उपदफा (१) बमोजिम दर्ता भएका औद्योगिक डिजाइन कार्यालयले तोकिए बमोजिम अभिलेख गरी सर्वसाधारणको जानकारीका लागि सोको सारांश सहितको सूचना अनुसूची १३ बमोजिमको ढाँचामा बुलेटिनमा प्रकाशन गर्नेछ । | (२) उपदफा (१) बमोजिम दर्ता भएका औद्योगिक डिजाइन कार्यालयले तोकिए बमोजिम अभिलेख गरी सर्वसाधारणको जानकारीका लागि सोको सारांश सहितको सूचना अनुसूची १३ बमोजिमको ढाँचामा बुलेटिनमा प्रकाशन गर्नेछ ।<br>**(२क) कार्यालयले दर्ता भएको डिजाइनहरुको विवरण विद्युतीय रुपमा अभिलेखिकरण गरी सो को डिजिटल भण्डारण कायम गर्नु पर्नेछ ।** | डिजाइन आवेदनहरुको परीक्षण सजिलो र कुशल तवरबाट सम्पन्न गर्नका लागि कार्यालयले दर्ता भएको डिजाइनहरुको विवरण विद्युतीय रुपमा अभिलेखिकरण गर्नु आवश्यक छ । |
| ६. | **दफा ५६ (६) हटाइएको** | (६) उपदफा (१) वा (५) बमोजिमको सारभूत परीक्षण पश्चात आवेदनसाथ पेश भएको ट्रेडमार्क प्रकाशन योग्य देखिएमा कार्यालयले नब्बे दिनको समय तोकी दावी विरोधका लागि त्यस्तो ट्रे डमार्कको नमुना तथा सारांश सहित आवश्यक विवरण समावेश गरिएको सूचना अनुसूची १३ बमोजिमको ढाँचामा बुलेटिनमा प्रकाशन गर्नेछ । त्यस्तो सूचना कार्यालयले विद्युतीय माध्यमबाट समेत प्रकाशन गर्न सक्नेछ । | हटाइएको | विधेयकको दफा ५२ अनुसार ट्रेडमार्कको लागि प्राप्त आवेदनको सारसंक्षेप (एब्स्ट्रयाक्ट) आवेदन दर्ता मिति वा ग्राह्यता मितिको बाह्र महिनापछि अनुसूची १३ बमोजिमको ढाँचामा कार्यालयबाट प्रकाशित हुने बुलेटिनमा प्रकाशन गरिनेछ । सो बमोजिमको सूचना प्रकाशन गर्दा कसैको कुनै दावी विरोध भए त्यस्तो दावी विरोध गर्न नब्बे दिनको म्याद दिईनेछ ।<br>एउटै आवेदनलाई दुई पटक दावी विरोधका लागि प्रकाशन गर्नु युक्तिपूर्ण छैन । यसकारण धनी र कार्यालयमा अतिरिक्त कार्यभार पर्नेछ । यो प्रावधान कायम गरेमा कुनै बौद्धिक सम्पत्ति दर्ताको समयावधि पनि उल्लेखनीय रूपमा वृद्धि हुनेछ, जसले गर्दा दर्ताको संख्यामा कमी आउन सक्दछ । |

| क्र.स. | संशोधन गर्नु पर्ने दफा | प्रस्तावित विधेयकमा संशोधन गर्नु पर्ने दफा | विधेयकमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ७. | **दफा ९१ मा संशोधन** | ९१. बौद्धिक सम्पत्ति पुनरावलोकन समिति (१) बौद्धिक सम्पत्ति सम्बन्धमा कार्यलयले यस ऐन बमोजिम गरेको निर्णयमा चित्त नबुभ्ने पक्षले दफा १०१ बमोजिम गरेको पुनरावलोकनको निवेदन सम्बन्धमा सुनुवाइ गरी निर्णय गर्नको लागि एक जना अध्यक्ष र दुइजना सदस्य रहेको बौद्धिक सम्पत्ति पुनरावलोकन समिति रहनेछ ।<br>(२) नेपाल सरकारले दफा ९२ बमोजिमको सिफारिश समितिको सिफारिशका आधारमा उपदफा (१) बमोजिमको समितिको अध्यक्षमा उद्योग, कानुन वा संस्कृति सम्बन्धी विषय हेर्ने मन्त्रालयको विशिष्ट श्रेणीको पदमा काम गरी बौद्धिक सम्पत्तिको क्षेत्रमा कम्तिमा एक वर्षको अनुभव प्राप्त गरी सकेको अवकाश प्राप्त व्यक्ति र सदस्यमा उद्योग, कानुन वा संस्कृति सम्बन्धी विषय हेर्ने मन्त्रालय वा अन्तर्गतको निकायको राजपत्राङ्कित प्रथम श्रेणीको पदमा कम्तिमा एक वर्षको अनुभव प्राप्त गरी अवकाश प्राप्त व्यक्ति मध्येबाट एक जना तथा बौद्धिक सम्पत्तिको क्षेत्रमा कम्तिमा सात वर्ष अनुभव प्राप्त गरेको अधिवक्ता मध्येबाट एक जना मनोनयन गर्नेछ ।<br>(३) समितिको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले चार वर्षको हुनेछ ।<br>तर नेपाल सरकारले चाहेमा त्यस्तो पदावधि समाप्त हुनु अगावै पनि अध्यक्ष र सदस्यमा आवश्यक हेरफेर गर्न सक्नेछ ।<br>(४) समितिले निर्णय गर्दा बहुमतको निर्णय मान्य हुनेछ । त्यसरी निर्णय गर्दा बहुमत कायम हुन नसकेमा अध्यक्षको मत निर्णायक हुनेछ ।<br>(६) समितिले यस ऐन बमोजिम गरेको निर्णय उपर सम्बन्धित उच्च अदालतमा पैंतीस दिनभित्र पुनरावेदन गर्न सकिने छ ।<br>(७) समितिको अध्यक्ष तथा सदस्यको पारिश्रमिक तथा सुविधा तोकिए बमोजिम हुनेछ ।<br>(८) समितिको सचिवालय कार्यालयमा रहनेछ। कार्यालयले सचिवालयको लागि कर्मचारी लगायत अन्य आवश्यक प्रशासनिक प्रवन्ध मिलाउनेछ।<br>(९) समितिको अध्यक्ष तथा सदस्यले समितिको कामको सिलसिलामा प्राप्त गरेको जानकारी वा सूचना गोप्य राख्नुपनेछ ।<br>(१०) समितिको अध्यक्ष तथा सदस्यले समितिले गर्ने विवाद समाधान सम्बन्धी कामका सम्वन्धमा न्याय निरुपण गर्ने अधिकारीले पालना गर्नुपर्ने उचित आचरणको पालना गर्नुपनेछ ।<br>(११) समितिको अध्यक्ष तथा सदस्यले उच्च अदालतको मुख्य न्यायाधिश समक्ष अनुसूची २६ वमोजिमको ढाँचामा पद तथा गोपनियताको सपथ ग्रहण गर्नुपनेछ ।<br>(१२) समिति सम्बन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ । | **९१. पुनरावेदन लाग्न सक्ने: (१) यस ऐनबमोजिम कार्यालयको आदेशमा चित्त नबुभ्ने व्यक्तिले ३५ दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।**<br>**(२) उपदफा (१) बमोजिम दायर हुने पुनरावेदन उच्च अदालतको वाणिज्य इजलास समक्ष पेश हुनेछ ।** | विवाद समाधानमा बौद्धिक सम्पत्ति पुनरावलोकन समितिको तह थप भएमा एउटा मुद्दा निरोपण हुनका लागि धेरै समय र खर्च लाग्ने प्रबल सम्भावना छ । यस प्रकारको समिति सञ्चालनमा अतिरिक्त स्रोत साधन र प्रशासनिक खर्च समेत हुने हुदाँ उचित छैन ।<br><br>भारतमा समेत समान अधिकारक्षेत्रको पुनरावेदन समिति गठन भएकोमा हालै सो समिति रद्द गरिएको छ ।<br><br>यसका साथै, यस प्रकारको समितिमा अधिवक्तालाई सामेल गराउनु युक्तिपूर्ण हुदैन । यसबाट निर्णय प्रक्रियामा संस्थागत र व्यावसायिक पूर्वाग्रह हुनसक्ने स्पष्ट छ । अतः प्रस्तावित बौद्धिक सम्पत्ति पुनरावलोकन समितिको गठन प्रक्रिया समेत उचित छैन । |

| क्र.स. | संशोधन गर्नु पर्ने दफा | प्रस्तावित विधेयकमा संशोधन गर्नु पर्ने दफा | विधेयकमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ८. | **दफा ९२ हटाइएको** | ९२. सिफारिस समितिः दफा ९१ वमोजिमको समितिको अध्यक्ष तथा सदस्यको सिफारिश गर्न देहाय वमोजिमको एक सिफारिश समिति रहनेछः<br>(क) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय संयोजक<br>(ख) सचिव, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय सदस्य<br>(ग) मन्त्रालयले मनोनयन गरेको बौद्धिक सम्पत्तिको क्षेत्रमा अनुभव प्राप्त वरिष्ठ अधिवक्ता वा अधिवक्ता सदस्य | हटाइएको | बौद्धिक सम्पत्ति पुनरावलोकन समितिको आवश्यकता नभएका कारण सिफरिस समितिको समेत आवश्यकता नरहेको । |
| ९. | **दफा ९३ मा थप गरिएको** | **९३. उजुरी गर्न सक्नेः**<br>(१) कसैको वौद्धिक सम्पत्ति अधिकार उल्लंघन गरी अनधिकृत रुपमा वस्तु वा सेवामा प्रयोग भएको थाहा पाएमा वा ऐनको बर्खिलाप हुने गरी प्रयोग भएको भन्ने लागेमा सरोकारवालालाई कार्यालयमा उजुरी गर्ने अधिकार हुनेछ ।<br>(२) उजुरी निवेदन प्रचलित कानुन वमोजिमको प्रक्रिया पूरा गरी नेपाली कागजमा कालो पक्का मसीले अनुसूची २५ वमोजिमको शुल्क बुझाई अनुसूची ४ वमोजिमको ढाँचामा नेपाली भाषामा दिनु पर्नेछ । त्यस्तो उजुरी वाहेकका प्रमाणका कागजातहरु नेपाली वा अंग्रेजी भाषा बाहेकका अन्य भाषामा भएमा त्यस्तो विदेशी भाषालाई अंग्रेजी भाषामा नोटरी प्रमाणित गरेको अनुवाद समेत संलग्न राख्नु पर्नेछ ।<br>(३) कानुन बमोजिमको प्रक्रिया पूरा गरी कार्यालयमा प्राप्त हुनआएको उजुरी वा दावीविरोध अनुसूचि - १५ बमोजिमको ढाँचामा मुद्धा दर्ता किताबमा दर्ता गर्नु पर्नेछ ।<br>(४) कार्यालयमा दर्ता हुन आएका उजुरीमा सम्वन्धित पक्षलाई तारेखमा राखी कार्यालयले अनुसूची-१६ बमोजिमको ढाँचामा तारेख पर्चा उपलब्ध गराउनेछ ।<br>(५) कार्यालयले उपदफा (४) बमोजिम राखेको तारेख र पेशीको अभिलेख अनुसूची - १७ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।<br>(६) दर्ता भएका उजुरी निवेदन उपर दर्ता भएको मितिले पन्ध्र दिन भित्र अनुसूची -१८ बमोजिमको ढाँचामा विपक्षीलाई लिखित प्रतिक्रिया माग गर्नु पत्राचार गर्नुपर्नेछ ।<br>(७) लिखित प्रतिक्रिया पेश गर्दा प्रचलित कानुन वमोजिमको प्रक्रिया पूरा गरी नेपाली कागजमा कालो पक्का मसीले अनुसूचि- १९ बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ । | **९३. उजुरी गर्न सक्नेः** (१) कसैको वौद्धिक सम्पत्ति अधिकार उल्लङ्घन गरी अनधिकृत रुपमा वस्तु वा सेवामा प्रयोग भएको थाहा पाएमा वा ऐनको बर्खिलाप हुने गरी प्रयोग भएको भन्ने लागेमा सरोकारवालालाई कार्यालयमा उजुरी गर्ने अधिकार हुनेछ ।<br>(२) उजुरी निवेदन प्रचलित कानुन वमोजिमको प्रक्रिया पूरा गरी नेपाली कागजमा कालो पक्का मसीले अनुसूची २५ वमोजिमको शुल्क बुझाई अनुसूची ४ वमोजिमको ढाँचामा नेपाली भाषामा दिनु पर्नेछ । त्यस्तो उजुरी वाहेकका प्रमाणका कागजातहरु नेपाली वा अंग्रेजी भाषा बाहेकका अन्य भाषामा भएमा त्यस्तो विदेशी भाषालाई अंग्रेजी भाषामा नोटरी प्रमाणित गरेको अनुवाद समेत संलग्न राख्नु पर्नेछ ।<br>(३) कानुन बमोजिमको प्रक्रिया पूरा गरी कार्यालयमा प्राप्त हुनआएको उजुरी वा दावीविरोध अनुसूचि - १५ बमोजिमको ढाँचामा मुद्धा दर्ता किताबमा दर्ता गर्नु पर्नेछ ।<br>(४) कार्यालयमा दर्ता हुन आएका उजुरीमा सम्वन्धित पक्षलाई तारेखमा राखी कार्यालयले अनुसूची-१६ बमोजिमको ढाँचामा तारेख पर्चा उपलब्ध गराउनेछ ।<br>(५) कार्यालयले उपदफा (४) बमोजिम राखेको तारेख र पेशीको अभिलेख अनुसूची - १७ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।<br>(६) दर्ता भएका उजुरी निवेदन उपर दर्ता भएको मितिले पन्ध्र दिन भित्र अनुसूची -१८ बमोजिमको ढाँचामा विपक्षीलाई लिखित प्रतिक्रिया माग गर्नु पत्राचार गर्नुपर्नेछ ।<br>(७) लिखित प्रतिक्रिया पेश गर्दा प्रचलित कानुन वमोजिमको प्रक्रिया पूरा गरी नेपाली कागजमा कालो पक्का मसीले अनुसूचि- १९ बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ । | |

| क्र.स. | संशोधन गर्नु पर्ने दफा | प्रस्तावित विधेयकमा संशोधन गर्नु पर्ने दफा | विधेयकमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | (८) कार्यालयले दर्ता रहेका उजुरीहरु दर्ता भएको मितिको आधारमा अनुसूची - २० बमोजिमको ढाँचामा साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढाई कार्यालयको सूचनापाटीमा टाँस गर्नु पनेछ । कार्यालयले त्यस्तो सूचना कार्यालयको वेबसाइटमा समेत राख्नेछ ।<br>(९) कार्यालयमा परेको उजुरीउपर सुनुवाईका दिन निर्णय भएमा अनुसूची -२१ बमोजिमको ढाँचामा राय किताबमा निर्णय गर्ने अधिकारीबाट राय लेखी प्रमाणित गर्नु पर्नेछ ।<br>(१०) कुनै वौद्धिक सम्पत्ति उपर परेको उजुरी निवेदन उपर निर्णय भएको मितिले तीस दिन भित्र अनुसूची - २२ बमोजिमको ढाँचामा निर्णयको पूर्णपाठ तयार गर्नुपर्नेछ ।<br>(११) कार्यालयले प्रत्येक महिना र बर्षमा भएका कामकारवाहीहरुको मासिक प्रतिवेदन अर्को महिनाको ७ (सात) गते भित्र र बार्षिक प्रतिवेदन अर्का आर्थिक बर्षको पहिलो महिनाको १५ (पन्ध्र) गते भित्र अनुसूची-२३ बमोजिमको ढाँचामा मन्त्रालय र सम्बन्धित उच्च अदालतमा पठाउनुपर्नेछ ।<br>(१२) विदेशी पेटेण्ट, डिजाइन र ट्रेडमार्कको हकमा निजको कानुनी प्रतिनिधि मार्फत उजुरी गर्नुपर्नेछ. | (८) कार्यालयले दर्ता रहेका उजुरीहरु दर्ता भएको मितिको आधारमा अनुसूची - २० बमोजिमको ढाँचामा साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढाई कार्यालयको सूचनापाटीमा टाँस गर्नु पर्नेछ । कार्यालयले त्यस्तो सूचना कार्यालयको वेबसाइटमा समेत राख्नेछ ।<br>**(८क) प्रतिउत्तर दाखिल भएकोमा सो भएको मितिले र प्रतिउत्तर दाखिल नभएकोमा सो हुने म्याद भुक्तान भएको मितिले नब्बे दिनभित्र मुद्दाको किनारा गर्नु पर्नेछ । सो समय अगाडिनै मुद्दा किनारा गर्न अंग पुगिसकेको भए सो मितिले तीस दिन भित्र किनारा गर्नु पर्छ । तर म्याद वा तारिख थमाउन पाउने म्याद र अनुपस्थित प्रतिवादीका तर्फबाट प्रमाण पेश हुन सक्ने म्यादभन्दा अगावै मुद्दा फैसला गर्न सकिनेछैन ।**<br>(९) कार्यालयमा परेको उजुरीउपर सुनुवाईका दिन निर्णय भएमा अनुसूची -२१ बमोजिमको ढाँचामा राय किताबमा निर्णय गर्ने अधिकारीबाट राय लेखी प्रमाणित गर्नु पर्नेछ ।<br>(१०) कुनै वौद्धिक सम्पत्ति उपर परेको उजुरी निवेदन उपर निर्णय भएको मितिले तीस दिन भित्र अनुसूची - २२ बमोजिमको ढाँचामा निर्णयको पूर्णपाठ तयार गर्नुपर्नेछ ।<br>(११) कार्यालयले प्रत्येक महिना र बर्षमा भएका कामकारवाहीहरुको मासिक प्रतिवेदन अर्को महिनाको ७ (सात) गते भित्र र बार्षिक प्रतिवेदन अर्को आर्थिक बर्षको पहिलो महिनाको १५ (पन्ध्र) गते भित्र अनुसूची-२३ बमोजिमको ढाँचामा मन्त्रालय र सम्बन्धित उच्च अदालतमा पठाउनुपर्नेछ ।<br>(१२) विदेशी पेटेण्ट, डिजाइन र ट्रेडमार्कको हकमा निजको कानुनी प्रतिनिधि मार्फत उजुरी गर्नुपर्नेछ । | |

| क्र.स. | संशोधन गर्नु पर्ने दफा | प्रस्तावित विधेयकमा संशोधन गर्नु पर्ने दफा | विधेयकमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १०. | **दफा ९४ (१) मा संशोधन** | **९४. बौद्धिक सम्पत्ति अधिकारको उल्लंघनको अवस्थामा उपचारः** (१) कुनै बौद्धिक सम्पत्ति धनीको अनुमति विना यस ऐन बमोजिमको पेटेण्ट, युटिलिटि मोडल, औद्योगिक डिजाइन, ट्रेडमार्क, भौगोलिक संकेत, समूह ट्रेडमार्क, सुपरिचित ट्रेडमार्क, अन्तर सम्बन्धित चिन्ह (एसोसिएटेड मार्क), श्रृंखला चिन्ह (सिरीज मार्क) र प्रमाणीकरण चिन्ह वा इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन सम्बन्धी बौद्धिक सम्पत्ति अधिकारयुक्त वस्तुको उत्पादन, उपयोग, बिक्रीको प्रस्ताव, बिक्री, आयात/निर्यात वा भण्डारण गरेमा बौद्धिक सम्पत्ति अधिकारको उल्लंघन भएको मानिनेछ । प्रकृयाको पेटण्टको हकमा अधिकारधनीको अनुमतिविना पेटेण्टयुक्त प्रकृयाको उपयोग गरेमा समेत बौद्धिक सम्पत्ति अधिकारको उल्लंघन भएको मानिनेछ । | **९४. बौद्धिक सम्पत्ति अधिकारको उल्लंघनको अवस्थामा उपचारः** (१) कुनै बौद्धिक सम्पत्ति धनीको अनुमति विना यस ऐन बमोजिमको पेटेण्ट, युटिलिटि मोडल, औद्योगिक डिजाइन, ट्रेडमार्क, भौगोलिक संकेत, समूह ट्रेडमार्क, सुपरिचित ट्रेडमार्क, अन्तर सम्बन्धित चिन्ह (एसोसिएटेड मार्क), श्रृंखला चिन्ह (सिरीज मार्क) र प्रमाणीकरण चिन्ह वा इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन सम्बन्धी बौद्धिक सम्पत्ति अधिकारयुक्त वस्तुको उत्पादन, उपयोग, बिक्रीको प्रस्ताव, बिक्री, आयात/निर्यात, भण्डारण वा **अन्य कुनै तवरबाट प्रयोग** गरेमा बौद्धिक सम्पत्ति अधिकारको उल्लंघन भएको मानिनेछ । प्रकृयाको पेटण्टको हकमा अधिकारधनीको अनुमतिविना पेटेण्टयुक्त प्रकृयाको उपयोग गरेमा समेत बौद्धिक सम्पत्ति अधिकारको उल्लंघन भएको मानिनेछ । | सबै प्रकारका उल्लंघनहरु लाई सम्बोधन गर्नका लागि **वा अन्य कुनै तवरबाट** प्रयोग भन्ने सन्दर्भ राख्नु उपयुक्त हुन्छ । |
| ११. | **दफा ९४ (३) मा संशोधन** | ३) उपदफा (२) बमोजिम उजुरी निवेदन प्राप्त हुन आएमा कार्यालयले सो विषयमा आवश्यक छानबिन गर्नेछ । त्यस्तो छानविनबाट बौद्धिक सम्पत्ति अधिकार उल्लंघन भएको ठहरिएमा उल्लंघनकर्ताबाट देहायानुसार क्षतिपुर्ति भराईदिन सक्नेछः<br>(क) पहिलो पटक उल्लंघन गरेकोमा पेटेण्ट वा युटिलिटि मोडलको हकमा दुइ लाख रुपैयाँ देखि दश लाख रुपैयाँसम्म र अन्य बौद्धिक सम्पत्तिको हकमा एक लाख रुपैया देखि पाँच लाख रुपैयासम्म क्षतिपुर्ति र मुद्दा मामिलामा लागेको मनासिब माफिकको खर्च उल्लंघनकर्ताबाट बौद्धिक सम्पत्ति धनीलाई भराईदिन सक्नेछ,<br>(ख) एक भन्दा बढी पटक उल्लंघन गरेकोमा क्षतिको यथार्थ रकम यकिन गर्न सकिने भएमा एकिन भएको क्षति बराबरको रकम र मुद्दा मामिलामा लागेको मनासिब माफिकको खर्च उल्लंघनकर्ताबाट बौद्धिक सम्पत्ति धनीलाई भराईदिन तथा क्षति बराबरको रकम जरिवानाको रुपमा उल्ल्घनकर्ताबाट असल उपर गर्न सक्नेछ,<br>(ग) एक भन्दा बढी पटक उल्लंघन गरेकोमा क्षतिको यथार्थ रकम यकिन गर्न नसकिने भएमा मनासिब माफिकको क्षति रकम र मुद्दा मामिलामा लागेको मनासिब माफिकको खर्च उल्लंघनकर्ताबाट बौद्धिक सम्पत्ति धनीलाई भराईदिन र त्यस्तो क्षति बराबरको रकम जरिवानाको रुपमा उल्लंघनकर्ताबाट असुल उपर गर्न सक्नेछ । | ३) उपदफा (२) बमोजिम उजुरी निवेदन प्राप्त हुन आएमा कार्यालयले सो विषयमा आवश्यक छानबिन गर्नेछ । त्यस्तो छानविनबाट बौद्धिक सम्पत्ति अधिकार उल्लंघन भएको ठहरिएमा **पेटेण्ट वा युटिलिटि मोडलको हकमा दुइ लाख रुपैयाँ देखि दश लाख रुपैयाँसम्म र अन्य बौद्धिक सम्पत्तिको हकमा एक लाख रुपैया देखि पाँच लाख रुपैयासम्म क्षतिपूर्ति र यकिन भएसम्मको क्षति बराबरको रकम** र मुद्दा मामिलामा लागेको मनासिब माफिकको खर्च उल्लंघनकर्ताबाट बौद्धिक सम्पत्ति धनीलाई भराईदिन **तथा क्षति बराबरको रकम जरिवानाको रुपमा उल्लंघनकर्ताबाट असुल उपर** गर्न सक्नेछ,<br>**(ख) उपदफा (१) बमोजिम** क्षतिको यथार्थ रकम यकिन गर्न नसकिने अवस्था भएमा मनासिब माफिकको क्षति रकम र मुद्दा मामिलामा लागेको मनासिब माफिकको खर्च उल्लंघनकर्ताबाट बौद्धिक सम्पत्ति धनीलाई भराईदिन र त्यस्तो क्षति बराबरको रकम जरिवानाको रुपमा उल्लंघनकर्ताबाट असुल उपर गर्न सक्नेछ । | विधेयकमा प्रस्तावित प्रावधानले उल्लंघनकर्ताहरूलाई उल्लंघन दोहोर्याउनका लागि प्रोत्साहित गर्दछ । तसर्थ, प्रस्तावित प्रावधानमा एक भन्दा बढी पटक उल्लंघन गरेकोमा भन्ने जस्ता सन्दर्भहरू हटाउन उपयुक्त छ । |

| क्र.स. | संशोधन गर्नु पर्ने दफा | प्रस्तावित विधेयकमा संशोधन गर्नु पर्ने दफा | विधेयकमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १२. | **दफा ९४ (५) मा संशोधन** | (५) उपदफा (३) बमोजिम कसैले बौद्धिक सम्पत्तिधनीको अधिकार उल्लंघन गरेको ठहरिएमा त्यस्तो बौद्धिक सम्पत्तिको प्रयोग गरी उत्पादन गरिएका वस्तुहरु कार्यालयले जफत गरी नष्ट गर्न वा कुनै सामाजिक वा सार्वजनिक संस्थालाई गैर व्यवसायिक कार्यमा निःशुल्क वितरण गर्ने गरी हस्तान्तरण गर्न सक्नेछ । प्राकृतिक प्रकोप जस्ता विपत्तीको समयमा कार्यालय आफैले गैरव्यवसायीक कार्यमा त्यसरी जफत भएको सामग्री वितरण गर्न सक्नेछ । | (५) उपदफा (३) बमोजिम कसैले बौद्धिक सम्पत्ति धनीको अधिकार उल्लंघन गरेको ठहरिएमा त्यस्तो बौद्धिक सम्पत्तिको प्रयोग गरी उत्पादन गरिएका वस्तुहरु कार्यालयले जफत गरी नष्ट गर्न, प्राकृतिक प्रकोप जस्ता विपत्तीको समयमा कार्यालय आफैले गैरव्यवसायिक कार्यमा त्यसरी जफत भएको सामग्री वितरण गर्न सक्नेछ । | प्रस्तावित प्रावधानमा **'वा कुनै सामाजिक वा सार्वजनिक संस्थालाई गैर व्यवसायिक कार्यमा निःशुल्क वितरण गर्ने गरी हस्तान्तरण गर्नु'** भन्ने वाक्य हटाउनु उचित हुन्छ । यसरी कुनै संस्थालाई उल्लंघनकारी वस्तु प्रयोग गर्नका लागि वितरण गरेको अवस्थामा सो वस्तुहरु गैर व्यवसायिक कार्यमा मात्रै प्रयोग हुने कुरामा विश्वस्त हुन सकिदैन र सो कुराको निरीक्षण को व्यवस्था समेत मिलाइएको छैन । यसका साथै, उल्लंघनकारी वस्तुको प्रयोगमा निरन्तरता दिंदाँ सो प्रयोगबाट धनीको प्रतिष्ठा तथा ख्यातिमा धक्का पर्ने सम्भावना विद्यमान रहन्छ । तसर्थ, सो वाक्य हटाउनु उपयुक्त हुन्छ । |
| १३. | **दफा ९४ (६) मा संशोधन** | (६) बौद्धिक सम्पत्ति अधिकारको उल्लंघन गरी उत्पादन गरिएका मालवस्तुहरु आयात निर्यात गर्न लागेको जानकारी पाएमा कार्यालयले भन्सार कार्यालय वा सम्बन्धित भन्सार कार्यालयलाई आयात निर्यात विन्दुमा नै त्यस्तो मालवस्तु जफत गर्नका लागि लेखी पठाउन सक्नेछ । यसरी कार्यालयले लेखि पठाएमा सम्बन्धित भन्सार कार्यालयले त्यस्तो मालवस्तुहरु जफत गर्नु पर्नेछ । सम्बन्धित बौद्धिक सम्पत्ति धनीले त्यस्तो निवेदन सम्बन्धित भन्सार विन्दुमा सोझै समेत दिन सक्नेछ । | (६) बौद्धिक सम्पत्ति अधिकारको उल्लंघन गरी उत्पादन गरिएका मालवस्तुहरु आयात निर्यात गर्न लागेको जानकारी पाएमा कार्यालयले भन्सार **विभाग** वा सम्बन्धित भन्सार कार्यालयलाई आयात निर्यात विन्दुमा नै त्यस्तो मालवस्तु जफत गर्नका लागि लेखी पठाउन सक्नेछ । यसरी कार्यालयले लेखि पठाएमा सम्बन्धित भन्सार कार्यालयले त्यस्तो मालवस्तुहरु जफत गर्नु पर्नेछ । सम्बन्धित बौद्धिक सम्पत्ति धनीले त्यस्तो निवेदन सम्बन्धित भन्सार विन्दुमा सोझै समेत दिन सक्नेछ । | भन्सार कार्यालय भन्ने शब्द दोहोरिएकाले पहिलो भन्सार कार्यालयको सट्टा भन्सार विभाग भनी प्रतिस्थापन गर्नु उपयुक्त हुन्छ । |

| क्र.स. | संशोधन गर्नु पर्ने दफा | प्रस्तावित विधेयकमा संशोधन गर्नु पर्ने दफा | विधेयकमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १४. | **दफा १०१ हटाइएको** | **१०१. पुनरावलोकनका लागि पुनरावेदन दिन सकिने:** (१) कुनै बौद्धिक सम्पत्तिका सम्वन्धमा यस ऐन बमोजिम कार्यालयबाट भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णयको जानकारी पाएको पैंतिस दिनभित्र कारण खुलाई आवश्यक प्रमाण कागजात सहित अनुसूची २५ वमोजिमको शुल्क बुझाई अनुसूची ४ वमोजिमको ढाँचामा समिति समक्ष पुनरावलोकनका लागि उजुरी निवेदन दिन सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम पुनरावलोकनका लागि उजुरी पेश गर्दा विद्युतीय माध्यमबाट समेत पेश गर्न सकिने गरी समितिले आवश्यक प्रवन्ध गर्न सक्नेछ ।<br>(३) उपदफा (१) वा (२) बमोजिम पुनरावलोकनका लागि उजुरी प्राप्त भएमा त्यस्तो निवेदन दर्ता भएको एक महिना भित्र समितिले उजुरी निवेदनको प्रतिलिपि साथै राखी सम्बन्धित बौद्धिक सम्पत्ति धनीलाई कानुन बमोजिमको समयावधिभित्र आफ्नो सफाइ पेश गर्ने मौका दिनेछ ।<br>(४) उपदफा (३) बमोजिमको लिखित जवाफ प्राप्त भएमा वा तोकिएको समय भित्र लिखित जवाफ पेश हुन नआएमा समितिले बढीमा तीस दिनको समयावधि तोकी सुनवाईका लागि समिति समक्ष उपस्थित हुन सूचना जारी गर्नेछ ।<br>(५) उपदफा (४) बमोजिम जारी भएको सूचनाको अवधिभित्र दुवै पक्ष समितिमा उपस्थित भएमा समितिले दुवै पक्षको रोहबरमा पुनरावलोकनका लागि प्राप्त उजुरी निवेदन उपर सुनवाई गर्नेछ ।<br>(६) उपदफा (३) बमोजिम जारी भएको सूचनाको अवधिभित्र कुनै पक्ष समितिमा उपस्थित हुन नआए पनि समितिले उजुरी निवेदन उपर छानविन तथा सुनवाई गरी निर्णय गर्नेछ ।<br>(७) उपदफा (६) बमोजिम छानविन गरी राय सुझाव पेश गर्नका लागि समितिले समितिका कुनै एक सदस्यको संयोजकत्वमा आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ । यस्तो उपसमितिमा उपसमितिले आवश्यक ठानेका सम्बन्धित क्षेत्रका विज्ञलाई समेत आमन्त्रण गर्न सक्नेछ ।<br>(८) उपदफा (७) बमोजिम समितिबाट भएको निर्णयको जानकारी कार्यालयमा प्राप्त भएपछी कार्यालयले सो पछी लगतै प्रकाशन हुने बुलेटिनमा त्यस्तो निर्णयको संक्षिप्त व्यहोरा प्रकाशित गर्नेछ । | हटाइएको | बौद्धिक सम्पत्ति पुनरावलोकन समितिको उपयोगिता नभएका कारण यो प्रावधानको समेत आवश्यकता नरहेको । |

# अनुसूचीहरू

# अनुसूची- १

## नेपाल उद्योग परिसंघ

## अग्रिम जमानत (Anticipatory Bail) को सम्बन्धमा अन्तराष्ट्रिय अभ्यासको तुलनात्मक अध्ययन र नेपालमा सो सम्बन्धी कानुनी व्यवस्था गर्न परिसंघको पहल

प्रस्तुत विषयका सन्दर्भमा भारत, बङ्गलादेश, पाकिस्तान र श्रीलङ्का लगायतका अधिकांश दक्षिण एशियाली कमन वेल्थ राष्ट्रहरूमा अग्रिम धरौट वा जमानत सम्बन्धमा भएको कानुनी व्यवस्थाहरुको तुलनात्मक अध्ययन गरी उक्त राष्ट्रहरुको अग्रिम धरौट वा जमानत सम्बन्धी सर्वोत्तम अभ्यासहरूका आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ मा संशोधन गरी दफा ९ पछि दफा ९क. थप गर्नसिफारिस गरिएको छ।

### क. दक्षिण एसियामा "अग्रिम धरौट वा जमानत" (जसलाई पूर्व-गिरफ्तारी जमानत वा अग्रिम जमानत पनि भनिन्छ)

१. **नियमन गर्ने कानुनः**अधिकांश देशहरुमा फौजदारी कानुनले अग्रिम जमानत दिने व्यवस्था गरेको देखिन्छ। तर श्रीलंकामा अग्रिम जमानत दिने व्यवस्था जमानत ऐन (सन् १९९७) को नं. ३० ले गरेको पाइन्छ।

२. **सम्बन्धित कानुनी प्रावधानहरूः** भारतको फौजदारी कार्यविधि संहिताको दफा ४३८र श्रीलंकाको जमानत ऐन (१९९७ को ३० नम्बर) को दफा २१ मा स्पष्ट रूपमा अग्रिम जमानतको व्यवस्था गरेको पाइन्छ (अनुसूची १ - भारत र श्रीलङ्काको कानुनमा अग्रिम जमानत सम्बन्धी रहेको व्यवस्था मा उल्लेख गरिएको)।

पाकिस्तान र बंगलादेशको हकमा भने फौजदारी कार्यविधि संहिताले अग्रिम जमानत दिने कुनै विशेष व्यवस्था नगरेको भएतापनि अदालतहरूले प्रचलित फौजदारी कानुनको व्याख्या गरी पूर्व गिरफ्तारी जमानत दिने गरिएको पाइन्छ।

पाकिस्तानको फौजदारी कार्यविधि संहिता १८९८ को दफा ४९७ ले गैर-जमानती कसुरको हकमा जमानत दिन सकिने र दफा ४९८ ले धरौट वा जमानत प्रदान गर्ने वा घटाउने अधिकार सम्बन्धी व्यवस्था गरेको छ। सोहि व्यवस्थाहरुको आधारमा अदालतले अग्रिम जमानत प्रदान गर्ने गरेको पाईन्छ। उदाहरणको लागि Hidayat Ullah Khan v. Crown, 1948 (PLD 1949 Lahore 21) को मुद्धाद्वारा निर्दोष मानिसहरुलाई कानुनको प्रक्रियाको दुरुपयोगबाट जोगाउन अग्रिम जमानत दिइन्छ भनी ठहर भएको थियो [अनुसूची २ - पूर्व गिरफ्तारी जमानत (Pre–Arrest Bail or Anticipatory Bail) सम्बन्धी पाकिस्तानको नजिर]।

त्यसैगरी बंगलादेशको फौजदारी कार्यविधि संहिता १८९८ (दफा ४९७) गैर-जमानती कसुरको हकमा जमानत दिन सकिने र दफा ४९८ - धरौट वा जमानत प्रदान गर्ने वा घटाउने अधिकार सम्बन्धी व्यवस्थाहरुकै आधारमा अदालतले अग्रिम जमानत प्रदान गर्ने गरेको छ। उदाहरणको लागि Sadiq Ali vs. the State [18 DLR (SC) 393] को मुद्दाद्वारा सर्वोच्च अदालतले पक्राउको आशंका गरेको तर हिरासतमा अझै नलिएको व्यक्तिलाई उपयुक्त मुद्दामा धरौटीमा रिहा गर्न सकिने ठहर गरिएको थियो [अनुसूची ३ -पूर्व गिरफ्तारी जमानत (Pre–Arrest Bail or Anticipatory Bail) सम्बन्धी बंगलादेशको नजिर]। सोहि अनुसूची ३ मा State vs. Abdul Wahab Shah Chowdhury [51 DLR (AD) 242] मुद्धाले अग्रिम जमानत सम्बन्धी ठहर गरेको व्यहोरा समेत संलग्न गरिएको छ।

३. **अग्रिम जमानतको व्यवस्था गरिएको परिच्छेदः** उक्त देशहरुको फौजदारी कानुनमा जमानत सम्बन्धी परिच्छेदमा अग्रिम जमानत सम्बन्धी व्यवस्था गरेको पाइन्छ।

४. **अग्रिम जमानत प्रदान गरिने कसुरहरूः** कुनै व्यक्ति निम्न उल्लेखित अवस्थमा गिरफ्तार हुन सक्छ भन्ने आशंका वा मनासिब शंका भएमा,

(क) कसुर गरेको आशंका गरिएको वा,

(ख) गैर-जमानती कसुर (non–bailable offence) गरेको

गैर-जमानती कसुर सामान्यतया जघन्य कसुर र मृत्युदण्ड, आजीवन कारावास, वा तीन वर्ष वा सात वर्ष भन्दा बढी कारावास हुन सक्ने अधिक दण्ड हुने कसुर हुन सक्छ। उदाहरणका लागिः कर्तव्य ज्यान र आपराधिक विश्वासघात।

५. **अग्रिम जमानत नदिने कसुरहरुः** १२ वर्षभन्दा कम उमेरका नाबालकमाथि जबर्जस्तीकरणी, १६ वर्ष भन्दा कम उमेरको नाबालकको सामूहिक जबर्जस्ति करणी।

६. **कहिले र कहाँनिवेदन दिने :** भविष्यमा गिरफ्तार हुन सक्ने सम्भावना भएको व्यक्तिले अपराधको गम्भीरताको आधारमा जिल्ला अदालत वा उच्च अदालतमा निवेदन दिन सक्नेछ। भारतमा जाहेरी दायर (FIR) गर्नु अघि निवेदन दिन सकिन्छ भने, पाकिस्तान र बङ्गलादेशमा जाहेरी वा उजुरीको प्रतिलिपिको संलग्न गर्नु पर्दछ। अग्रिम जमानतको निवेदन अभियोग पत्र दायर गर्नु पुर्व नै पेश गर्नुपर्छ।

७. **अग्रिम जमानतको अवधिः** अग्रिम जमानत सीमित अवधिको लागि दिइन्छ

(क) सामान्यतया ८ हप्ताको अवधि सम्म दिइन्छ, जुन बढाउन सकिने हुन सक्छ, वा

(ख) अनुसन्धानको प्रक्रिया अगाडी बढाइएकोमा प्रमाण प्राप्त नभएसम्म, वा

(ग) अभियोगपत्र दर्ता नभएसम्म।

८. **अग्रिम जमानत प्रदान गरिने आधार र अवस्थाः**

(क) निर्दोष हुन सक्ने सम्भावना भएको व्यक्तिहरूको लागि प्रदान गरिने यो विशेष संरक्षण हो।

(ख) निवेदकसँग आफु गैर-जमानती अपराधमा गिरफ्तार हुन सक्ने मनासिव विश्वास हुनुपर्दछ।

(ग) निवेदकले आफ्नो गिरफ्तारी अनुसन्धानको लागि आवश्यक नभएको पुष्टी गर्नुपर्दछ।

(घ) यदि प्रहरी वा अभियोजन पक्षको तर्फबाट बदनीयत, वा द्वेषपूर्ण अभियोगको सम्भावना देखिएमा।

(ङ) यदि निवेदकलाई हानी पुर्याउने वा अपमान गर्ने उद्देश्यले कारबाहि गरिएको भएमा।

(च) निवेदकले अनुसन्धानको क्रममा सहयोग गर्ने र आवश्यकता

अनुसार प्रहरीसमक्ष सोधपुछको लागि उपस्थित हुने तत्परता देखाउनुपर्छ ।

(छ) निवेदकले प्रमाण लोप नगर्ने वा प्रमाण संकलन गर्ने कार्यमा हस्तक्षेप नगर्ने सुनिश्चितता गर्नुपर्दछ ।

(ज) निवेदकले मुद्दाको तथ्यसँग परिचित कुनै पनि व्यक्तिलाई अदालत वा कुनै प्रहरी कार्यालयमा त्यस्ता विवरणहरू खुलासा नगर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै प्रलोभन, वा धम्की दिएको हुनुहुदैन ।

(झ) यस प्रयोजनका लागि, निवेदकको विगतको आपराधिक रेकर्डमा उसले यसअघि अदालतबाट कुनै पनि गंभिर कसुरमा जेल सजाय भोगेको छ कि छैन हेर्न सकिन्छ ।

(ञ) निवेदक अदालतको स्वीकृति विना न्यायिक प्रक्रिया वा देशबाट भाग्ने छैन भन्ने कुरामा अदालत सन्तुष्ट हुनुपर्छ ।

**९ . अग्रिम जमानत अस्वीकार गर्ने आधारहरू:**

(क) निवेदकले साक्षीहरूलाई प्रभाव पार्ने वा प्रमाणहरू संकलनमा हस्तक्षेप गर्ने वा प्रमाण लोप पार्ने सम्भावना भएमा ।

(ख) निवेदक फरार र अनुसन्धानबाट भाग्ने सम्भावना भएमा ।

(ग) निवेदकले अनुसन्धानमा गरेको सहयोग प्रति अदालत सन्तुष्ट नभएमा ।

(घ) अभियुक्त जमानतमा रिहा भएकोमा अपराध दोहोरिने खतरा हुने अवस्था भएमा; र

(ङ) अभियुक्त यसअघि कैद सजाय पाइसकेको भएमा ।

## ख. नेपालको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा संशोधनको लागि सिफारिस:

नेपालको संविधानको धारा १६ (१) प्रत्येक व्यक्तिलाई सम्मानपुर्वक बाच्न पाउने हक र धारा १७ (१) कानुन बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट बञ्चित नगरिने संवैधानिक प्रत्याभुति र धारा २० (५) कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिने संवैधानिक व्यवस्थालाई मुर्त रुप प्रदान गर्नका निमित्त मुलुकी फौजदारी कार्याविधि संहिता, २०७४ मा निम्न बमोजिमको संशोधन गरी गराई अग्रिम धरौट, जमानतको कानुनी व्यवस्था गर्न अपरिहार्य रहेको छ । अग्रिम धरौट, जमानत सम्बन्धी अन्य मुलुकको कानुनी र न्यायिक आचरण समेतको दृष्टान्तहरु सहित अग्रिम जमानत सम्बन्धी विद्यमान अन्तर्राष्ट्रिय अभ्यासहरूलाई ध्यानमा राख्दै, नेपालको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा अग्रिम जमानत सम्बन्धी कानुनी व्यवस्थाहरू गर्नका लागि निम्नानुसारसंशोधन गर्न अनुरोध गर्दछौ ।

| विषय | सिफारिस |
|---|---|
| **अग्रिम जमानतको प्रावधान कहाँ थप गर्ने** | **परिच्छेद: २ अन्तर्गत दफा ९ पछि देहायको दफा ९क. थप गर्ने :-**<br>**९क. अग्रिम जमानत वा धरौट (एन्टिसिपेटरी बेल) दिन सकिने:**<br>(१) कुनै व्यक्तिलाई आफु कुनै कसुरमा पक्राउ पर्न सक्ने सम्भावना छ भन्ने लागेमा वा पक्राउ पूर्जी जारी भएमा वा पक्राउ पूर्जी जारी भइ हिरासतमा राखिएकोभएमा निजले अग्रिम जमानत वा धरौटको लागि जिल्ला अदालत वा उच्च अदालतमा निवेदन दिन सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम परेको निवेदनलाई सम्बन्धित अदालतले प्राथमिकतामा राखि सुनुवाई गरी देहायको अवस्थामा तत्कालै अग्रिम जमानत राख्ने आदेश दिन सक्नेछ ।<br>(क) निवेदकले प्रमाण संकलन गर्ने कार्यमा हस्तक्षेप गर्ने वा प्रमाण लोप गर्ने सम्भावना नदेखिएमा,<br>(ख) निवेदकलाई हानी पुर्याउने वा अपमान गर्ने उद्देश्यले पक्राउ गर्न लागिएको देखिएमा,<br>(ग) निवेदकले मुद्दाको अनुसन्धानको क्रममा सहयोग गर्ने र अनुसन्धान गर्ने निकाय समक्ष बयानका लागि उपस्थित हुने तत्परता देखाएमा,<br>(घ) प्रहरी वा अभियोजन पक्षको तर्फबाट बदनीयत वा द्वेषपूर्ण तरिकाले अभियोजन गर्न सक्ने सम्भावना देखिएमा,<br>(ङ) निवेदक यस अघि अदालतबाट कुनै गंभिर फौजदारी कसुरमा दोषी ठहर भएको नदेखिएमा,<br>(३) उपदफा (२) बमोजिम अग्रिम जमानत वा धरौट दिने गरी आदेश गर्दा अदालतले उपयुक्तशर्तहरु तोक्न सक्नेछ ।<br>(४) उपदफा (१) बमोजिमको निवेदन अदालतमा अभियोग पत्र दर्ता भएपछि दिन सकिने छैन ।<br>(५) यस दफा बमोजिम प्राप्त अग्रिम जमानत वा धरौट अभियोग पत्र दर्ता भई थुनछेकको आदेश नभए सम्मको लागि कायम रहनेछ ।<br>(६) उपदफा (२) बमोजिम जमानत वा धरौटमा रहेको व्यक्तिलाई उक्त धरौट जमानतको आदेश अवस्था कायम रहुन्जेल सम्म पक्राउ गर्ने अनुमति प्रदान गरिने छैन । पुर्वमा जारी भएको पक्राउ अनुमति वा पुर्जी समेत अन्यथा नभएसम्म स्थगित भएको मानिनेछ ।<br>(७) यस दफा बमोजिम निबेदकले अग्रिम जमानत वा धरौटको माग गरेको कसुरको हकमा निवेदन गर्नं पूर्व नै कुनै अदालतबाट निवेदकको नाउँमा पक्राउ पुर्जी जारी भईसकेको रहेछ भने यस दफा बमोजिम अग्रिम जमानत वा धरौटको आदेश भएमा त्यस्तो पक्राउ पुर्जी स्वत: निष्क्रिय भएको मानिनेछ ।<br>(८) जिल्ला अदालतबाट वा धरौट वा जमानतको आदेश जारी नभएमा वा जारी भएको जमानत वा धरौट आदेश खारेज भएमा वा सो उपर उच्च अदालतमा पुन: निवेदन दिन सकिने र उच्च अदालततबाट उक्त निवेदनमा प्रत्यक्षिकरण सरहको प्राथमिकता प्रदान गरिनेछ । |

## ग. नेपालको उच्च अदालत नियमावली, २०७५ मा संशोधनको लागि सिफारिसः

अग्रिम जमानत वा धरौटको निवेदनलाई प्राथमिकतामा राखि सुनुवाई गर्नका लागि उच्च अदालत नियमावली, २०७५ मा निम्न बमोजिम संशोधन गर्न सिफारिस गरिएको छः

| विषय | सिफारिस |
|---|---|
| **दैनिक मुद्दा पेशी सूचीमा प्राथमिकता** | **अनुसूची - २ख. अन्तर्गत क्रम संख्या (क) मा रहेको वनदीप्रत्यक्षीकरण पछि देहाय बमोजिम "अग्रिम जमानत वा धरौटको निवेदन" थप गर्ने :-**<br>**अनुसूची - २ख.**<br>(नियम ८४ को उपनियम (३) को खण्ड (क) सँग सम्बन्धित)<br>**प्राथमिकता प्राप्त मुद्दा**<br>(क) वनदीप्रत्यक्षीकरण, अग्रिम जमानत वा धरौटको निवेदन, |

## घ. नेपालको जिल्ला अदालत नियमावली, २०७६ मा संशोधनको लागि सिफारिसः

अग्रिम जमानत वा धरौटको निवेदनलाई प्राथमिकतामा राखि सुनुवाई गर्नका लागि जिल्ला अदालत नियमावली, २०७५ मा निम्न बमोजिम संशोधन गर्न सिफारिस गरिएको छः

| विषय | सिफारिस |
|---|---|
| **दैनिक मुद्दा पेशी सूचीमा प्राथमिकता** | अनुसूची - ३ख. अन्तर्गत क्रम संख्या (क) मा रहेको वनदीप्रत्यक्षीकरण पछि देहाय बमोजिम "अग्रिम जमानत वा धरौटको निवेदन" थप गर्ने :-<br>अनुसूची - २ख.<br>(नियम ४५ को उपनियम (२) को खण्ड (क) सँग सम्बन्धित)<br>**प्राथमिकता प्राप्त मुद्दा**<br>(क) वनदीप्रत्यक्षीकरण, अग्रिम जमानत वा धरौटको निवेदन, |

अनुसूची १

# भारत र श्रीलङ्काको कानुनमा अग्रिम जमानत सम्बन्धी रहेको व्यवस्था

## १. भारत: फौजदारी कार्यविधि संहिता १९७३ (The Code of Criminal Procedure, 1973)[1]

**Section 438. Direction for grant of bail to person apprehending arrest:-**

(1) Where any person has reason to believe that he may be arrested on accusation of having committed a non-bailable offence, he may apply to the High Court or the Court of Session for a direction under this section that in the event of such arrest he shall be released on bail; and that Court may, after taking into consideration, inter alia, the following factors, namely:—

- (i) The nature and gravity of the accusation;
- (ii) The antecedents of the applicant including the fact as to whether he has previously undergone imprisonment on conviction by a Court in respect of any cognizable offence;
- (iii) The possibility of the applicant to flee from justice; and
- (iv) Where the accusation has been made with the object of injuring or humiliating the applicant by having him so arrested,

Either reject the application forthwith or issue an interim order for the grant of anticipatory bail:

Provided that, where the High Court or, as the case may be, the Court of Session, has not passed any interim order under this sub-section or has rejected the application for grant of anticipatory bail, it shall be open to an officer in-charge of a police station to arrest, without warrant the applicant on the basis of the accusation apprehended in such application.

(1A) Where the Court grants an interim order under sub-section (1), it shall forthwith cause a notice being not less than seven days notice, together with a copy of such order to be served on the Public Prosecutor and the Superintendent of Police, with a view to give the Public Prosecutor a reasonable opportunity of being heard when the application shall be finally heard by the Court.

(1B) The presence of the applicant seeking anticipatory bail shall be olbigatory at the time of final hearing of the application and passing of final order by the Court, if on an application made to it by the Public Prosecutor, the Court considers such presence necessary in the interest of justice.".

(2) When the High Court or the Court of Session makes a direction under sub-section (1), it may include such conditions in such directions in the light of the facts of the particular case, as it may think fit, including—

- (i) a condition that the person shall make himself available for interrogation by a police officer as and when required;
- (ii) a condition that the person shall not, directly or indirectly, make any inducement, threat or promise to any person acquainted with the facts of the case so as to dissuade him from disclosing such facts to the Court or to any police officer;
- (iii) A condition that the person shall not leave India without the previous permission of the Court;
- (iv) Such other condition as may be imposed under sub-section (3) of section 437, as if the bail were granted under that section.

(3) If such person is thereafter arrested without warrant by an officer in charge of a police station on such accusation, and is prepared either at the time of arrest or at any time while in the custody of such officer to give bail, he shall be released on bail; and if a Mjgistrate taking cognizance of such offence decides that a warrant should be issued in the first instance jgainst that person, he shall issue a bailable warrant in conformity with the direction of the Court under sub-section (1). 2

(4) Nothing in this section shall apply to any case involving the arrest of any person on accusation of having committed an offence under sub-section (3) of section 376 or section 376AB or section 376DA or section 376DB of the Indian Penal Code (45 of 1860).

[1]·Link to the Indian Code of Criminal Procedure, 1973THE CODE OF CRIMINAL PROCEDURE, 1973 (indiacode.nic.in)

## २. श्रीलङ्का: जमानत ऐन, १९९७[Bail Act (No. 30 of 1997)][2]

**Section 21. Anticipatory bail**

(1) When any person has reason to believe that he may be arrested on account of his being suspected of having committed, or been concerned in committing, a non-bailable offence he may with notice to the officer in-charge of the police station of the area in which the offence is alleged to have been committed, apply to the Mjgistrate having jurisdiction over the area in which such offence is alleged to have been committed, for a direction that in the event of his arrest on the allegation that he is suspected of having committed, or been concerned in the commission of, such offence he shall be released on bail.

(2) An application made under subsection (I) shall be accounted by an affidavit made by the applicant.

(3) The court to which an application under this section is made. shall forthwith on receipt of the application, fix a date for inquiry into the application, which date shall not be any event later than seven days from the date of the application, and shall issue notice of such date to the applicant and the officer in charge of the police station.

(4) On the date fixed for the inquiry, the court, after hearing the applicant personally or by his attorney-at-law, and the officer-in charge of police station, if he is present, shall forthwith make order on the application, recording the reasons for making such order.

[2] Link to Sri Lankan Bail Act 1997: Bail Act (No. 30 of 1997) - Sect 21 (commonlii.org)

# पूर्व गिरफ्तारी जमानत (Pre–Arrest Bail or Anticipatory Bail) सम्बन्धी पाकिस्तानको नजिर

**Hidayat Ullah Khan v. Crown, 1948 (PLD 1949 Lahore 21)**

In the case of Hidayat Ullah Khan v. Crown, 1948 (PLD 1949 Lahore 21), it was held that, anticipatory bail is granted to protect innocent beings from abuse of process of law, therefore a petitioner who sought anticipatory bail should have been able to demonstrate that intended arrest was with malafide intentions or abuse of process of law, wherein Court must not hesitate to rescue innocent.[3]The High Court declared that it had power under section 498 of the Criminal Procedure Code to make an order to grant bail to a person who was suspected of an offence for which he or she may be arrested by a police officer or the court.[4]

**Following key points were decided by Justice Cornelius:**

- Not only good prima facie ground should be made out but also that arrest would be from ulterior motives or that it would cause irreparable harm.
- In proper case, the High Court has power under section 498 of The Code of Criminal Procedure to make an order that a person who is suspected of an offence for which he may be arrested by police or court , shall be admitted to bail .
- This power should be confined only to cases in which , not only is good prima facie ground made out for grant of bail but also it should be shown that if petitioner was refused bail , such an order would , in all probability, be made not from motives of furthering the ends , of justice in relation to the case , but from some ulterior motive and with the object of injuring the petitioner
- That the petitioner would in such eventuality suffer irreparable loss.
- Power would require to be exercised with very greatest care and restricted to exceptional case.[5]

3. Pak SC | Anticipatory bail: An extraordinary remedy in criminal law – Person seeking pre-arrest bail must demonstrate malafide intention in arrest | SCC Blog (scconline.com)
4. Anticipatory Bail - An Extraordinary Judicial Intervention? - Courting The Law
5. What is Anticipatory or Pre Arrest Bail ? How it evolved in Pakistan? – Law Evangelist

**यस मुद्दामा निम्न सिद्धान्तहरु प्रतिपादन भएको छः**

- निर्दोष मानिसहरुलाई कानुनको प्रक्रियाको दुरुपयोगबाट जोगाउन अग्रिम जमानत दिइन्छ,
- अग्रिम जमानत माग गर्ने निवेदकले आफुलाई कानुनको प्रक्रियाको दुरुपयोग गरी वा बदनियतका साथ प्रक्राउ गर्न लागिएको तथ्य स्थापितगर्नुपर्ने,
- अदालतले निर्दोषलाई जोगाउन हिचकिचाउनु नहुने ।
- फौजदारी कार्यविधि संहिताको दफा ४९८ बमोजिम कुनै अपराधमा प्रहरी वा अदालतबाट प्रक्राउ पर्न सक्ने आशंका भएको व्यक्तिलाई जमानत दिन सक्ने अधिकार उच्च अदालतलाई रहेको ।

*अनुसूची ३*

# पूर्व गिरफ्तारी जमानत (Pre–Arrest Bail or Anticipatory Bail) सम्बन्धी बंगलादेशको नजिर

a. **Sadiq Ali vs. the State [18 DLR (SC) 393]:** The Hon'ble Supreme Court held that a person entertaining apprehension of arrest but not yet taken into custody may be released, in appropriate cases, on bail.

   **यस मुद्दामा निम्न सिद्धान्तहरु प्रतिपादन भएको छः**
   सर्वोच्च अदालतले पक्राउको आशंका गरेको तर हिरासतमा अझै नलिएको व्यक्तिलाई उपयुक्त मुद्दामा धरौटीमा रिहा गर्न सकिने ठहर गरिएको थियो ।

b. **State vs. Abdul Wahab Shah Chowdhury [51 DLR (AD) 242]:** In this landmark case, the Hon'ble Division, for the first time, categorically explained the concept, the exceptional circumstances and the period for which pre-arrest bail may be granted. According to the then learned Attorney General, motive of political victimization or otherwise a malicious prosecution, physical incapacity for seeking bail due to serious illness to travel a long distance and volatile public sentiment which is not congenial for his appearance are, though not exhaustive, the special circumstances under which anticipatory bail may be granted.[6]

   यस मुद्दामा माननीय महाशाखाले, पहिलो पटक, कस्तो प्रकारको विशेष अवस्था र कति अवधिको लागि पूर्व गिरफ्तारी जमानत दिन सकिने मामिलामा स्पष्ट रुपमा व्याख्या गरेको पाइन्छ ।

6. https://static.shishirmanir.com/uploads/store/research/71a3a9cf-c067-484a-aa77-c42c58d3c7f3/document/9436ef45a034fa4834821c470d4d3345.pdf

**CONFEDERATION OF NEPALESE INDUSTRIES (CNI)**
P.O .Box No. 21056, Trade Tower, 5th floor, Thapathali, Kathmandu
Tel: 977-01-5111122/5111123
Email: cni@cnind.org | Website: www.cni.org.np

ISBN
9 789937 150873